# तपाईंको वचन मेरो पाउको लागि बत्ती हो: आजको लागि बाइबल

लेखक:
जोनाथान उई कुन्तराफ
काथलिन कियिम होया उइ कुन्ताराफ
अनुवादक
भजुराम श्रेष्ठ

**यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:**

१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: क्लिफोर्ड गोल्डस्टाईन

उप-सम्पादक: लिन्डेल ब्रावर चिओमेन्टी
सह-सम्पादक: लारी एस. ग्रे
प्रकाशक अधिकृत: सोरायाहोमियानी पारिश
चित्र लेखन र योजनाकार: लार्स जस्टिनिन् र देभर दिजाईन
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्ने: जितेन्द्र श्रेष्ठ
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र रूपान्तरको लागि आधिकारिक अनुमती प्रदान
रन वाट्स, अध्यक्ष, दक्षिण एशिया डीभिजन
ईन्टरनेट ठेगाना: www.nepalworks.com/bhajupurna

स्थानीय प्रकाशक
काठमाण्डौ उपत्यका सेभेन्थ डे एडभेन्टिष्ट चर्च
पाष्टर उमेश कुमार पोखरेल- अध्यक्ष- ६६३७१८१
पाष्टर नसिव कृष्ण बस्नेत- ६६३१२८४
एल्डर भजुराम श्रेष्ठ-५५२७८३०
एल्डर कुबेर लामिछाने
सुरसा बुढामगर
शिला खाम
उमा श्रेष्ठ
कम्प्यूटर लेआउट
संदीप कुमार साह

प्रतिलिपि अधिकार (Copyright) जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिष्ट चर्च, सावथ स्कुल विभाग
प्रथम संस्करण:: २०६३ (ई.सं. २००७)

(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नु होला)

## विषय सूची


१ आकाशवाणी वा स्वर्गबाट आवाज

२ अन्तिम वचन

३ बाइबलका भविष्यवाणी पूरा हुन्छ

४ बाइबल  भरपर्दो छ, बाइबललाई तपाईं विश्वास गर्न सक्नुहुन्छ

५ जव चट्टानले चित्कार गर्दछ

६ बाइबल र विज्ञान

७ परमेश्वरको वचन हाम्रो जीवनको नशामा

८ आशाको किरण प्रकट हुन्छ

९ बाइबल र स्वस्थ जीवन

१० बाइबल र सुख समृद्धि

११ दैनिक जीवनको लागि बाइबलबाट ज्ञानबुद्धिको अगुवाई

१२ परमेश्वरको वचनमा बलियो भएर बढ्नु

१३ परमेश्वरको वचन सदासर्वदा अटल छ

त्रैमासिक बाइबल अध्ययन

चैत-वैशाख-जेठ, २०६३-६४ (२००७)

**बिषय शूची**


१ आकाशवाणी वा स्वर्गबाट आवाज-

मार्च ३१-अप्रिल ६, चैत्र १७-२३,२००७

२ अन्तिम वचन-

अप्रिल ७-१३-चैत्र २४-३०

३ बाइबलका भविष्यवाणी पूरा हुन्छ-----

अप्रिल १४-२०- वैशाख १-७

४ बाइबल भरपर्दो छ, बाइबललाई तपाइँ विश्वास गर्न सक्नुहुन्छ-

अप्रिल २१-२७-बेशाख ८-१४

५ जव चट्टानले चित्कार गर्दछ -

अप्रिल २८-मे ४- वैशाख १५-२१

६ बाइबल र विज्ञान--------------

मे ५-११, वैशाख २२-२८

७ परमेश्वरको बवन हाम्रो जीवनको नशामा-----

मे १२-१८- वैशाख २९-जेठ ४

८ आशाको किरण प्रकट हुन्छ------

-मे १९-२५- जेठ ५-११

९ बाइबल र स्वस्थ जीवन-

मे २६-जुन १- जेठ १२-१८

१० बाइबल र सुख समृद्धि-

जुन २-८-जेठ १९-२५

११ दैनिक जीवनको लागि बाइबलबाट ज्ञानबुद्धिको अगुवाई----

जुन ९-१५-जेठ २६-असार १

१२ परमेश्वरको वचनमा बलियो भएर बढ्नु----

जुन १६-२२—असार २-८

१३ परमेश्वरको वचन सदासर्वदा अटल छ---

जुन २३-२९- असार ९-१५

# आजको सन्दर्भमा बाइबल

एडभेन्टिष्ट येशूभक्तहरूको नाताले हामी यो विश्वास गर्दछौं कि परमेश्वर आफैले हामीलाई यस पतित संसारमा प्रकट गर्नुहुन्छ । परमेश्वरले विविद तरिका अपनाएर आफूलाई प्रस्तुत गर्नुभएको मध्येमा हामी यो मान्दछौं कि बाइबलद्वारा परमेश्वरले आफ्ना महान् अभिव्यक्तिलाई प्रकाश पार्नुभएको छ । वर्तमान सन्दर्भमा यो पुस्तक हामीलाई उपलब्ध गराएको सत्यको अन्तिम र चरम मापदण्ड हो । यो पतित संसारको लागि निर्देशिका पुस्तिका हो ।

बाइबल आफैले आफ्नो बारेमा जुन दावी गर्दछ त्यो अरू पुस्तकले बिरलै गर्दछ । अझ यसैमा आफूले दावी गरेको पुष्टी गर्न प्रभावकारीरूपमा बृहत् प्रमाणहरू जुताउँछ ।यसमा भएका प्रमाणहररूको प्रमाणीकरण आफैले निर्माण गरेर समावेश गरिएको छ ।

यसमा भएका जतिसुकै प्रभावशाली अविश्वसनिय भविष्यवाणीहरूमात्र होइन, यसमा भएको जतिसुकै प्रमाणित ऐतिहासिक यथार्थतामात्र होइन न त यस पुस्तकका पानाहररूमा परमेश्वरले आफूलाई प्रभावकारीररूपमा कसरी प्रकट गर्नुभयो भनेर प्रकाशपारेका वृतान्तहरूको लेखाजोखाले यसलाई अनुपम मानेको हो । हुन त यि सबैले आफ्नो आफ्नो भूमिका खेलेको कारणले बाइबल परमेश्वरको वचन भनेर देखाउँछन् तर यो बाइबल परमेश्वरको वचन हो भनेर सर्वश्रेष्ठ प्रमाण त यसले मानिसको जीवनमा असल पथमा हिंडाउन प्रभावकारीरूपमा मानिसमा रूपान्तर ल्याउन सकेकोले नै हो । यस्तो असर हिजो पनि थियो र त्यसको निरन्तरता आजपनि छ जसले यसको शिक्षादीक्षालाई आफ्नो जीवनमा समायोजन गरेर त्यसको नीतीनिर्देशनमा चल्न चाहन्छ । भविष्यवाणीहरू पूराभएका प्रमाणहरू, इतिहास आदि भन्दा यो लेखेको हजारौं वर्षपछि पनि यसले मानिसलाई ल्याउने आशा, आनन्द र प्रतिज्ञाहरूले अदुभूतरूपमा सामर्थ बनाउन सक्नु नै यसको सब भन्दा ठूलो शक्तिशाली प्रमाण हो । सताब्दियौं देखि र आजपनि धैरै मानिसहरूले सर्वत्र संसारमा उनीहरूको गहन आवश्यकता अनुसारका जिज्ञासाहरूलाई बाइबलले परिपूर्ति गरेको पाइरहेका छौं । यो प्रक्रियालाई देखेर अचम्म मान्नु पर्ने आवश्यक छैन किनकि यो त्यस परमेश्वरको महान् दिव्य ज्योति यसमा पाउँछौं जसले हाम्रा सबै आवश्यकताहरूलाई परिपूर्ति गर्न सक्नुहुन्छ किनभने उहाँ हाम्रा सृष्टिकर्ता र उद्धारकर्ता येशू हुनुहुन्छ ।

यस्तो दावी गरेकै कारणले सताब्दीयौंदेखि मानिसहरूले यसको आधिकारिकता र विश्वसनियतामाथि मानिसहरूले बृहत् तरिकाले यो पुस्तकले जस्तो अरू कुनैले पनि ठूलो चुनौतीको सामना गर्नुपरेको छैन । के यो साँच्चै परमेश्वरको वचन हो ? के असीमित जगत् का सृष्टिकर्ताले हामी जस्तो सूक्ष्म पृथ्वीका प्राणीहरूलाई यस पुस्तकको पानाहरूको माध्यमबाट बोल्नुहुन्छ ? यसमा लेखेका पङतिहरू कतिको भरपर्दो वा बिश्वसनिय छ ? यसले दावी गरेको अनुसार ठीक हो भन्ने प्रमाणको लागि कुनै वैज्ञानिक आधारहरू छन् ? यसका कुनै पुरातात्विक प्रमाणहरू छन वा यो केवल पौराणिक पुस्तक भनेर बेला मौकामा पढेर थन्क्याउने धर्म शास्त्रमात्र हो ? यो पुस्तक परमेश्वरको प्रेरणाद्वारा लिखित भनेर विश्वास गरेपनि आधुनिक २१सौं सताव्दीमा यसको केहि उपयोगिता छ ? यदि छ भने किन र कसरी ?

यी र अरू धैरै जिज्ञासाहरू यस अध्ययन पुस्तिकामा सम्बोधन गर्नेछौं । सजिलैसँग हामीले यसको शीर्षक ×म किन बाइबलमा विश्वास गर्छु" भनेर लेख्न सकिन्थ्यो किनकि यसका लेखकहरूले बाइबलमा किन विश्वास गर्दछन् र यी पुस्तिका तिनीहरूको जीवनमा

आध्यात्मिक र नैतिक अनुकरणीय पथ प्रदर्शकको रूपमा च्यापीरहेका छन् भनेर यसमा अभीव्यक्त गरेका छन् ।

अझ अरू महत्वपुर्ण कुरा त हामी यसमा के पनि पाउँछौ भने यो अझ पनि सान्दर्भिक र महत्वपूर्ण भएको पाउँदछौं किनकि अन्तिम पुस्तक सत्र सय बर्ष अघि लेखेपनि यसमा लेखेका कुरा जस्तै शल्यक्रिया गर्नुभन्दा अघि हात धुनु उत्तम हुन्छ भनेको तथ्य डाक्टरहरूले यस सताव्दीमा मात्र पत्ता लगाएको पाउँछौं । फेरि यसैमा बाइबलले मानिसलाई असल बनाउन शक्तिशालीरूपमा बदल्न सक्दछ भन्ने बृहत् प्रमाण नै यसको महत्व र सान्दर्भिकता देखाउँछ ।

जोनाथान कुन्तारफ जसलाई उइ गुन्थक कुन भनेर पनि चिनिन्छ, उनी इन्डोनेशियाका बासीन्दा हुन् । यो लेखेको समयमा उनी जनरल कन्फरेन्सको साबथ स्कुल र पर्शनल मिनिस्ट्रीको सह-अध्यक्ष थिए । उनकी श्रीमती डा. क्याथलिन लिविड्जा जनरल कन्फरेन्सको स्वास्थ्य र टेम्परेन्स डिपार्टमेन्टमा आवद्ध छिन् ।उहाँहरूका दुई हुर्केका छोराछोरीहरू छन् ।

## अध्याय १
# स्वर्गबाट आकाशवाणी

यस अध्यायको अध्ययन निम्न पदहरूमा आधारित छन्:
उत्पति ३:८,९, २ सामुयल १२:१-७, यशैया ५९:२, यर्मिया ३८:१४-१९, इजकिएल ४, आमोस ३:७, २ तिमोथी ३:१६, २ पत्रुस १:२०,२१, ३:१

मूल पद: ×विगत समयमा परमेश्वरले हाम्रो पितापुर्खाहरूलाई सिद्ध वक्ता वा भविष्यवक्ताहरूबाट विभिन्न तरिकाले बोल्नुभयो, तर यस अन्तिम युगमा उहाँ आफ्नो पुत्रद्वारा बोल्नुभयो जसलाई उहाँले सबै थोकको सर्वेसर्वा बनाउनुभयो किनकि उहाँबाटै सारा जगतको सृष्टि भएको थियो ।" हिब्रु १:१,२

मूल तर्क: मानिस पतित भएदेखि परमेश्वरले विभिन्न उपाय अपनाई हामीहरूसँग सम्पर्क राखिरहनु भएको छ ।

मानिसको मूल्य के हो ? शुद्ध रासायनिक तरिकाले हेर्ने हो भने मानिसको मूल्य त्यति सस्तो त छैन । कोही यो निश्कर्षमा पुगेको छ कि मानिसमा भएको पौष्टिक प्रोटिन, ऊर्जा दिने रसहरू अर्थात् ईन्जाइम, आरएनए, डिएनए, अमिनो एसिड, र मानिसमा भएका जैविक रसायनहरूको मूल्याङ्कन गर्दा करौडौं रूपैयाँ पर्दछ ।

तर जतिसुकै पैसामा आधारित मुल्याङ्कन हामीले गरेपनि वास्तविकरूपमा मानिसको उचित मूल्य येशूको मृत्युले मात्र गर्न सक्दछ । यदि हामी परमेश्वरको अगाडि अनन्तको बहुमूल्य छैन भने उहाँले अति जोखिम साथ हाम्रो उद्धारकोलागि उद्धारको मूल्य तिर्नुहुने थिएन होला।

हामी कति बहुमूल्य छौं जसले गर्दा उद्धारको योग्य हुन पुग्यौं भनेर परमेश्वरले कसरी हामीलाई प्रकाश पार्नु भएको छ त ? यस भागमा परमेश्वरले कसरी अनेक तरिकाले हामी मानव जातिसँग सम्पर्क निरन्तररूपमा राखिरहनुभएको छ भनेर सिंहावलोकन गर्नेछौं ।

हो, हामी पतित र तुच्छ जीव भएता पनि जगतका महान् परमेश्वरले हामीलाई छोड्नुभएको छैन, मानिसले उहाँलाई लत्याउला, तर उहाँले हामीलाई साथ दिइरहनुभएको छ । तर महत्वपूर्ण र निर्णायक प्रश्न त उहाँले के भनिरहनुभएको छ के हामी सुनिरहेकाछौं त ?

### १. परमेश्वरले मानिसलाई खोज्नुहुन्छ

पापको पासोमा पर्नुभन्दा अघि आदम र हवा परमेश्वरसँग प्रत्यक्षरूपमा संम्पर्क हुन्थ्यो तर पापले गर्दा त्यो सम्पर्क बिच्छेद भयो । तिनीहरूले परमेश्वरसँग मुखामुख बोल्न सकेनन्

। परमेश्वर बदलिनुभएको कारणले होइन तर आदम र हवाले आफैले परमेश्वरसँग सम्बन्धमा परिवर्तन ल्याए ।

यशैया ५९:२ पढ्नुहोस् । यसमा स्पष्टरूपमा पापले गर्दा परमेश्वरसँग मानिसको सम्बन्धमा के असर आयो भनेको छ ।

पापले गर्दा आदम र हवा परमेश्वरको सम्मुख खडा हुन असमर्थ भए । उत्पति ३:८ । आफ्ना सृष्टिकर्तादेखी भयभित भयो । पापले तिनीहरूलाई आफ्ना जगदिश्वर, सृष्टिकर्ता तथा जन्मदाता परमेश्वरबाट भगाइयो । त्यति मात्र होइन जुन पापले मानिसलाई आफ्ना रचयिताबाट अलग गरियो त्यही पापले मानिसजातीमा विभिन्न प्रकारले एक आफसमा बिच्छिन्न ल्यायको छ- देश देशको विचमा, राज्य राज्यको विचमा, जाति जातिको विचमा, समुदाय र समुदायको विचमा, परिवारहरूको बीचमा, धर्महरूको बीचमा र छक्कपर्ने तथ्य त येशूलाई विश्वास गर्छौं भनेर दावी गर्नेहरूको विचमा पनी फाटो ल्याइ रहेको छ । हामी जतिसुकै आदर्शलाई भत्यायतापनि दुर्भाग्यबस यो यथार्ततताबाट कुनै न कुनै रूपमा उम्किन सक्दैनौं । यसबाट पार भएर बसेको कोहि छ त ? चाहे त्यो मानिस धर्मको पोसाक लगाएको किन नहोस वा पैसा. प्रतिष्ठा वा मायाले ढाकेको व्यक्तिनै किन नहोस् ।

उत्पति ३:९ पढ्नुहोस् । यस पदको तात्पर्य के हो ? जुन सर्वज्ञानी परमेश्वर हुनुहुन्छ, उहाँले यो प्रश्न किन गर्नुभयो ?

यो कति व्यङ्ग्यपूर्ण छ कि हामीले यो सुन्दछौं वा पढ्दछौं कि मानिसले परमेश्वरको खोजी गर्‍यो रे । मानौं परमेश्वर हराउनुभएको छ । तर बाइबलको दिब्य सन्देश त त्यसको ठ्याक्कै उल्टो छ: हामीले परमेश्वरको खोजी गरिरहेको छैनौं तर परमेश्वरले हाम्रो खोजी गरिरहनु भएको छ । हामीलाई मुक्ति दिन विभिन्न तरिकाहरू र बाटाहरू अपनाएर हामीलाई खोज्न चेष्टा गरिरहनुभएको छ । उत्पतिदेखि प्रकाशको पुस्तकसम्म, मोशादेखि युहन्नासम्म बाइबलको ग्रन्थले यो बताउँछ कि परमेश्वरले मानवजातिलाई खोजिरहनुभएको छ । यसले यो पनि देखाउँछ कि परमेश्वरले हामीसँग व्यक्तिगतरूपमा सम्पर्क राख्न अति चाहना गर्नुहुन्छ । उहाँले यो भन्न चाहनुहुन्छ कि हामीमा पाप भए पनि उहाँ हामीबाट तर्किनु भएको छैन र हामीलाई प्रेम गर्नुहुन्छ । यशैया ५:१-५, मत्ती २३:३७ हेर्नुहोस् ।

हो, परमेश्वरले आदम र हवालाई उत्पति ३:९ मा ×तिमी कहाँ छौ?" भन्ने प्रश्न भौतिकरूपमा हामी कहाँछौ भन्नुभन्दापनि अध्यात्मिक कल्याणकोलागि अति उत्सुकतासाथ हाम्रो खोजनीतिगरिहरहनुभएको छ । सोधौं हामीले आफैलाई हाम्रो सृष्टिकर्ता र उद्धारकर्ता परमेश्वरको सम्बन्धमा हामी कहाँ छौं ? उहाँले हामीलाई कत्ति गर्नुभएको छ, हामी कहाँ छौं? आज तपाईंलाई परमेश्वरले ×तिमी कहाँ छौ" भनेर हृदयविदारक प्रश्न गर्नुभयो भने तपाईंले के जवाफ दिनुहुन्छ?

## २ परमेश्वर र उहाँका सिद्धवक्ताहरू

आमोस ३:७ पढेर परमेश्वरले मानवजातिको वीचमा आफ्ना सिद्धवक्ता वा भविष्यवक्ताहरूको उपयोगिता कसरी व्यक्त गर्नुभएको छ?

प्रारम्भिककालदेखि र त्यस समयसम्म जव परमेश्वर र मानिसको विचमा सिधा सम्बन्ध बिच्छेद भयो परमेश्वरले सिद्धवक्ता वा भविष्यवक्ताहरूलाई प्रयोग गरी हामीसँग सम्पर्क राख्नुभएको पाएका छौं । ती परमेश्वरका प्रवक्ताहरूको विभिन्न कार्यभार थियो: तिनीहरूले येशूको दुवै आगमनको सूचना दिनु थियो, तिनीहरूको जीवनले यो प्रस्ट पार्नुपरेको थियो कि परमेश्वरले मानिसजातिको अधिकतम मुल्याङ्कन गर्नुहुन्छ र तिनीहरूलाई आफ्नो प्रवक्ता वा भविष्यवक्ताहरू पठाएर यो जानकारी दिन चाहनुहुन्छ; तिनीहरूकै माध्यमबाट परमेश्वरले

आफ्नो चरित्र र प्रेमको बोध गराउन चाहनुहुन्छ; तिनीहरूबाटै आगामी परमेश्वरले गर्नु हुने न्यायकोलागि सतर्क भएर बस्नु भन्ने सन्देश सुनाउने काम भएको थियो । ती परमेश्वरका प्रवक्ताहरूद्वारा मुक्तिको योजनाको भेद खुलाउन अधिकार पाएको थियो । अनि परमेश्वरले आफ्ना सिद्धवक्ताहरूद्वारानै बाइबलको रचना गर्ने काम सुम्पिएको थियो ।

२ सामुयल १२:१-७, यर्मिया ३८:१४-१९, इजकिएल ४, २ पत्रुस ३:१ अध्ययन गर्नुस् किनकि यी छन्दहरूमा परमेश्वरका प्रवक्ता वा भविष्यवक्ताहरूले परमेश्वरको सन्देश कसरी मानिसको विचमा पुऱ्याए भनेर प्रस्तुत गरिएको छ ।

२ इतिहास २०:२० र लुका १६:३१ लाई दाँजेर पढ्नुहोस् । यहाँ भविष्यवक्ता वा सिद्धवक्ताहरूको बारेमा दुई धारणाहरू प्रस्तुत गरिएको छ । यथार्थमा हेऱ्यौं भने हामीपनि ति दुई धारणाहरूको विचमा छौं । कि त हामी परमेश्वरले हामीलाई के भन्नुभएको छ (प्रायजसो उहाँका सिद्धवक्ताहरूद्वारा) सो विश्वास गर्छौं वा गर्दैनौं । आखिरमा भन्ने हो भने परमेश्वरप्रतिको हाम्रो धारणा उहाँका सिद्ध प्रवक्ताहरूप्रतिको हाम्रो रायले प्रतिबिम्वित गर्दछ ।

हामी विश्वास गर्छौं रे, हाम्रो विश्वासप्रति कसरी हामी निश्चिन्त हुन्छौं? हामी विश्वास गर्छौं त भन्छौ तर हाम्रो आस्था वा विश्वास धोकापूर्ण नहुन सक्छ ? इस्रायलको इतिहास र बिश्व इतिहासले यो बताउँछ कि परमेश्वरप्रति विश्वासै नभएपनि विश्वास गर्छु भनेर धेरै अगुवाहरूले दावी गरेर परमेश्वरको चरित्रलाई गलत चित्रण गरेको पाएका छौं र पाइ रहनेछौं । तर हामी साधारण जनमानसले कसरी विश्वास गर्ने कि कुनै मानिस परमेश्वरको जन हो वा होइन?

त्यसको जवाफ सरल छ । येशूले धेरै पल्ट भन्नु भयो ×यदि तिमीले मलाई प्रेम गर्छौं भने मेरा आज्ञाहरू पालन गर" (युहन्ना १४:१५); ×तिमीहरूले मलाई प्रभु प्रभु भनेर मात्र किन सम्बोधन गर्छौ, जब कि तिमीहरूले मैले भनेको कुराको पालना चाहिँ गर्दैनौ।"(लुका ६:४६) आज धेरै इसाईको पहिरन ओढ्नेले येशूलाई सर्व मान्य मानेको पाउँछौं तर उहाँको कुरा भने नमान्ने भइरहेको छ ।

हामी सेभेन्थ डे एडभेन्टिष्टहरूले पनि परमेश्वरका सिद्धवक्ताहरूलाई विश्वास गर्छौं भनेर दावी गर्दछौं । के हामी साँच्चिकै विश्वास गर्छौं त ? के तपाईंको विगत कार्यकिलापले त्यस विश्वास वा अविश्वासको प्रतिविम्वित गरेको छ अथवा त्यसले परमेश्वरप्रति तपाईं कतिको आस्थावान् हुनुभएको छ वा छैन कसरी देखाएको छ? आफ्नो आत्मालाई साक्षी राखी यो प्रश्नलाई कसरी जवाफ दिनुहुन्छ ? यदि आफ्नो धारणामा परिवर्तन ल्याउन चाहनुहुन्छ भने कुन धारणामा हो ?

### ३ येशूद्वारा परमेश्वरको वचनको प्रकट

यद्दपि परमेश्वरले आफूलाई उहाँको सिद्धवक्ता वा भविष्यवक्ताहरूद्वारा प्रस्तुत गर्ने सामान्य उपाय अपनाउनु भएको थियो भने येशू ख्रीष्ट परमेश्वरको पूर्णरूप र सिद्ध प्रकट हुनुहुन्छ, यो संसारले प्राप्त गरेको सबभन्दा महान् परमेश्वरीय प्रकट हो । येशू परमेश्वर हुनुहुन्थ्यो र यस संसारमा भौतिक शरीर लिएर आउनुभयो यो भन्दा महान् प्रतक्ष्य प्रकट अरू के होला ?

येशू मानिसले अपेक्षा गरेकोभन्दा फरक ढङ्गमा आउनुभए तापनि उहाँको जीवन र शिक्षाले मानिसको अगाडि परमेश्वरको सदिच्छालाई प्रदर्शन गर्नुभएको थियो । येशू आउनुभएको युगमा मानिसहरूले आफ्नो भौतिक महत्वाकाङ्क्षा पूरा गर्ने महान् योद्धाको आशा गरेका थिए । ति मानिसहरू जतिसुकै धर्मभिरू भएतापनि नम्रतालाई भन्दा शक्ति प्राप्तीको पर्खाईमा बसेका थिए । तिनीहरूले महान यशस्वी चक्रवर्ती राजाको अपेक्षा गरेका थिए तर

येशू जस्तो सहनशील, नम्र र सदाशयी चरित्रभएको होइन । तर येशूको त्यस प्रथम आगमनले परमपिता परमेश्वरको सत चरित्रलाई विश्वासकोसाथ प्रकाश पार्नुभयो । परमेश्वर कस्तो हुनुहुन्छ भनेर उहाँको अनुकरणीय आदर्श आचरणबाट प्रस्तुत भएको पाउँछौं ।

निम्नलिखित पदहरूले येशूले कसरी परमेश्वरको चरित्रलाई पूर्णरूपमा प्रस्तुत गर्नुभएको पाउँछौं, हेर्नुहोस्:

मत्ती ११:२७, युहन्ना १:१४,१८, युहन्ना १४:८-११, २ कोरिन्थी ४:६, हिब्रु १:१-३ ।

युहन्ना १४:८-१२ को आधारमा हामी यो पाउँछौं कि जसले उहाँलाई देखे त्यसले परमपितालाई देखेको हुन्छ भनेर देखाएको छ किनकि उहाँ र परमेश्वर पिता एक आफसमा समावेश हुनुहुन्छ । उहाँहरूको बीचको सम्बन्ध कुनै मानवीय गुरू वा चेला भन्दा घनिष्ट छ । जुन वचनहरू येशूले बोल्नुहुन्छ ती कुनै मानविय शब्दहरू भन्दा अपार छन् किनकि ती परमेश्वर आफैको गतिविधिलाई प्रकाश पार्ने हुन । त्यसैकारण हामी येशूसाग परिचित हुन्छौं भने परमेश्वरसाग पनि परिचित हुन्छौं । परमेश्वरको प्रेम, भलाई, सदाशयता, र हामीप्रती उहाँको धारणा बुझ्न येशूलाई व्यक्तिगतरूपमा चिन्नु नै उत्तम उपाय हो ।

यदि तपाईं येशूसँग परिचितहुनुहुन्छ भने यो प्रश्नलाई कसरी जवाफ दिनुहुन्छ: येशू कस्तो हुनुहुन्छ? साथीभाईहरूमा छलफल गर्नुहोस् ।

## ४ परमेश्वर आज पनि बोल्नुहुन्छ

×धर्मशास्त्रहरूमा खोज: ती शास्त्रहरूमा अनन्त जीवन पाउँछौ कि भनी तिमीहरू विश्वास गर्दछौ: तर याद राख ती शास्त्रहरूले मेरो बारे गवाही दिँदछन् ।" युहन्ना ५:३९ ।

हामीले प्राचीनकालमा कसरी परमेश्वरले आफ्ना सिद्धवक्ताहरूद्वारा मानिससँग संपर्क कायम गर्नुभयो र दुई हजार वर्ष अघि येशूको भौतिक शरीरद्वारा उहाँले आफूलाई प्रस्तुत गर्नुभयो भनेर छलफल गर्‍यौं । तर यो थाहापाउन महत्वपुर्ण छ किनकी परमेश्वरले आफ्नो सम्पर्क केवल प्राचीन काल वा बाइबलको युगमा मात्र सीमित राख्नुभएन । उहाँले हामीसँग सम्पर्क राखिरहन र दर्शन दिन अर्को बिशेष बाटो पनि अपनाउनुभएको छ, निम्नलिखित पदहरूमा पढ्नुहोस् ती के हुन ?

२ तिमोथी १:५, फिलिप्पी ४:९, युहन्ना ५:३९, अयुब १२:७-१०, भजनसंग्रह १०७:१-८, युहन्ना ४:१६-१८,२६ ।

उपरोक्त पदहरूमा स्पष्टरूपमा यो देखाइएको छ, परमेश्वरले हामीलाई हाम्रो जीवनको उद्देश्यमा कतिपनि बीचलित भएको हेर्न चाहनुहुन्न । हामीले सत्यको ज्ञान होस् र मुक्ति कसरी प्राप्तगर्न सकिन्छ भन्ने उपायको दिब्यज्ञानबाट पनि बंचित नहोस भनेर उहाँ निश्चितरूपमा चाहनुहुन्छ ।परमेश्वरले आफूलाई विविधदरूपद्वारा प्रस्तुत गर्नुभएको छ, ती हुन प्रकृती, विज्ञान, पवित्र धर्मशास्त्र बाइबल, प्रभु येशू, हाम्रो जीवनमा बिभिन्न घटनाक्रमद्वारा, एक आपसको सम्बन्ध द्वारा र पवित्र आत्माद्वारा । साथै जो मानिस परमेश्वरमा समर्पित छन् ती मानिसहरूको जीवन वा व्यक्तित्वद्वारापनि आफूलाई प्रतिबिम्व गर्नुहुन्छ ।

तपाईं आफैले के भन्नुहुन्छ ? के परमेश्वरले तपाईंसँग संवाद गरिरहनुभएको छ वा गर्न दिनुभएको छ ? अझ महत्वपूर्ण प्रश्न त उहाँको आवाजलाई कसरी इमान्दारितापूर्वक सुनिरहनुभएको छ ? यस्को जवाफ अरूले दिनुभन्दा तपाईं आफैंमा निहित भएको हुँदा आत्मालाई साक्षी राखी आफैलाई जवाफ दिनुहोस् । यदि तपाईं परमेश्वरको निर्देशनमा हिंडिरहनुभएको छ भने यसको जवाफ त्यति जटिल छैन । सोच्नुहोस्, ×के मैले परमेश्वरले

मलाई दिनुभएको जिम्मेवारी मेरो क्षमताले भ्याएसम्म पालन गरिरहेको छु वा छैन ?" यसै जवाफमा तपाईं र परमेश्वरसँगको सम्बन्धको स्थितिलाई जनाउँछ ।

### ५ पवित्र धर्मशास्त्र बाइबलद्वारा परमेश्वर बोल्नुहुन्छ

२ तिमोथी ३:१६ र २ पत्रुस १:२०,२१ पढ्नुहोस् । आफ्नै शब्दहरूमा ती दुई पदहरूको मूल सन्देश वाख्या गर्नुहोस् । हामी हरेकलाई त्यसले के भन्न खोजिरहेको छ ?

धेरै पल्ट परमेश्वरले सिद्धवक्ताहरूलाई उहाँको सन्देश लेख्न निर्देशन दिनुभएको थियो । धेरै जसो ती वचनहरूलाई सुरक्षित गरिएको छ । बाइबल ती सुरक्षित गरिएको लेखहरूको संगालो हो । उदाहरणस्वरूप, ×मोशाले परमेश्वरको सबै वचनहरू लेखे ।" भनेर प्रस्थान २४:४, ३४:२७, लैब्य २६:४६ मा उल्लेख गरिएको छ । यहोशूलाईपनि लेख्न निर्देशन दिइएको थियो (यहोशू २४:२६) ।परमेश्वरले यर्मियालाई पनि उहाँले बोल्ने वचनहरू लेख्नु भन्नुभएको थियो । धेरै बर्षपछि भविष्यवक्ता दानियलले यर्मियाले लेखेको वचन पढेर कसरी ७० वर्षको निर्वासनपछि परमेश्वरले उहाँका मानिसहरूलाई मुक्त गर्नुहुनेछ भनेको पढेर ढुक्क भएको थाहापाउँछौ (दानियल ९:२)। दानियल आफैलाईपनि अन्तिम युगमा रहनेकोलागि सन्देश लेख भनिएको थियो (दानियल १२:४) । यसरी परमेश्वरले बाइबलबाट आफूलाई प्रकट गर्नुहुन्छ । लिखित सन्देश भएकोले परमेश्वरको इच्छा बाइबलले प्रकट गर्दछ ।

याद गर्नुहोस्, बाइबल शव्द बाइबल धर्मशास्त्रमा कहिंपनि पाउनुहुन्न । यो शब्द ल्याटिन भाषाको बिबलिया शब्दबाट आएको हो जसको अर्थ पुस्तकहरू हो । ती ग्रीक वा युनान भाषा बिबलियोस अर्थात ×एक पुस्तक" शब्दबाट ल्याटिनमा बिबलिया भनेर प्रचलनमा ल्याएको हुन । त्यसैकारण पवित्र बाइबल भन्दा ×पवित्र पुस्तकहरू" भनेर सम्झनु पर्दछ । यो भन्नु एकदम उचित छ किनकि बाइबल धेरै पुस्तकहरूको संगालो हो । यसमा पुरानो नियममा ३९ किताबहरू र नयाँ नियममा २७ किताबहरू छन् ।

प्रथम पुस्तक देखी अन्तिम पुस्तकसम्म विविध तरिकाले र ढाँचाले लेखेपनि जगत सृष्टिकर्ता परमेश्वरको प्यारको एकरूपताका साथ उल्लेख गरिएको छ । पापी मानिसले उहाँको खोजि गरेको होइन तर परमेश्वरले तिनीहरूलाई सदाशयता देखाएर आफ्नो प्रेम फिजाउनुभएको देखाउँदछ । परमेश्वरको प्रेमनै बाइबलमा केन्द्रित गरिएको छ । येशू संसारमा आइ मानव शरीर धारण गरी, मानिसको लागि क्रुसमा बलिदान भई परमेश्वरको प्रेमको सिद्धता प्रदर्शन गरिएको पाउँदछौं । यो सारा जगतको लागि अति महान् सत्य हो । बाइबलमा उल्लिखित सबै शिक्षा दीक्षा र सत्य विचार प्रवाहलाई यही सन्दर्भमा अध्ययन गर्नुपर्दछ ।

परमेश्वरसँगको सम्बन्धमा तपाईंको जीवनमा बाइबलले के भूमिका निर्वाह गरेको छ ? येशूसँगको हिंडाइमा प्रभावशाली हुन बाइबलले खेल्नुपर्ने भुमिकाकोलागि तपाईंमा के परिवर्तन आउन आवश्यक छ ?

### उपसंहार:

अरू जानकारीकोलागि पढ्नुहोस्, एलेन जि ह्वाईटको *पेट्रियार्क एण्ड प्रोफेट*, ×द क्रियशन" पृ. ४४-५१, ×द टेम्टेशन एण्ड फल" पृ. ५२-६२, ×द प्लान अभ रिडेम्पशन" पृ. ६३-७०; द ग्रेट कन्ट्रोभर्सी, ×इन्ट्रोडक्शन" पृ. v-xii .

×येशू मानिसको जहाँ छ उसैको स्तरमा भेट्नु भयो ताकि मानिसले यो थाहा पाउन कि उहाँ तिनीहरूको हरेक ब्याकुलतासँग परिचित हुनुहुन्छ। उहाँले सत्यलाई सुन्दर तरिकाले प्रस्तुत गरी सरल र स्पष्ट बनाउनुभयो । उहाँको भाषा शुद्ध, खारिएको र स्पष्ट थियो । उहाँको बोली खोलाको जस्तै कल कल थियो । धर्मगुरूहरूको एक नासे आवाज भन्दा उहाँको

आवाज संङ्गीतमय थियो जसले गर्दा उहाँलाई सुनिरहौं जस्तो लाग्दथ्यो । उहाँले सरल तरिकाले सिकाउनु भएपनि उहाँ आधिकारिक मानिसले जस्तो बोल्नुहुन्थ्यो । उहाँ यसरी माथ गरी सिकाउनुहुन्थ्यो कि उहाँको सरह प्रभावशालीरूपमा कसैले बोलेको थिएन । धर्मगुरू रबीहरूले शंका र हिचकिचाएर बोल्दथे । जसले गर्दा मानिसले सुन्दा धर्मशास्त्रका बचनहरू अर्थको अनर्थ बुझ्दथे । यसले गर्दा सुनिने मानिसहरू अन्यौल र अनिश्चितको भुँमरीमा पर्दथे । तर येशूले पवित्र शास्त्र बाइबलका वचनहरूबाट सिकाउनु हुन्दा यि निर्विकल्प आधिकारिक सुत्रको रूपमा प्रस्तुत गर्नुभएको थियो । जुन विषयलाई प्रस्तुत गरेपनि यस्तो प्रभावशाली रूपमा गर्नुहुन्थ्यो कि उहाँको बचनसँग कसैले विवाद गर्न सक्दैन थे ।" एलेन जि ह्वाईट, द डिजाएर अभ एजेज, पृ. २५३ ।

**चिन्तन मनन्:**

१. परमेश्वरले हामीलाई कहिल्यै पनि परित्याग गर्नुभएन । यो तर्कले हामीलाई हाम्रा आफन्तहरू, साथीहरू र छिमेकीहरू जो चर्चको मातहतमा छैन, तिनीहरूसँग कसरी व्यवहार गर्नुपर्छ भनेर सतर्क गराउँछ ? कसरी अरूसँगको पहूचमा हामीले कहिल्यैपनि निराश हुनु हुन्दैन भनेर दृढ हुनसक्दछौं ?

२ तेश्रो बूंदाको प्रश्न आफ्नो साथीभाइहरूको बीचमा छलफल गर्दा के कुरामा मिल्छ र के कुरामा फरक हुनसक्छ सो बाट के सिक्नसक्छ सो विचार गर्नुहोस् ।

३ कसैले भन्ला कि उसले इमान्दारीपूर्वक परमेश्वरको खोजी गरिरहेको छु र उहाँको इच्छा पालन गर्न चाहन्छु त्यसलाई के व्यवहारिक सरसल्लाह दिन सक्नुहुन्छ जसले गर्दा ऊ परमेश्वरको आवाजप्रति स्पष्ट होस् ?

४ के परमेश्वरले प्रभावकारी रूपमा तपाईंसँग बोल्नु भएको छ ? अनि के भयो ? परमेश्वरले नै बोल्नुभएको भनी कसरी निश्चय हुनुभएको छ ? तपाईंको यो अनुभवलाई जाँच्न के मापदण्ड छ जसले गर्दा परमेश्वरनै तपाईंसाग बोल्नुभएको भनी सुनिश्चित पार्दछ ?

### अध्याय २

## अन्तिम वचन

यस अध्यायको लागि निम्नलिखित पदहरू पढ्नुहोस्:- मत्ती ४:४-१०, २१:४२, २२:२९, २६:५४,५६, गलाती १:११,१२, याकुब २, २ पत्रुस १:१९-२१, ३:१६

मूल पद: ×सम्पुर्ण पवित्र-शास्त्र (बाइबल) परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस ।" २ तिमोथी ३:१६,१७ ।

मूल विचार: बाइबलले पाएको आफ्नो आधिकारिक अनुमोदन कहाँबाट पायो ?

हामी कुनै न कुनै अन्तिम एक वा अरूको प्रभुत्वको मुनी छौं, चाहे त्यो जोसुकै होस् । येशू भक्तहरू भएको हैसियतले हामी यो दावी गर्दछौं कि हाम्रो अन्तिम प्रभुत्व परमेश्वर नै हुनुहुन्छ । उहाँको सदिच्छा बाइबलमा प्रकट भएको छ । त्यसैकारण बाइबल नै हाम्रोलागि परमेश्वरका अन्तिम वचन हो ।

तर हामी कुनैले एउटा पुस्तकको मातहतमा किन राख्दछौं ? त्यसको प्रत्तिउत्तर त यो हो कि बाइबल साधारण पुस्तकमात्र होइन तर परमेश्वरको वचन हो ।

यसरी यसका लेखक परमेश्वर जो कि स्वर्ग र पृथ्वीको सृष्टिकर्ता हुनुहुन्छ उहाँको वास्तविकताको आधारमा यो पुस्तकमा परमेश्वरको आधिकारिक लालमोहरको छापले सुसज्जित भएको छ । यसैकारण बाइबल अन्तिम र येशूभक्तजनको सबै दीक्षाको आधारशिला हुनुपर्दछ ।

यस भागमा हामी धर्मशास्त्र बाइबललाई कुन आधिकारिक प्रक्रियाले हाम्रो हातमा पुगे भनेर हेर्नेछौं । बाइबलले आफ्नै बारे के भन्दछ ? यसले आफ्नो बारेमा के दावी गर्दछ र यसको प्रादुर्भाव कसरी भयो भनी आफैले भन्दछ ? बाइबलमा भएका लेखकहरूले यसैका अरू पुस्तकहरूलाई कुन दृष्टिकोणले हेर्दछन् ? र अझ बढी महत्वपूर्ण प्रश्न त येशू आफैले यस धर्मशास्त्रको बारेमा के भन्नुहुन्छ ? किनकि आखिरमा निसन्देह यस अन्तिम वचनको आधिकारिक अन्तिम वचन उहाँमै निहित हुन्छ किनकि उहाँ हाम्रो प्रभु हुनुहुन्छ ।

## १ परमेश्वरको वचन

बाइबलका लेखकहरूले उनीहरूले लेख्ने गरेका पुस्तकहरूको अचम्म तरिकाले दावीहरू गरेका छन् । उनीहरूको सन्देशका प्रारम्भिक श्रोतहरूलाई यसरी व्यक्त गर्दछन्, ×परमेश्वरले बोल्नुभयो" (यशैया १:२), ×परमेश्वरले यो भन्नुभएको छ" (आमोस १:३), ×परमेश्वरको वचन आयो......." (मिका १:१) अथवा ×परमेश्वरले मलाई यो प्रकट गर्नुभयो" (यर्मिया ३८:२१) ।

पुरानो नियमका लेखकहरूले पाएका सन्देशहरू परमेश्वरबाटनै प्रत्यक्षरूपमा आएको भनि साक्षी दिन्छन् । यो ×परमेश्वरको वचन" पुरानो नियमको लेखकहरू जस्तै यर्मिया, इजकिएल, होशे, आमोस र अरूहरूमा आएको थियो (यर्मिया १:१,२,९, इजकिएल १:३ )

२ सामुयल २३:२, इजिकएल २:२, ११:५,२४ मिका ३:८ पढ्नुहोस् । यी पदहरूमा एउटै समान सूत्रलाई अभिव्यक्त गरिएको छ, ती के हुन ?

लुका १:७० र २ पत्रुस १:१९-२१ पनि पढ्नुहोस् । नयाँ नियमका लेखकहरूले पुरानो नियमपनि परमेश्वरबाट प्रेरणा पाएर लेखेको भनी कसरी पुष्टि गर्दछन् ?

रोमीहरूलाई ४:३ र गलाती १:११,१२ मा पावलले धर्मशास्त्रप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेको पाउँछौं ।आफूले प्रचार गरेको सुसमाचारको आधिकारिक श्रोत के हो भनी पावलले खुलाउँछन् ?

यी बाइबलका लेखकहरू सताव्दियौं सम्म छरिएका थिए । तिनीहरूको आफ्नै विविध पृष्टभूमी र परिवेसमा थिए । तर ति सबैले एउटै समान प्रतिबद्धता व्यक्त गरेकि तिनीहरूको लेख आफ्नै इच्छामा आधारित नभएर परमेश्वरको निर्देशनमा उहाँको शक्तिले अभिप्रेरित भएर लेखेका हुन् । परमेश्वरले जसरी प्रेरणा दिएर लेख भन्नुभयो, तिनीहरूले ती लेखे ।

यदि परमेश्वरका सिद्धवक्ता वा भविष्यवक्ताहरूलाई विश्वास गर्दछौं भने यसले हाम्रो दैनिक जीवनमा कसरी व्यवहारिक रूपमा असर पार्न सक्दछ ? अर्थात् धर्मशास्त्रको आधिकारिकतामाथीको विश्वासलाई तपाईंको जीवनद्वारा कसरी प्रतिबिम्ब गराइरहनुभएको छ ? के गत २४ घण्टा भित्र कुनै यस्तो काम गर्नुभएको छ जसले बाइबलको शिक्षालाई ओझेलमा पार्नुभएको छ ?

## २ परमेश्वरले फुक्नुभयो

२ तिमोथी ३:१६ मा पावलले धर्मशास्त्रको उत्पति र त्यसको प्रभुत्वलाई उल्लेख गरिएको छ, पढ्नुहोस् ।

यसमा लेखिएको छ कि सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो । ग्रीक वा युनानी भाषामा प्रेरणा भनेको अक्षरसरूपमा परमेश्वरले फुक्नुभयो भनेको हो । यसले यो स्पष्ट गर्दछ कि पवित्र धर्मशास्त्रहरू परमेश्वरबाटै प्रादुर्भाव भएको हो । परमेश्वरले प्रकट गर्नुभएको सन्देशलाई पकड गरेर अरूको अगाडि बिश्वस्तपुर्वक र आधिकारिक रूपमा खुलासा गरोस भनेर उहाँले आफ्ना समाचारवाहक, सिद्धबक्ताहरू, भविष्यवक्ताहरू र प्रेरितहरूलाई सामर्थ बनाउनुभयो ।

बिशेष गरेर प्रेरणाको अर्थलाई सम्झेर माथिको पदलाई ध्यानमा राखी उत्पति २:७ र भजन ३३:६ पढ्नुहोस् । यी दुई पदहरूको बीचमा के समानता पाउनु भएको छ ? बाइबलको आधिकारिकको बारेमा यसले हामीलाई के सन्देश दिन्छ ?

यसले यो बताउँछ, जुन सृष्टि गर्ने शक्तिले यस संसारको अस्तित्व गरायो, त्यहि शक्तिद्वारानै पवित्र बाइबलको प्रादुर्भाव गरेको हो । यो अद्भूत सत्यतालाई आत्मसाथ ध्यान गर्नुहोस् !

परमेश्वरले आफ्नो बचन बिभिन्न उपायहरूद्वारा मानिसलाई दिनुभयो । उहाँले सपना र दर्शनहरूद्वारा, प्रत्यक्षरूपमा देखा परेर (प्रस्थान ३:२-७), स्वर्गदूतहरूद्वारा र आँखाले देखेका कार्यकलापहरू (१ युहन्ना १:१-३) आदिद्वारा मानिसमा सम्पर्क राख्नुभयो ।
परमेश्वरले जुनसुकैरूपमा ती व्यक्तिहरूद्वारा आफ्नो सम्वाद जारी गर्नुभए पनि तिनीहरूचाहिँ खाली लेख्ने कलम जस्तै औजार भएको थिएन भन्ने तथ्य सोच्नु पर्छ । परमेश्वरले टाइपराइटरमा अक्षरहरू थिचेर आफ्नो सन्देश तिनीहरू मार्फत् दिनुभएन । हरेह लेखकको आफ्नै लेख्ने शैली थियो । यी विबिध शैली बाइबलभरि नै पाउँछौ । तर महत्वपूर्ण कुरा त के भने ती सन्देशहरू आफ्नै थिएन ।परमेश्वरको निर्देशन अनुसार दिएको सन्देश आफ्नै शैलीमा प्रस्तुत गरे । त्यसकारण ती सन्देशहरू परमेश्वरको थियो तिनीहरूको आफ्नै थिएन । (२ सामुयल २३:२, आमोस ३:८)

यो ईश्वरीय प्रभाव वा प्रकाशद्वारा प्रसारण भएको हुनाले बाइबललाई ×परमेश्वरको पुस्तक" (यशैयाह ३४:१६), ×परमेश्वरको सुसमाचार" (रोमी १:१), ×परमेश्वरको वाणी" (रोमी ३:२), ×परमेश्वरको शुभ वचन" र ×येशूको वचन" (कलस्सी ३:१६) भनेरपनि ईङ्गित गर्दछ ।

बाइबलमा विभिन्न लेख शैलीहरूलाई दाँजेर हेर्नुहोस् । उदाहरणस्वरूप पावल र युहन्नाको वीचमा, यशैयाह र मोशाको वीचमा अर्थात यशैयाह र युहन्नाको वीचमा हेर्नुहोस् । के एक जनाले अर्कोलेभन्दा स्पष्टरूपमा तपाईंलाई सम्वोधन गरेको पाउनुभएको छ ? यदि छ भने किन ? फेरि यो पनि याद गर्नुहोस् परमेश्वरले वचन त दिनुभयो तर लेखकहरूले आफ्नै शैलीमा किन प्रस्तुत गर्न दिनुभयो ? यसको के कारण छ ?

## ३ पवित्र धर्मशास्त्र बाइबलप्रति येशूको दृष्टिकोण

आज बाइबलप्रति धेरै धारणाहरूको भल आएको महशुस गर्दछौं । यसको मूल श्रोत के हो, यसको मुल्य मान्यता के हो, यसले हामीलाई के प्रभाव दिन्छ र, आधुनिक युगमा यसको स्थान, अरबौं मानिसहरू यो धर्मशास्त्र बिना जीवन गुजारिरहेका छन्, त्यसकारण किन यसलाई फैलाउन मरिमेट्ने आदि जस्ता दृष्टिकोणहरूले मानिसको दिमाग ओगटेको पाउँदछौं । दुर्भाग्यबस धेरै इसाई भनाउँदाहरूले पनि अपनाउनुपर्ने बाइबलको आधिकारिकतालाई बेवास्ता गरेको पाउँदछौं । यसले गर्दा बाइबलको बैरी अन्य विश्वास नभएर बाहिर इसाईको खोल लगाएर हिंड्ने धर्मभिरूहरूनै अग्रस्थानमा रहेको पाउँदछौं ।

तर संसारका अरू कुनैपनि व्यक्तिलाई बाइबलको आधिकारिक नबनाई सिर्फ एक जनालाई मात्र जो कि यसको प्रभुत्व उहाँनैमात्र हुनुहुन्छ, उहाँलाई मात्र यसको निहितलाई स्वीकार गर्दै र उहाँ अर्थात् येशूको बाइबलप्रति दृष्टिकोणलाई हामीले आत्मसाथ गर्‍यौं भनेमात्र यस पुस्तकप्रति हामी कहिलैपनि बीचलित हुँदैनौं । त्यसकारण हेरौं येशू आफैले बाइबलको बारेमा के धारणा राख्नुहुन्छ ।

निम्नलिखित पदहरूमा येशूले पवित्र शास्त्र बाइबलको आधिकारिक श्रोतलाई कसरी मान्नुभएको छ भनी देखाएको छ, पढ्नुहोस्: मत्ती ४:४-१०, २१:४२, २२:२९, २६:५४,५६, मर्कुस २:२५, १२:३६, लुका ४:२१

यी पदहरू केवल थोरै मात्र छन् जसमा येशूले बाइबलको सत्यता र आधिकारिकतालाई स्वीकार्नुभएको थियो । येशूले उत्पतिको बृतान्त अर्थात पृथ्वी आकस्मिकरूपमा खडा नभएर सृष्टि गरिएको भनेर विश्वास गर्नुभएको थियो (मर्कुस १०:६), नोहा र जलप्रलय (मत्ती २४:३७-३९) र योना भविष्यवक्ता ठूलो माछाको पेटमा परेको जस्तो घटनाहरूलाई विश्वास गरेकोले उद्दध गरेको पाउँछौ (मत्ती १२:३९-४१) । येशूले प्रथम दम्पतीको सृष्टिलाई औंल्याएर (मत्ती १९:४) आधुनिक बिकासबादको धारणा गलत हुन भनेर हामीलाई देखाइएको छ । मत्ती १९:५ मा उत्पति २:२४ लाई उद्दध गरेर प्रारम्भिक बिबाहित जीवनमा परमेश्वरको उद्देश्य के थियो भनी आफ्नो समर्थन जनाउनुभएको पाउँदछौं ।

लुका २४:२५-२७ र युहन्ना १०:३५ पढ्नुहोस् । येशूले पुरानो नियमलाई कसरी आधिकारिक मान्यता दिएको र त्यसलाई स्वीकारेको पाउँछौं ?

धर्मशास्त्रनै उपयोग गरेर येशूले आफ्नो लक्ष्यलाई प्रमाणीकरण गर्नुभयो ।उहाँले भन्नुभयो, ×यदि तिमीहरूले मोशालाई विश्वास गरेको भए, मलाई पनि विश्वास गर्ने थियौ, किनभने मोशाले मेरो विषयमा लेखेको थिए । तर उसको लेखहरूलाई विश्वास नगरेको कारण मेरा वचनहरूलाई पनि तिमीहरूले विश्वास गर्दैनौ ।" (युहन्ना ५:४६,४७ ) ।येशूको पुनरूत्थानपछि दुई चेलाहरू ईम्मायुसको बाटोमा हिंड्दै थिए । त्यस बेला येशू उनीहरूको विचमा समावेस भएर धर्मशास्त्रलाई उद्दत गरेर उहाँको सेवाकार्यको महत्वलाई स्पष्टरूपमा तिनीहरूलाई बुझाउनु भयो । ×र मोशादेखि सुरू गरेर सबै सिद्धवक्ता वा भविष्यवक्ताहरूलाई उद्दत गर्दै उहाँले सबै धर्मशास्त्रद्वारा आफ्नोबारे उनीहरूलाई स्पष्टसँग बाख्या गर्नुभयो ।" (लुका २४:२७) ।येशूले आफ्नो सम्पूर्ण कार्यकालमा धर्मशास्त्रलाई उपयोग गर्नुभयो, यसैबाट बोल्नुभयो, यसको प्रवर्तन गर्नुभयो, यसलाई उच्चतम ग्राह्यता दिएर उचाल्नुभयो र यसैबाट सबै भेद खोल्नुभयो । ×पवित्र बाइबलको सत् प्रकारले अर्थ लगाउने येशूनै हुनुहुन्छ । पुरानो नियमलाई असली वा ठीकरूपमा अर्थ खोल्ने हाम्रो साँचो उहाँको सन्देश नै हो...... कसरी येशूले इस्रायलको धर्मशास्त्रहरूलाई उपयोग गर्नुभयो त्यहीनै हाम्रो लागि बाइबलका अर्थहरू खुलाउने नमुना हुनुपर्दछ ।इस्रायलको इतिहासमा परमेश्वरको मुक्तिको कार्यक्रम येशूमा अन्त भएर पुराभएको भनी दृढ विश्वास गर्नुनै हाम्रो मूल मार्ग-दर्शकको आधार हो।" हान्स लारन्देल, ×हाउ टु अन्दरस्टान्ड द एन्ड-टाइम प्रोफेसी अभ द बाइबल " सारासोटा, फ्लोरिडा, फस्ट इम्प्रेशन, १९९७ , पृ १३ ।

## ४ प्रेरितहरू र धर्मशास्त्रहरू

धर्मशास्त्रहरूमा आफ्नो पूर्ण प्रतिबद्धता नयाँ नियमका लेखकहरूले पनि जाहेर गरेको पाउँदछौं।

याकुव २ पढ्नुहोस, यसमा कसरी याकुबले पुरानो नियमको बाहुल्यतालाई स्वीकार गरी आफ्नो विश्वास यसमा छ भनि प्रतिबद्धता देखाएको छ ?

पावलले रोमीहरूको पुस्तकमा चालीसपल्ट भन्दा बढी पुरानो नियमलाई उद्दत गरेको पाउँछौं ।यस पुस्तकको प्राय जसो सबै अध्यायहरूको आधार नै पुरानो नियमको धर्मशास्त्रहरू हुन् भनेर कुनै न कुनैरूपमा उद्दत गरेकोलेनै थाहा पाउँदछौं । उसले यशैयाह भविष्यवक्तालाई कमसे कम पच्चीस पल्ट उद्दत गर्दछ, आफ्नो पुस्तकमा पत्रुसले पनि त्यहि गरेको पाउँदछौं। पुरानो नियमको धर्मशास्त्रनै नयाँ नियमका लेखहरूको मजबुत आधार हुन ।हेर्नुहोस् मत्ती १:२३, ३:३, हिब्रु १०:७, १ युहन्ना ३:१२ ।

पुरानो नियमको आधिकारिकताप्रति पूर्ण प्रतिबद्धता नयाँ नियमका लेखकहरूले व्यक्तगरेको हुनाले हामीलेपनि त्यसमाथीको आस्थालाई डगमगाउन दिनु हुँदैन । यस

आस्थालाई समेटी राख्न परमेश्वरसँग बुद्धि र ज्ञान मागिरहनुपर्दछ । (याकुब १:५) । याकुब १:११ मा धनाढ्य मानिसहरूलाई सचेत गराउन याकुबले यशैया ४०:६७ र भजन १०३:१५ उद्दत गर्दछ । २ पत्रुस १:२१ मा जोडदार शव्दहरू प्रयोग गरेर पत्रुसले आफ्नो आस्था पुरानो नियमका भविष्यवाणीहरूमा कत्तिको छ भनेर व्यक्त गर्दछन् । हाम्रो उद्धार येशूको रगतमा छ भनेर पत्रुसले पुरानो नियमको प्रस्थान १२:५ लाई औंल्याएको पाउँछौं ।यो १ पत्रुस १:१९ मा पढ्न सक्छौं ।

हबाकूक २:४ लाई उद्दत गरेर पावलले सुसमाचारको आधार सूत्र कहाँ छ भनेर रोमी १:१७ मा व्यक्त गरेकोबाट थाहा पाउँछौं । त्यसरीनै मानिसको पतित चरित्रको (रोमी ३:१०-१२) वर्णन गर्न पावलले भजन १४:१-३ लाई उल्लेख गर्दछन् । रोममा यहुदीहरूलाई सम्वोधन गर्दै पावलले भने, ×तपाईंहरूको पुर्खालाई भविष्यवक्ता यशैयाहद्वारा पवित्र आत्माले के भन्न खोजेको थियो सो ठीक थियो......." (प्रेरित २८:२५) ।

पुरानो नियमका पवित्र धर्मशास्त्रहरूनै परमेश्वरको वचन हुन भनेर त्यसमाथि पुर्ण आस्था प्रेरितहरूले राखेका थिए । पत्रुस पेन्टिकोष्टको समयमा यसरी सम्वोधन गर्दछ, ×पवित्र आत्माले दाउदको मुखबाट बोलेको कुरा पुरा भएको धर्मशास्त्रले बताउँदछ ।"(प्रेरित १:१६) । पावल भन्दछन्, ×हामीबाट पाएको परमेश्वरको वचनलाई मानिसको वचन होइन भनि तिमीहरूले सहस्त्र स्वीकार गर्‍यौ । यथार्थमा ती परमेश्वरकै सत्य वचन थिए ।" १ थेस्सोलोनीहरूलाई २:१३ ।

यस र अघिल्लो पाठले देखाएको धर्मशास्त्रप्रति गर्नुपर्ने प्रतिबद्धता खिलाफ तपाईंको समाज र संस्कारले कस्तो वल प्रयोग गरेको पाउनुहुन्छ ? विश्वासलाई डगमगाउन खोज्ने यस्तो प्रभावलाई कसरी पहिचान गर्नुहुन्छ ? अझ बढी महत्वपूर्ण प्रश्न त यो छ आफू र अरूलाई त्यस्तो प्रभावबाट सुरक्षित हुन तपाईंले के गर्नसक्नुहुन्छ ?

## ५ अनेकतामा एकता

पत्रुसले धर्मशास्त्र बाइबलको बारेमा के भन्न खोजिरहेका छन् सो २ पत्रुस ३:१६ मा पढ्नुहोस् ।

पावलका लेखहरूलाई पवित्र वचन भनि जव पत्रुसले उल्लेख गर्दछ दुबै धर्मशास्त्रहरू परमेश्वरको वचन हुन भनेर आन्तरिक प्रमाणले देखाएको पाउँछौं ।१ थेसलोनिकीहरूलाई २:१३ पनि हेर्नुहोस् । बाइबलको लेखकहरूको बिभिन्न पूष्टभुमिहरू र बिविधताको बाबजुत पनि दुबै धर्मशास्त्रहरूमा पाइने एकता अचम्म र अनुकरणीय छन् ।

पुरानो नियमलाई मूर्त रूप दिन कमसेकम हजार वर्ष लागेको थियो । नयाँ नियम प्रादुर्भाव भएको बेलासम्म खास लिखित पुस्तकहरू सार्वजनिकरूपमा उपलब्द भएको थिएन र पुरानो नियम र नयाँ नियमको बीचमा कमसेकम पाँचसय बर्षको अन्तराल थियो । ईस्वी सन प्रथम सताब्दीको अन्तिम आधामा नयाँ नियमको लिखितरूपमा सुरू र अन्त भएको थियो । बाइबल लिखितरूपमा हाम्रो अगाडि ल्याउन पन्द्रसय बर्षभन्दा बढी लागेको थियो भनेर यकिन गरेको छ ।

तलका पदहरू पढ्नुहोस् र ती पदहरूले एकै स्वरमा के भनिरहेका छन् ?

लेबी १९:१८, व्यवस्था ६:५, मत्ती २२:३६-४०, १ कोरिन्थी १३ ।

बाइबलको एकरूपताले यो पुस्तक परमेश्वरको निर्देशनमा तयार पारेको भनी देखाएको बलियो सबुद प्रमाण दिन्दछ । यसका लेखकहरू बिभिन्न पृष्टभुमीबाट आएको भएतापनि यसका विषयवस्तुहरूमा एउटै उद्देश्यले बिशिष्ट स्थान ओगटेको छ । राजाहरू, प्रधानमन्त्रीहरू, गोठालाहरू, माझीहरू, भविष्यवक्ताहरू, सिद्धवक्ताहरू, पुजारीहरू, सरकारी कर्मचारीहरू,

चिकित्सक आदि जस्का ब्यवसायहरू विभिन्न भएता पनि ती सबैले त्यहि एउटै परमेश्वरको बारेमा लेखेका थिए । यसका कुनै पुस्तकहरू ऐतिहासिक छन त कुनै भविष्यवाणीले भरेका छन् ।कुनै काव्यशैलीमा छन् भने कुनै पद्यशैलीमा छन् । कुनै पुस्तकहरू प्रभुको सुसमाचार कसरी फैलिरहेको छ भनेर बिवरण दिन्दछ भने कुनै पुस्तकहरू मण्डलीको लागि वा व्यक्तिगत चिठ्ठीपत्रको रूपमा प्रस्तुत गरेको छ । जेभएता पनि सबैले एउटै परमेश्वरको माया र ममताको बारेमा बोल्दछन् । एउटै मुक्तिको योजनाबारे सबैले औंल्याउँछन् र सबैले एउटै धार्मिक मापदण्डलाई उचालेको पाउँछौं । सबैको एउटै अनन्त जीवनको प्रतिफलको लागि प्रतीक्षा गरेको देखाएको छ । यो कुनै संयोगले उत्पादित पुस्तक होइन । बाइबलका लेखकहरूमा प्रेरणाको श्रोत एउटै रहेछ भनेर यी सबै प्रमाणहरूले देखाउँछ ।

बाइबलमा तपाईंको मनपर्ने साझा विषय के हो ? कुन चाँहि विषयले तपाईंको हृदयमा बढी छुन्दछ ? साथीभाईहरूमा यसको चर्चा गर्नुहोस् ।

## उपसंहार:

बढी जानकारीकोलागि पढ्नुहोस्: *सेभेन्थ एडभेन्टिष्ट बेलिभ,* ×द वर्ड अभ गड," पृ. एलेन जि ह्वाइट, *सेलेक्टेड मेशेज*, बुक १, ×द इन्सिपिरेशन अभ द प्रोफेटिक राइटरस्," पृ. १५-२३ । *सेलेक्टेड मेशेज*, बुक ३, ×द प्राइमेशी अभ द वर्ड," पृ. २९-३३ ।

×प्रेरणापाएको मानिसहरूले बाइबल लेखेका हुन् तर त्यसमा अभिव्यक्त विचारशैली र लेखनशैली परमेश्वरको होइन । यी मानविय शैली हुन । यसका अक्षरस लेखक परमेश्वर नै हो भनेर वर्णन गरिएको छैन....बाइबलको लेखकहरू परमेश्वरका लेखकहरू थिए तर उहाँको कलम थिएन । बिभिन्न लेखकहरूलाई हेर्नुहोस् ।बाइबलको शब्दहरूले प्रेरणा पाएका होइन तर मानिसहरू प्रेरित भएका थिए । मानिसको शब्द र अभिव्यक्तमा प्रेरणा भएको होइन तर मानिस आफैमा जो पवित्र आत्माको प्रभावमा विचारहरूले भरिएका थिए । तर जुन वचनहरू ग्रहण गर्दछ त्यसले मानिसको व्यक्तिगत दिमागलाई प्रभाव पार्दछ । तिनीहरूबाट परमेश्वरको ज्ञान फैलिएको हुन्छ ।परमेश्वरको राय र इच्छा र मानिसको राय र इच्छाको संमिश्रण हुन्छ । अनि त्यसबाट निस्किएका मानिसको लवजहरू परमेश्वरको वचन भनेर कहलाइन्छ ।" एलेन जि ह्वाइट, *सेलेक्टेड मेशेज*, बुक १, पृ. २१

×बाइबलले यसका लेखक परमेश्वर भनेर औंल्याउँछ; तैपनि मानिसका हातबाट यी लेखिएका हुन; विभिन्न लेखकका आफ्नै आफ्नै गुणहरू यस पुस्तकका पृथक लेखशैलीहरूबाट प्रस्तुत गरेको पाईन्छ ।" एलेन जि ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ५

चर्चाको विषय:

१. पाँचौं बूँदाको प्रश्नलाई अरू विश्वासीहरूसँग छलफल गर्नुहोस् ।
२. बाइबलसँग प्रतिस्पर्धा गर्न कुन आधिकारिक श्रोतहरू लागिरहेका छन् ? त्यस्तो श्रोतहरूको पहिचान गर्नुहोस्, उदाहरणस्वरूप सरकार, बिभिन्न संचार माध्यमहरू, विज्ञान, संस्कृति, रहनसहन आदि । विश्वासीहरूबीच यिनीहरूको विषयमा छलफल गरी बाइबललाई कसरी संन्तुलन राख्न सकिन्छ त्यसको चर्चा गर्नुहोस् । याद गर्नुहोस् कि यी सबै चर्चामा बाइबलनै तपाईंको जीवनको अन्तिम आधिकारिक सूत्र भनी नभुल्नुहोस् ।
३. बाइबलमा कति कुराहरू छन् ती बुझ्न कठिन छन्, यसमा सन्देह छैन । तर यस्तो बाबजुतपनि सम्पूर्ण बाइबल एउटै विषय र एउटै परमेश्वरको बारेमा बर्णन गरेकोले अचम्भ मान्नु पर्छ। कुनै कुरा बुझ्न नसकिए पनि बाइबल परमेश्वरको

वचन हो भनी त्यसमा आस्था जोगाइ राख्न तपाईंले के भूमिका निर्वाह गर्नुसक्नुहुन्छ?

**अध्याय ३**

## बाइबलका भविष्यवाणी पुरा हुन्छन्

यस अध्ययनकोलागि पढ्नुहोस्: यशैयाह ५२:१३-५३:१२, दानियल २, मत्ती २४:२४, युहन्ना १३:१९

मूल पद: ×विगत प्राचीनकालका कुराहरू सम्झनु; म नै परमेश्वर हुँ, अरू कुनै छैन; म परमेश्वर हुँ र म सरह अरू कुनै पनि छैन । सुरूदेखी अन्तसम्म म आफूलाई चिनाइएको छु, म भन्छु प्राचीनकालदेखी जुन हुनु मेरो लक्ष हो त्यो आफ्नै ठाँउमा स्थिर रहनेछ र म जे गर्नेछु ती मेरो रूचिअनुसार हुनेछ ।" यशैयाह ४६:९,१०

मूल विचार: हाम्रो विश्वासलाई सम्वर्धन गर्न र सुदृढ बनाउन बाइबलका भविष्यवाणी अति प्रभावशाली कारक भईरहेकोहुन्छ ।

सट्टा बजारका बिभिन्न शेयरहरू कसरी मुनाफामा चलिरहेको छ भनेर हरेक बर्ष मानिसहरूले त्यसका बिज्ञहरूको सल्लाह खोज्दछन् । ती ब्यापार बिशेषज्ञहरूले आफूले थाहापाएको शेयरको मुल्यको बारेमा सबैकुरा बताउन सक्दछ तर अन्तमा एउटा निष्कर्ष उनीहरूले निकाल्न सक्दैन: ती हुन यसले भविष्यमा के गरिनेछ ।

बाइबलमा भएका बिभिन्न अचम्भ भविष्यवाणीहरूको वर्णन र त्यसको पूरा भएको र हुनगइरहेकोले परमेश्वर सर्वज्ञानी हुनुहुन्छ भनेर प्रमाण गराउँछ । घटना घट्नुभन्दा धैरै बर्ष अघि प्रायजसो ती सबै भविष्यवाणीहरू लेखेका थिए । परमेश्वरले बोलेको भविष्यवाणी अनुसार भइरहेको छ भनेर समय समयको घटनाक्रमले निश्चितरूपमा देखाएको हामी पाउँछौं । इतिहासका पानाहरू पल्टाउँदा बाइबलमा भविष्यवाणीहरू उल्लेख गरेका र ती भविष्यवाणीहरू साँच्चैरूपमा पुरा भइरहेको हामी देख्दछौं । ×परमेश्वरले आफ्ना सेवक सिद्धबक्ताहरू वा भविष्यवक्ताहरूलाई आफ्नो भेद थाहा नदिइकन केही पनि गर्नुहुन्न ।" आमोस ३:७

बिगतका भविष्यवाणीहरू यथार्थरूपमा पूरा भएको सन्दर्भमा, बाँकी हुने भविष्यका भविष्यवाणीहरू पनि पुरा हुनेछ भनेर हामी ढुक्क हुनसक्दछौ । ती मध्य येशूको दोश्रो आगमन जुन सबै भविष्यवाणीहरूमा महान छन् त्यो पनि पुरा गराउनुहुनेछ भनि हामी विश्वास गर्छौं ।

बाइबलमा लेखिएका केही महान भविष्यवाणीहरू यस भागमा हेर्नेछौं । ती भविष्यवाणीहरूबाट के शिक्षा लिन सक्दछौं ? ती भविष्यवाणीहरू कुन तात्पर्यले दिएका हुन् ? ती भविष्यवाणीहरूको पछाडी के मूल तत्त्व लुकेका छन्? बाइबलनै परमेश्वरको वचन हो भनेर विश्वास दिलाउन ती भविष्यवाणीहरूले के भुमिका खेल्दछ ?

## १ भविष्यवाणी बोल्ने अधिकार

हिब्रु भाषामा *नावा* को अर्थ भविष्यवाणी बोल्नु हो । कुनै व्यक्तिलाई अभिप्रेरित वा प्रेरणाद्वारा वचनहरू खन्याएको भन्ने धारणा यस शब्दले व्यक्त गर्दछ । त्यस शब्द *नावा* बाट नाम *नवी* हुन्छ जसको अर्थ सिद्धवक्ता, भविष्यवक्ता, अरूकोलागि बोल्ने प्रवक्ता भन्ने जनाउँछ । हेर्नुहोस् प्रस्थान ६:२८-३०, ७:१ । बाइबलमा अर्को यस्तो व्यक्ति जो सँग भविष्यवाणी बोल्ने बरदान छ त्यसलाई *सिर* ×seer" जुन हिब्रु भाषाका दुई बिभिन्न शब्दले बनेको हुन्छ यसको अर्थ ×देख्ने" लाई भन्दछ । नेपाली शब्दकोषमा यसको अर्थ सिद्ध, ऋषि, भविष्यज्ञाता, गुरू, स्वप्नदर्शी वा दूरदर्शी भनेर उल्लेख गरेको छ । अर्थात यी भविष्यज्ञाता यसता बिशेष व्यक्ति हुन जसले साधारणतया अरूले नदेखेको बस्तुहरू उसले देख्दछ वा उसलाई देखाइन्छ । यसरी ती भविष्यवक्ता वा सिद्धवक्ताहरूले अरूले नदेखेको कुरामात्र देख्ने होइन परमेश्वरले चाहेको कुराहरू तिनीहरूको माध्यमबाट प्रभावशाली र उत्साहपूर्वक बोल्ने अभिभारा सुम्पिएको हुन्छ ।

मत्ती २४:२४ पढ्नुहोस् । भविष्यवक्ताहरू वा परमेश्वरको प्रवक्ता भनेर दावी गर्नेहरूको बारेमा कस्तो सावधान अपनाउनुपर्दछ भनेर येशूले हामीलाई के भन्नु भएको छ ? उहाँको वचनमा के सान्दर्भिक अर्थ पाउनुहुन्छ ?

सत्य भविष्यवक्ताहरू हुन्छ भने असत्य भविष्यरूक्ताहरू पनि हुन्छ भनेर येशूले हामीलाई सचेत गराउनु हुन्छ। सबै भविष्यवक्ताहरू वा परमेश्वरका प्रवक्ताहरूलाई नकार्यौं अथवा उनीहरूको बरदानलाई अस्विकार गर्‍यौं भने झुठा भविष्यवक्ताहरू पनि रहेछ भनेर चेतावनी पाउनु अर्थबिहिन हुन्छ ।

मत्ती २४:३२,३३ र युहन्ना १३:१९ पढ्नुहोस् । भविष्यवाणीको उपयोगिता कुन आधारमा हुन्छ भनेर यहाँ देखाइएको छ । परमेश्वरको भविष्यवक्ता हुनु भनेको केवल

भविष्यवाणीमात्र बोल्नु होइन भनेर येशूले यी पदहरूमा देखाउनु भएको छ । तर बोलेको वचन पूरा भइसकेपछि हाम्रो आस्था परमेश्वरमा र उहाँको वचनमा सुदृढ गराउनु भविष्यवाणीको गुण हो । भविष्यवाणीहरू जव जव पूरा भइरहेको हामी देख्दछौं तव तव बाइबल परमेश्वरबाटै आएको हो भनेर त्यसमा बढी आस्था जागेर आउँछ ।

धेरै थरिका भविष्यवाणीहरू हुन्छन् ।हाम्रो प्रभु येशू मशिहको आगमनको भविष्यवाणी एक थरिको छ ।इस्रायलीहरू र बिभिन्न राज्यशक्तिहरूको भविष्यबारे औंल्याएको एक थरि छ भने अर्को थरि संसारको अन्त र त्यसपछि के हुन्छ भनेर उल्लेख गरेको भविष्यवाणी हामी पाउँछौं ।

तपाईंको जीवनमा परमेश्वरसँग हिडन भविष्यवाणीले कुन भूमिका खेलेको छ त्यो विचार गर्नुहोस् । भविष्यवाणीबाट के पाठ सिक्नुभयो वा सिकीरहनु भएको छ ? यस अचम्भको बरदानबारे नयाँ विश्वासी अथवा बाइबलको भविष्यवाणीहरूको अध्ययनकर्तालाई कस्तो सल्लाह दिनुहुन्छ र साथै कस्तो सजगता अपनाउनुपर्दछ भनेर सुझाव दिएर सचेत गराउनुहुन्छ ?

## २ प्रारम्भिक भविष्यवाणीहरू

×हे यहुदा र येरूशलेमका बासिन्दहरू हो, मेरो कुरा सुन ! परमप्रभु तिमीहरूका परमेश्वरको विश्वासमा तिमीहरू स्थिर भइरहो र उहाँले तिमीहरूलाई थामिराख्नुहुनेछ । उहाँको अगमवक्ताहरूको विश्वास गर र तिमीहरूको फलिफाप हुनेछ ।" २ इतीहास २०:२०

पतीत मानिसको लागि भविष्यवाणीले महत्वपूर्ण भुमिका खेलेको बाइबलको पहिलो पुस्तक उत्पतिदेखि नै पाउँछौं । विगतका इतिहासमा परमेश्वरले पापी मानिसहरूको लागि कसरी काम गर्नुभयो भनेर हामी देख्दछौं ।

तलका पदहरू हेर्नुहोस ।यसमा के भविष्यवाणीहरू उल्लेख गरिएका छन् र कसरी ती पूरा भए ?

उत्पति ३:१५, ६:१३, १२:१-३, १५:१३,१४, १८:१०

भविष्यवाणी कसरी ठीक ठीक रूपमा पुरा भएको थियो भनी थाहा पाउन पछाडी फर्केर हेर्न सजिलो छ । तर तपाईं नोहाको स्थानमा आफूलाई राख्नुहोस । आकाशबाट पानी आएर सारा संसार ध्वस्त हुनेछ भनेर परमेश्वरले उसलाई भनेको थियो । एलेन जि ह्वाईटको मुताविक त्यो भन्दा पहिले संसारमा कहिल्यै पनि पानी परेको थिएन (पेट्रियार्क एण्ड प्रोफेट, पृ. ९६,९७) । त्यसैकारण उसको कुरालाई सबैले उपहासको रूपमा लिएको थियो । फेरी बुढेसकालमा अब्राहम र साराको पुत्रलाभ हुन्छ भन्ने परमेश्वरको वचनलाई विश्वासगर्नु त्यति सजिलो थिएन किनकि साराले बच्चा जन्माउने उमेर गईसकेको थियो । साँच्चिक्कै उनीहरूको लागि यो विश्वासको ठूलो परीक्षा थियो (हिब्रु ११:७-११) । अहिलेकै अवस्थामा भनौं भने त्यसबेलाका पुर्खाहरूले परमेश्वरले भन्नुभएको कुरा पुरा हुन्छ भनेर विश्वास गर्नु कुनै पनि विज्ञानको परिधी भन्दा बाहिरको थियो ।

तपाईंको जीवनमा परमेश्वरले के प्रतिज्ञा गर्नुभएको छ र त्यसको प्रतीक्षामा तपाईं कसरी स्थिर रहनुभएको छ ? बाइबलको पात्रहरूको जीवन कहानीले तपाईंले के पाठ सिक्नुहुन्छ र तिनीहरूले गर्दा तपाईं पनि परमेश्वरका प्रतिज्ञाहरूमा कसरी अडिग हुनसक्छ भनेर निश्चय गर्नुहुन्छ ?

## ३ सिद्धवक्ता दानियलको भविष्यवाणी- दानियल २

दानियल २ अध्याय पढ्नुहोस र त्यसमा लेखिएका भबिष्यवाणीलाई पुनरालोकन गर्नुहोस् ।यसमा भविष्यको ज्ञान जान्ने शक्ति परमेश्वरको दुरदर्शितालाई कसरी हेर्नुहुन्छ ?

दानियल २ मा उल्लेखित साम्राज्यहरूको भविष्यवाणी पुराभएको विस्व इतिहासले पूर्ण समर्थन गर्दछ । ईसापुर्व ६०५-५३९ मा बेबिलोनको सुनौलो साम्राज्य संसारमा फैलिएको थियो । त्यसको प्रभाव जताततै परेको थियो र त्यो प्राचीन मध्य पूर्वमा शक्तिशाली राज्यकोरूप खडा भएको थियो जसले त्यसबेलाको विस्वमा आफ्नो आधिपत्य जमाएको थियो । आज त्यस बेबिलोन सभ्यताको भग्नावशेष आधुनिक इराकको बग्दादबाट ७० माईल दक्षिणमा रहेको पाउँछौं । बाइबलले त्यस चक्रवर्ती साम्राज्य बेबिलोनको पतनको भविष्यवाणीमात्र गरेन (यर्मिया ५१:४९,५३) यस पतनको अभियानमा कस्ले नेतृत्व गर्नेछ भनेरसमेत् भविष्यवाणी गरेको थियो (यशैया ४५:१-४) मिड पर्सियाका सम्राट साईरस र उसका सैनिकहरू भविष्यवाणी बोलेको १२७ वर्ष पछि बेबीलोन शहरमा घेरा लगाएको थिए ।

मिड र पर्सिया ईसापूर्ब ५३९-३३१ सम्म संसारको शक्तिशाली साम्राज्य भए । तर दानियल २:३९ मा परमेश्वरले भन्नुभएको थियो, ×तेश्रो साम्राज्य जो ढलौटको रूपमा सड्केट गर्दछ त्यसले संसारमाथि आधिपत्य जमाउनेछ ।" त्यो तेश्रो शक्ति युनान वा ग्रीक हो भनेर दानियलले स्पष्टरूपमा ८:२ मा भनेको पाइन्छ । थौरै समयमा महान् सम्राट अलेकजेन्दरले आफ्नो ग्रीक सैन्यको बलले संसारमा आफ्नो आधिपत्य जमाएको थियो । तिनीहरूले ढलौतको छातीपाटा र टोपी लगाएको थियो । तिनीहरूको तरवार र ढाल ढलौटको थियो । परमेश्वरले दानियललाई देखाएको युनानको सड्केट यसरी पूरा भएको देख्दछौं ।

ई.पु. १६८ मा फलामरूपी रोमले ग्रीकमाथी हमला गरेर आफ्नो आधिपत्य जमाए । दानियलले त्यस मूर्तीका खुट्टाहरू फलामको थियो भनेर देखेका थिए । रोमले फलामको अस्त्र प्रयोग गरेर संसारमा सव भन्दा बढी राज्य गरे । यो पनि दानियलको भविष्यवाणी मुताविकनै थियो । उसको साम्राज्य बिलायतको टापुहरूदेखी अरब सागरहरूमा, उत्तर सागर देखी सहारा मरूभूमी राज्यहरूमा र आटलान्टिक देखि युफ्रेटिससम्म फैलिएको थियो ।

तर दानियलले भनेका थिए, ×त्यो राज्य टुक्रिने छ ।" (दानियल २:४१) । बाइबलले भनेको अनुसार रोम विभिन्न राज्यहरूमा बिभाजित भएर आधुनिक युरोप बने । दानियललाई देखाएको दर्शनको मूर्तीमा ति राज्यहरूलाई पाईतालाका औंलाहरूले सड्केट गराउँछ । यसमा भनिएको छ जसरी माटो र फलाम मिसिन्दैन त्यसरी नै ती राज्यहरू मिल्दैन (पद ४३) । त्यो आधुनिक युरोपको चित्रण थियो । साथै आज हामी त्यस संसारको सड्घारमा छौं जसरी त्यस मूर्तीको पाईतालाहरूले देखाउँछ ।

अर्को राज्य अन्तिम थियो । त्यस मूर्तीलाई स्वर्गबाट ठूलो पिण्ड आएर ढलायो र त्यस पिण्ड जगतभरि फैलिएको दानियलले देखेको थिए । यो परमेश्वरको अनन्तको राज्य हो । अरू सबै भविष्यवाणीहरूमा दानियल ठीक थियो भने त्यस अन्तिममा यथार्थता छैन भन्नु कति मुर्खतापूर्ण हुनसक्छ ।

विचार गर्नुहोस दानियल येशू आउनुभन्दा ५०० बर्ष भन्दा अघि थिए तर उनले आधुनिक युरोपको इतिहासको वर्णन गरेका थिए । परमेश्वरले नदेखाएको दर्शन भए उसले कसरी यो भविष्यवाणी गर्न सक्दथे ? के तपाईंको विश्वास वा आस्था ढलमलिरहेको छ ? के तपाईंले परमेश्वरमाथि विश्वास गर्न कठीन भएको महशुस गर्नुभएको छ ? यी भविष्यवाणी र अरू पूरा भएका भविष्यवाणीहरूलाई अध्ययन गर्नहोस् र परमेश्वरसँग विश्वासमा मजबुत बनाउन उहाँसँग वरदान माग्नुहोस ।

**४ भविष्यवाणीमा येशू मसिहको समावेश**

पुरानो नियमका धेरै भविष्यवाणीहरूमा, सबभन्दा प्रभावशाली येशूको प्रथम आगमन हो । पुरानो नियममा मात्र मसिहको आगमनबारे साठ्ठी भविष्यवाणीहरू छन् । त्यस मध्ये अति प्रभावशाली भविष्यवाणी यशैयामा पाउँछौ ।

मसिहलाई यशैया ५२:१३-५३:१२ सम्म कसरी चित्रण गरिएको छ सो पढ्नुहोस् ? ती चित्रणलाई येशूले कसरी पुरा गर्नुभएको छ ?

बाइबलमा सबभन्दा महत्वपूर्ण र प्रभावशाली भविष्यवाणीका उदाहरणहरूमा यशैयाको यो भविष्यवाणी उल्लेखनिय मानिन्छ । यसमा धेरै संयोगहरू छन् जुन सितिमिति पुरागर्न त्यत्ति सजिलो छैन । तर येशूको जीवनीले जसरी यस भविष्यवाणीलाई कदम कदममा पुरा गरेको देखाइन्छ, यसले गर्दा यो येशूका उपाशककोलागि उहाँ को हुनुहुन्छ भनेर प्रमाण जुटाउने साधनको रूपमा लिइन्छ ।

येशूको बारेमा पुरानो नियममा उल्लिखित भविष्यवाणीहरू र नयाँ नियममा कसरी त्यो पूरा भयो भनेर देखाउने केही उदाहरणहरू तल प्रस्तुत गरेको छ । यसले परमेश्वरको वचनमा विश्वास गर्न सकिन्छ भनेर कसरी जनाउँछ ?

| **पुरानो नियमका भविष्यवाणी** | **नयाँ नियममा पूरा भएको** |
|---|---|
| यशैया ७:१४ | मत्ती १:२३ |
| मिका ५:२ | लुका २:४-७ |
| दानियल ९:२५ | लुका ३:१-२३ |
| होशे ११:१ | मत्ती २:१४ |

येशू पुनरूत्थान भएपछि आफूले भविष्यवाणी कसरी पूरा गर्नुभयो भनेर जुन दावी गर्नुहुन्छ त्यो अध्ययन गर्न धेरै रोचक छ । इम्मायुसको बाटोमा जाँदै गरेका दुई जना चेलाहरूलाई येशूले भन्नुभयो, ×ख्रीष्टले यी सबै दु:ख पाएर महिमामा प्रवेश गर्नैपर्ने थिएन र ? 'अनि उहाँले मोशादेखि सुरु गरेर सबै भविष्यवक्ताहरूलाई औंल्याएर आफ्नोबारे पवित्र शास्त्रमा लेखेका कुराहरूलाई वाख्या गर्नुभयो ।" लुका २४:२६,२७ । उहाँको बारे जन्म (यशैयाह ९:१,२), उहाँलाई अस्वीकार गरेका (यशैया ५३:३), उहाँको हात र खुट्टालाई छेंडिने (भजन २२:१६), उहाँलाई गिल्ला र बेईज्जत गरिने (भजन २२:६-८), पापीहरूको वीचमा क्रुसमा टाँगिने (यशैया ५३:१२), र उहाँको पुनरूत्थान हुने (भजन १६:१०) आदि भविष्यवाणीहरू कसरी उहाँमा पूरा भयो भनेर ती चेलाहरूलाई वर्णन गरेका थिए ।

येशूले ती भविष्यवाणीहरू पूरा गर्नुभएको कारणले नै तपाईंले गर्नुभएका विगतका पापबाट माफि पाएर परमेश्वरको अगाडि उभिन सक्नुहुन्छ । येशूले गर्नुभएको कार्य तपाईंको निम्ति भनेर दावी गरेर विश्वासमा अघि बढे पुग्छ । विश्वासद्वारा मुक्ति पाउँछ भन्ने महान् सत्यले तपाईंको जीवनमा कसरी परिवर्तन ल्याउन सक्दछ ? के यसले असर पारि सकेको छ र ? तपाईंको जीवनमा अरू के परिवर्तन हुनु आवश्यक छ ?

## ५ दोश्रो आगमन

भविष्यवाणीले बताएको अनुसार पूरा भएका धेरै भविष्यवाणीहरू यस भागको सुरूदेखि हेर्‍यौं । प्रायजसो ती भविष्यवाणीहरू अभूतपूर्व पूरा भएको हामी देख्दछौं । तर धेरैजसो ती सब विगतको समयमा पूरा भइसकेको भविष्यवाणीहरू हुन् । बाइबलले भविष्यमा घट्ने भविष्यवाणीहरूको पनि चर्चा गर्दछ । येशूको दोश्रो आगमनलाई लक्षित गरेको भविष्यवाणीहरू सबभन्दा बढी महत्वको रूपमा लिइन्छ ।

उहाँको प्रथम आगमनको भविष्यवाणीहरू अक्षरस पूरा भएको हामी पढ्छौं भने उहाँको दोश्रो आगमनको भविष्यवाणीमा हामी किन निश्चित नहुने ?

येशूलाई पूरा ज्ञान थियो अव उहाँ आफ्ना चेलाहरूको साथमा हुनुहनेछैन ।उहाँ बिना ती चेलाहरूको हृदय छियाछिया हुन्छ भनेर पनि उहाँलाई थाहा थियो । त्यसकारण उहाँको मृत्युपूर्व र उनीहरूलाई छोडेर जानु अघि उहाँले तिनीहरूलाई यसरी विश्वस्त तुल्याउनुभयो, ×यदि म तिमीहरूकोलागि ठाँउ तयार पार्न गएँ भने म फेरि आउनेछु र तिमीहरूलाई लिएर जानेछु, अनि म जहाँ हुन्छु तिमीहरू पनि त्यहीं हुनेछौ ।"-युहन्ना १४:३ । येशूका सबभन्दा नजिकका चेलाहरू मध्ये पत्रुस थिए जसले यसरी लेख्दछन्, ×तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भष्म हुनेछन्, र तत्वहरू आगोको रापमा पग्लनेछन् । तर उहाँको प्रतिज्ञा बमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मकताले बास गर्छ ।" -२ पत्रुस ३:१३ ।

येशूको दोश्रो आगमन कुन रूपमा हुन्छ र कसरी हुन्छ मात्र बाइबलले भन्दैन तर उहाँको आगमन पूर्व कस्ता कस्ता चिन्हहरू वा सङ्केतहरू हुन्छ भनेर बयान गरेको पाउँछौं । उदाहरणमा तल त्यस्ता केही भविष्यवाणीका सङ्केतहरू वर्णन गरेका छन् जसले येशूको आगमनपूर्व हुनेछन भनेर बताइएको छ । ती पढ्नुहोस् र जुन पूरा भइरहेको छ त्यसको पछि × चिन्ह लगाउनुहोस्:-

१ झूठा मसिहहरू वा मानिसहरू भगवान् हौं भनेर सर्वसाधारणलाई फसाउने ढोकेवाजहरू -मत्ती २४:४,५

२. लडाइँ र लडाइाका हल्लाहरू, राष्ट्रिय र अन्तराष्ट्रिय द्वन्द्धहरू -मत्ती २४:६, ७

३ झुठा भविष्यवाणीहरू बोल्ने अगमवक्ताहरू जसले मानिसलाई धर्मको नाउँमा धरापमा पार्दछन् -मत्ती २४:११

४. अनिकाल, भोकमरी वा महाकाल -मत्ती २४: ७

५. विभिन्न प्राणघातक रोगहरूको विगविगि -लुका २१:११

६. भूकम्पहरू आउने र त्यसको त्रासहरूको निरन्तरता–मत्ती २४:७

७. विभिन्न सामाजिक समस्याहरू र विकृतीहरू -२ तिमोथी ३:१-५

८. मानिसहरू त्रास र सन्त्रासले जिइने -लुका २१:१६

९. ज्ञान विज्ञानको अधिकत परिणाममा बृद्धि भइरहनु -दानियल १२:४

१०. बिभिन्न चमत्कारहरू र मानिसलाई बहलाउने आश्चर्य सङ्केतहरू बद्नु-लुका २१:११

११ परमेश्वरमाथि अविश्वासको धारणा बढ्नु वा नास्तिकहरूको प्रभाव बढ्नु -२ पत्रुस ३:३,४

१२ विश्वभरी सुसमाचारको प्रचार मत्ती २४:१४

माथि उल्लिखित वर्तमान विश्वको चित्रणहरू नै हुन भनेर ठोकुवा गरेर भन्न सक्दछौं । यी वर्णनहरू सयौं सताब्दी अगाडि लेखेका कारण आश्चर्यनै मान्नु पर्दछ । यसले गर्दा बाइबलमाथि विश्वास र आस्था राख्नसक्छौं भन्ने अझ बढी सबुत प्रमाण हामीले पाएका छौं ।

येशू भोलीनै आउनुहुन्छ भनेर विश्वास गर्नुहुन्छ भने के तपाईं खुसी हुनुहुन्छ वा त्रासित हुनुहुन्छ ? तपाईंको जवाफले तपाईंको सम्बन्ध आफूमा र परमेश्वरमा कस्तो छ भनेर जनाउँछ ।

**उपसंहार:-**

यस भागको बारे अरू जान्न चाहेमा पढ्नुहोस्, एलेन जि ह्वाईट, *प्रोफेट एण्ड किन्गस्*, ×नेबुकदनेजारको स्वप्न दर्शन" पृ. ४९१-५०२, *सेलेक्टेद मेशेजेज्*, पुस्तक ३, ×द बाइबल प्रोफेट रोट फर आवर टाइम" पृ. ३३८,३३९ र ×क्यान अल ह्याभ द गिफ्ट अभ प्रोफेसी ?" पृ. ३४०, ३४१ ।

× विश्वासका पितामहहरू र अगमबक्ताहरूसँग बोल्ने आवाज येशू नै हुनुहुन्छ । यो प्रक्रिया आदमदेखि सुरु भएर समयको अन्तसम्म नै चलिरहन्छ । जसरी येशू उद्धारकर्तालाई नयाँ नियममा प्रकट गरिएको थियो त्यही स्पष्ट रूपमा पुरानो नियममा पनि प्रकट गरिएको छ । विगत भविष्यवाणीको ज्योतिमा येशूको जीवनलाई प्रस्तुत गर्दछ । त्यसैमा नयाँ नियमका शिक्षा दीक्षाहरू सुन्दर र स्पष्ट भएको देख्दछौं । येशूमा ईश्वरीय शक्ति छ भन्ने प्रमाण उहाँको आश्चर्य कामले देखाउँछ । तर उहाँ संसारको मुक्तिदाता हो भन्ने मजबुत प्रमाण त पुरानो नियममा उल्लिखित भविष्यवाणीहरूसँग नयाँ नियमका इतिहाससँग दाँजेर हेर्नुपर्दछ ।"- एलेन जि ह्वाईट, *द डिजायर अभ एजेज*, पृ. ७९९ ।

×हरेक राष्ट्र जुन यस संसारमा कार्यकलापको लागि स्थान ओगट्न दिएको छ, तीबाट आफ्नो लक्ष्यलाई पुरा गराउन पवित्र र दिब्यदृष्टिले हेरिरहने परमेश्वरले निर्णायक भूमिका खेलिरहनु हुन्छ । विश्वका महान साम्राज्यहरूको उदय र पतनलाई भविष्यवाणीले औंल्याएको थियो । बेबिलोन, मिड पर्सिया, ग्रीक वा युनान र रोमको प्रगति र पतनलाई भविष्यवाणीमा वर्णन गरिएका थिए । उपरोक्त साम्राज्यहरू अति शक्तिशालीबाट कम शक्तिशाली भनि देखाएर इतिहास कसरी दोरिन सक्दछ भनेर प्रस्तुत गरेको पाउँछौं । हरेक साम्राज्यले परीक्षा घडीको अवसर पाएका थिए, हरेक असफल भए, हरेकको महिमा बिलाएर गए र यी सबैको शक्ति एक एक गरेर गुज्रेको पाउँछौं ।"- एलेन जि ह्वाईट, *प्रोफेट एण्ड किन्गस्,* पृ. ५३५ ।

**चर्चाको विषय:**

१. यस भागलाई साधारण रूपमा हेरेर कुन विषयले महत्वपूर्ण प्रभाव तपाईंलाई पारेको छ अर्थात के यस भागले भविष्यवाणीको भूमिकाको बारे बुझाउन मद्दत मिलेको छ ?

२. धर्मशास्त्रहरूमा लेखेका भविष्यवाणीहरू पूरा भएको सबुत प्रमाण भएपनि मानिसहरूले त्यसलाई विश्वास गर्न किन इन्कार गर्दछ ?  अरू कारणहरू के होला जसले सबुत प्रमाणको बाबजुत पनि परमेश्वरमा विश्वास गर्न चासो राख्दैनन् ? शायद केही अबरोधहरू होलान्, त्यसलाई भत्काउन तपाईंले के गर्न सक्नुहुन्छ ?

३. यस संसारमा विभिन्न भविष्यवक्ता कहलाउने वा ज्योतिषहरू छन जसले अनौठो भविष्यवाणीहरू बोल्दछन् । तपाईं विश्वास र बाइबलको ज्ञानमा बुज्रुक भएकोले विशेष गरेर नयाँ विश्वासीहरूलाई कसरी बाइबलका भविष्यवाणीहरू र त्यसका सैद्धान्तिक तत्त्वहरूको ज्ञानमा मजबुत बनाउनुहुन्छ ।

**भाग ४**

# बाइबल बिश्वसनीय छ

यस अध्ययनकोलागि निम्नलिखित पदहरू पढ्नुहोस्:- मत्ती ५:१७,१८, २४:३५, युहन्ना १०:३४,३५, रोमी ८:३४, १ कोरिन्थी १५:६, १२-१९, गलाती ३:२२, २ तिमोथी ३:१६, याकुब २:२२, १ पत्रुस १:२५

मूल पद: ×तपाईंको सत्यद्वारा तिनीहरूलाई पवित्र बनाउनुहोस्; तपाईको वचननै सत्य हुन् ।" युहन्ना १७:१७

मूल चिन्तन: परमेश्वरमाथि विश्वास र आस्था राख्न भौतिक पुर्वाधारहरूद्वारा प्रमाण नदिईकन परमेश्वरले किन उहाँको वचन हामीलाई दिनुभयो होला ?

आफ्नो मृत्युबारे गरेका हल्लाहरू धेरै बढाइचढाइ गरे भनेर अमेरिकाका प्रसीद्ध लेखक मार्क ट्वेनले एक फेरा भनेका थिए । बाइबलको बारे पनि त्यही दावी गर्न सकिन्छ । बाइबल यस संसारबाट बिलाएर जानेछ र यो केवल अवशेषको रूपमा मात्र रहने छ भनेर धेरै पल्ट नास्तिकहरूले घोषणा गरेका थिए । उदाहरणस्वरूप केही सताब्दी अघि अमेरिकाका प्रसिद्ध देशभक्त थोमस पेनले आफ्ना लेखहरू प्रस्तुत गरेपछि भने, ×मेरा रचनाहरूले बाइबललाई नाश गर्नेछ । सय बर्ष भित्र बाइबलहरू म्युजियममा मात्र देखापर्नेछ अर्थात् पुराना किताबका बिक्रेताहरूको ढुसी परेको कुनामामात्र ती पाउनेछन् ।" ऊ एकदम गलत थियो ।

यस्ता अनिश्वरवादीहरूले बाइबललाई हमला गर्न निरन्तरता दिएको पाउँछौँ । तर रोचक विषय त यो हो त्यस्ता आलोचकहरू आउँछन् जान्छन् तर बाइबलको अस्तित्व स्थिर नै रहेको हुन्छ । कुनै समयमा वा समय समयमा बाइबललाई भण्डाफोर गरेर त्यसको विचारधारामा क्रान्ति ल्याएर विद्वानहरू प्रख्यात भए वा भइरहेका हुन्छन् तर ती बिर्सिनेछन् तर बाइबल रहिरहन्छ । विश्वका महान् विद्वानविदहरूले बाइबलका लेखक मोशा र यशैयाको विश्वसनीयताप्रति प्रश्न गरे, आज ती विद्वानहरूलाई मानिसले मुश्किलले सम्झेका हुन्छन् तर मोशा र यशैयालाई आज पनि विश्वमा जताततै पढिरहेका पाउँछौं ।

गत केही भागहरूमा बाइबलमाथि कसरी विश्वास गर्न सकिन्छ भनेर विभिन्न तत्त्वहरू हेर्‍यौं । बाइबल कति भरपर्दो र त्यसको विश्वसनीयताप्रतिको अध्ययनक्रम यस भागमा जारी राख्नेछौ । अहिलेका जस्ता अत्याधुनिक कपिगर्ने मशिनहरू र डिजिटल स्क्यानरहरू नभएको हजारौं बर्ष अघि लेखेका बाइबलको हस्तलेखहरू कतिको ठीक वा शुद्ध छन् ? तिनीहरू शुद्धलेखहरू हुन भनेर कसरी थाहा पाउने ? र ती बाइबलका पुस्तकहरूमा किन हामी विश्वास गर्छौं र त्यसमा निर्भर हुन्छौं ?

मोटामोटीरूपमा त्यसको जवाफ हेरौं ।

## १. सबूत प्रमाण

सैतानको बाइबलप्रति वितृष्णा प्रारम्भिक कालदेखिनै भएको थियो र त्यो जारी नै छ । यस पुस्तकले सुरूदेखि अन्तसम्म मुक्तिको योजनालाई प्रस्तुत गरेको कारणले नै सैतानले यसलाई दुश्मनकोरूपमा हेर्दछ । यहि पुस्तक मानिसको अनन्त जीवनको मार्ग निर्देशक हो । त्यसैकारणले पनि उसले सताब्दीयौंदेखि यसलाई नाश गर्न भरमग्दुर प्रयास गरेको पाउँछौं ।

किताव छाप्ने मशिनको आविष्कारक गुटेनबर्गले प्रथम पुस्तक बाइबलनै छापेको थियो ।त्यसबेलाका इसाई धर्मगुरूहरूले बाइबल बजारमा ल्याएर सर्वसाधारणले पनि पढ्ने अवसर पाएकोले धेरै बिरोध गरे र गुटेनबर्गलाई मानसिक यातना ती धर्मका पहिरन ओढ्नेहरूले दिए । विलायतमा टिण्डेलले बाइबल अङ्ग्रेजी भाषामा निकालेकोले चर्चकै रक्षकहरूले उसलाई जिउँदै जलाइदिए । पश्चिम देशहरूमा बाइबलकोलागि लाखौंले आफ्नो ज्यान गुमाए भनेर चर्चको

इतिहासले बताउँछ । रोचक त यो छ कि ती बाइबल र त्यसको अनुयायीहरूलाई जुन खेदो गरे तिनीहरू गैर इसाई नभएर धुरन्धर इसाई धर्मका रक्षक धर्मगुरू वा पण्डितहरू नै थिए । तिनीहरूको कर्तुतको भण्डाफोर होला भनेर सर्वसाधारणाई बाइबल पढ्न मनाई गरेको थियो । सैतानले तिनीहरूलाई नै बाइबलको प्रचारप्रसार विरूद्ध अग्रसर गराएका थिए । तर जति बाइबललाई ध्वस्त र सखाप पार्न खोज्यो उतिनै यसको प्रचार प्रचुर मात्रामा भयो । बाइबललाई नाश गर्न असम्भव देखे र सैतानले हार खायो तर उसले यसलाई नाश गर्न अर्को कुटनिति चाल्यो, त्यो थियो यस पुस्तकको विश्वसनियतालाई जनमानसमा शङ्का फैलाई यसको अस्तित्वलाई सखाप पार्ने । यसरी उसले बाइबलप्रति प्रसिद्ध समालोचकहरूलाई उपयोग गरेर हजारौं विश्वासीहरूको विश्वासलाई धरातलमा झार्न सफल भए । धेरै विद्वानहरूको लागि यस पुस्तक केवल अरू जस्तै पौराणिक ग्रन्थमा मात्र हो भनेर दावी गरे । यिनीहरूले भने, यो केवल ईजिप्टका ग्रन्थ, मृत्यहरूको पुस्तकलाई यहुदीकरणमात्र गरिएको हो । उनीहरूले भन्छ यो पुस्तकमा धेरै रोचक ऐतिहासिक कुराहरू छन् तर यो परमेश्वरबाट प्रेरणा भएको होइन ।

मत्ती ५:१७,१८, २४:३५, युहन्ना १०:३४,३५ र १ पत्रुस १:२५ पढ्नुहोस् । यी पदहरूले बाइबलको विश्वसनीयता र यसमा भरपर्न सक्छौं भनेर के जनाउ दिन्छ ?

एउटा समस्या त हामीले नकार्नुहुन्दैन ती हुन हामीले बाइबलाई नै यसको विश्वसनीयताको आधार मानेका छौं । यो तर्क र वितर्कको कुरा हो। जव यसको विश्वसनीयतामाथिनै प्रश्न छ भने यसैलाई नै आधार मानेर बाइबल सत्य छ भनेर आस्था राख्नुको औचित्य छ र ? यो शब्दको परिभाषा शब्दमै पाउनु जस्तै तर्क हो ।

तर अर्को परिपेक्ष्यमा हेर्ने हो भने परमेश्वरले यस्ता धेरै प्रमाणहरू दिनुभएको छ जसले गर्दा बाइबलप्रति विश्वास र आस्था राख्न सक्छौं । बाइबलले जे भन्छ त्यसमा भर पर्न सक्छौं र विश्वास गर्न सक्छौं भनेर चाहिने जति बाहिरी र भित्री प्रमाणहरू हामीले हेर्‍यौं। बाइबलले यसमा हामीले विश्वास गर्नुपर्छ भनेको आधारमै यसलाई विश्वास गर्नुपर्छ भन्ने छैन। तर परमेश्वरले धेरै यस्ता प्रमाणहरू वा तर्कहरू हाम्रो अगाडि तेर्स्याउनुभएको छ जसले गर्दा बाइबल उहाँको वचन हो भनेर निर्विवादको रूपमा खडा भइरहन्छ । तर अन्तमा उहाँमा विश्वास गर्नु ने बाइबलमा विश्वास गर्नुको पूर्वाधार हुन आउँछ । आखिरमा यो भन्न हामीलाई कर लाग्छ बाइबलमा हामी विश्वास गर्न सक्छौँ किनकि परमेश्वरले हामीलाई यसमाथि आस्था राखोस् भनेर धेरै असल तर्क र प्रमाणहरू दिनुभएको छ ।

कसैले तपाईंलाई बाइबलमा किन विश्वास गर्नुहुन्छ भनेर सोधे के जवाफ दिनु हुन्छ ? तपाईंकै जीवनलाई नियालेर हेर्नुहोस् र भन्नुहोस् बाइबल परमेश्वरको वचन हो भनेर कसरी सावित भएको पाउनु भएको छ ? बाइबलले भनेको अनुसार जीवन चलाउन किन कोसिस गर्नुहुन्छ ? यसमा तपाईंको के जवाफ छ र किन ?

## २ पुरानो नियम

मर्कुस १५:२८, लुका ४:२१, युहन्ना १३:१८, १७:१२, १९:२४, गलाती ३:२२, २ तिमोथी ३:१६, याकुब २:२३ । उपरोक्त पदहरू पढ्नुहोस र नयाँ नियमका लेखकहरूको धारणा पुरानो नियमप्रति के रहेछ भनेर समीक्षा गर्नुहोस् । यी पदहरूमा हाम्रो लागि के सन्देश पाउँछौं ?

दुवै पुरानो र नयाँ नियममा यस्ता अदभूत भविष्यवाणीहरू छन् जुन ठीकठीकरूपमा पूरा भए र पूरा भइरहेका छन् भनेर प्रभावशालीरूपमा देखाएर बाइबलले आफ्नो श्रेष्ठताको

प्रमाण गरेको गत भागमा हेऱ्यौं ।ती भविष्यवाणीहरू पूरा भएर देखाएको कारणले नै पुरानो र नयाँ नियमका धर्मशास्त्रहरू एक आफसमा परिपुरक हुन् भनेर प्रमाणित गरिएको छ ।

यो भन्दा अरू पनि प्रमाणहरू छन् । बाइबललाई विश्वास गर्न सकिंदैन भनी नामी आलोचक विद्वानहरूले भनेका छन् । ई.सं ९०० भन्दा अघि पूरा हिब्रु भाषाको पुरानो नियम छैन भनेर उनीहरूले दावी गर्दछन् । प्रतिलिपीहरू सार्न आजको जस्तो फोटोकपी मशिनहरू नभएको युगमा हातले सारेका ति धर्मशास्त्रका पुस्तकहरू शुद्ध र त्रुटिरहित छ भनेर कसरी विश्वास गर्ने ?

सताव्दीको महान् पुरातात्विक महत्वपूर्ण हस्तलेख सन् १९४७मा जब पत्ता लगाए त्यस समय संसारको ध्यानार्कषण त्यहाँ भएको थियो । इस्रायलको मृतसागरका गुफाहरूमा पौराणिक माटोका भाँडाहरूभित्र ग्रन्थहरू बेरेर राखेका भेट्टाइए । ति पुस्तकहरू जसलाई डेड सि स्क्रोल भनिन्छ, ई.पु. १५० देखि ई.सन् ७० भित्र लेखेका थिए । यसको अर्थ बाइबलका ग्रन्थहरू धेरै जसो अरू ग्रन्थहरूभन्दा हजार वर्ष पुरानो थियो भनेर प्रमाणित भएको थियो । ती पुस्तकहरूमा यशैयाको परा पुस्तक नै थियो र पुरानो नियमका सबै पुस्तकहरूको कुनै न कुनै अंश त्यस पुस्तकहरूमा थियो । च्यात्तिएको अवस्थामा सामुयलका पुस्तकहरू पनि भेट्टाइए र साथै त्यहीसँगै हबाकुकको पूरा दुई अध्याय पनि फेला पारेका थिए ।

ती मृतसागरमा फेला पारेका डेड सि स्क्रोलहरूलाई आधुनिक बाइबलसँग दाँजेर हेर्दा विद्वानहरू एकदम छक्क परेका थिए किनकि आधुनिक बाइबल र त्यस पुस्तकहरूमा केही पनि भिन्नता भेट्टाएन । हातले सारेका हुनाले कुनै कुनै ठाँउहरूमा शब्दहरू अशुद्ध भेट्टाए तर ती न्युन थिए । ती डेड सि स्क्रोलहरू पत्तालागेकाले पुरानो नियम कतिको विश्वसनिय र भरपर्दो रहेछ भनेर बाहिरि रूपमा प्रमाण भएको छ ।

परमेश्वरले आफ्नो वचन दिएर त्यसमाथि भर पर्न सकिंदैन वा त्यसमा विश्वास गर्न सकिंदैन भने त्यस वचनको अर्थ के रह्यो र ? के उहाँले उहाँको वचनमा विश्वास गराउन उचित तर्कहरू प्रस्तुत गर्नुहुन्न र ? यदि बाइबलका परमेश्वरमाथि विश्वास र आस्था राख्छौं भने के उहाँको वचन बाइबलमा पनि विश्वास र आस्था राख्नु पर्दैन र ?

### ३ नयाँ नियम

प्रकाश २२:१८,१९ पढ्नुहोस् । यसमा प्रभु येशूले बाइबलका वचनहरूलाई कसरी गम्भीररूपमा लिनुभएको छ ?

×इमान्दारीतापूर्वक म भन्दछु.........कुनैपनि नयाँ नियमका सकली पुस्तकहरू नपाइन सक्छ भनेर पहिलो पल्ट थाहा पाउँदा, म शङ्काको घेरामा परेको थिएँ । नयाँ नियमका पुस्तकहरू नक्कलै नक्कलबाट सारेको भए आज हामीसाग भएको पुस्तक प्रारम्भिक नयाँ नियमको सकल हो भनेर कसरी विश्वास गर्ने ?"- लि स्ट्रोबेल, *केश फर क्राईष्ट*, (ग्राण्ड रापिड, मिशिगन, लोनादर्भन, १९९८), पृ. ५८,५९ ।

यसलाई अनुचित प्रश्न भन्न त मिल्दैन, तर यसमा पनि हामी आफैले सोध्नु पनि प्रश्न सोध्नु पर्दछ के परमेश्वरले उहाँको इच्छा जान्न कुनै श्रोतलाई हाम्रो हातमा छोड्नुहुन्न र ? अर्थात् के जुन श्रोतहरू हामीलाई छोडेको छ त्यसलाई विश्वास गर्नुपर्छ भनेर परमेश्वरले चाहनु हुन्न र ?

डेड सी स्क्रोलहरूलाई भेट्टाएपछि पुरानो नियमको विश्वसनियता र त्यसको शुद्धता हाम्रोलागि कति महत्वपूर्ण छ भनेर अघिल्लो बुँदामा हेऱ्यौं । नयाँ नियमकोलागि पनि यस्ता केही प्रमाणहरू छन् त ?

हाम्रो हातमा भएको नयाँ नियम विश्वसनियतामा कुनै पनि आँच आउनुपर्ने आवश्यक छैन किनभने यसको अस्तित्वकोलागि अचम्मलाग्दा प्रमाणहरू छन् । यस पुस्तकको प्रारम्भिक र सक्कली हस्तलिपीहरू धेरै मात्रामा अझ पनि छन् । यी अरू कुनै पौराणिक हस्तलिपीहरू भन्दा पनि धेरै छन् । हाम्रो हातमा भएको नयाँ नियम कतिको विना त्रुतीपूर्ण छ भनेर प्रभुले प्रसस्तमात्रामा प्रमाणहरू हामीलाई जुटाईदिनुभएको छ । नरमन गेस्लर र विलियम निक्स अनुसार: ×कुनै अरू प्राचीन हस्तलिपीहरू भन्दा नयाँ नियमका हस्तलिपीहरूको अस्तित्व कम मात्र छैन, ९९.५ प्रतिशतले यसका शुद्धता कायम भएकोले अरू कुनै प्राचीन महान ग्रन्थहरूभन्दा यो कम छैन भनेर देखाएको छ ।" -स्ट्रोबेल, पृ. ६५ ।

प्रारम्भिक मण्डलीका अगुवा पुर्खाहरूले आफ्ना मिमासाहरू, प्रवचनहरू र चिठ्ठीपत्रहरूमा नयाँ नियमबाट प्रसश्तमात्रामा उद्धरणहरू र अंसहरू पाईएकोले पनि नयाँ नियम सक्कल छ भन्ने धेरै वाह्य प्रमाणहरू जुटेका छन् । ईस्वी सन् ९० र १६० विचको दशकका अग्रिम विश्वासी पिताहरूले पनि प्रायजसो सबै नयाँ नियमका पुस्तकहरूप्रति पूर्णरूपमा परिचित छन् भनेर देखाएको पाउँछौं ।केही समय पछि सार्वजनिकरूप चर्चहरूमा लेक्सनरिज वा नयाँ नियमबाट निकालेका अध्ययन पाठहरूको प्रचलित भएको थियो । बार्‍हौं शताब्दिको विचमा यस्ता अठार सय भन्दा बढी अध्ययन पाठहरू भेट्टाएका थिए । ती सबैमा वर्तमान नयाँ नियमलाई मिल्दोजुल्दोरूपमा प्रतिबिम्वत गरेकोले ति सुरूका हस्तलेखहरूबाट पनि नयाँ नियमका ग्रन्थहरूलाई विश्वास गर्न सकिन्छ भनेर हामीलाई प्रबल प्रमाण दिएको पाउँछौं । समयले नयाँ नियमका पुस्तकहरूमा खोट पारेको छैन, यो हामीलाई यकिन छ ।

तपाईंनै बाइबल परमेश्वरको वचन हो भनेर आफ्नो विश्वासमा कति अडिग हुनुहुन्छ ? यो पनि आफैलाई सोध्नुहोस्, ×यदि मैले बाइबललाई विश्वास गर्न सकिनँ भने केलाई विश्वास गर्ने, मैले गर्नु पर्ने विश्वासको आधार के बाँकि छ त ? "

## ४ आंतरिक प्रमाण: भाग १

बाइबललाई विश्वास गर्न सक्छौं भनेर विभिन्न प्रमाणहरू हामीले हेर्‍यौं, के ती बाहेक अरू कुनै प्रमाणहरू पनि छन् त ?

नयाँ नियममा भएका येशूका जीवनीनै हेरौं । उहाँको जीवनमा घटेका धेरै घटनाहरूमा कुन चाहीं अचम्म र अदभूत घटना घटे (जुन घटना प्रायजसो हुने होईन ) जुन सम्पूर्ण इसाई विश्वासीहरूको लागि अति महत्वपूर्ण मानिन्छ ? रोमी ८:३४, १ कोरिन्थी १५:१२-१९ पढ्नुहोस् ।

हाम्रो विश्वासको मूल केन्द्रविन्दुनै येशूको पुनरूत्थान हो भनेर १ कोरिन्थी १५ मा पावलले स्पष्टरूपमा भनेका छन् । अर्को शब्दमा भन्ने हो भने येशू हाम्रो सट्टामा पापको लागि मर्नुभयो यसमा द्विविधा छैन, तर उहाँ पुनरूत्थान हुनुभएको थिएन भने उहाँको मृत्यु हाम्रोलागि निरर्थक हुने थियो । त्यसैकारण पुनरूत्थानमा विश्वास गर्नु हाम्रोलागि चरम महत्व हो ।

रोमीहरूको हातबाट कुनै यहूदी क्रुसमा टाँगिनु नौलो थिएन । किनभने यो भईरहेको घटना थियो । तर कुनै यहूदी मृत्युबाट बौरी उठ्नु घटनालाई सहजरूपमा लिने घटना थिएन । तर येशू बौरी उठ्नु नै भयो भनेर नयाँ नियमका लेखकहरूले प्रष्टरूपमा स्विकार गर्दै त्यो समाचार फैलाएका थिए ।

मत्ती २७:५१-२८:२०, मर्कुस १६:९-१४, लुका २४:३५-५३, युहन्ना २०:१९-३१ पढ्नुहोस् र यी सबैमा के एकरूपता पाउनु भएको छ ?

एउटै घटनालाई लेखकहरूले विभिन्न दृष्टिकोणले प्रस्तुत गरे पनि सबैमा एकरूपता थियो, त्यो के भने येशू चिहानबाट बौरी उठ्नु भयो ।

मानिस तीन दिन पछि बौरी उठ्न सक्छ भन्ने तर्क कतीको लागि स्वीकार योग्य छैन । यो मनगढन्ते कुरा हो र मगज खुस्केको वा मानसिक सन्तुलन नभएको मानिसको उपज हो भनेर खिसी गर्नु अस्वभाविक होइन ।

हो, यदि एकजनाले मात्र येशू बौरी उठ्नु भयो भनेर दावी गरेको भए त्यसमा प्रश्न नउठ्न सक्दछ । तर येशूको विषयमा त चारै जनाले दावी गरे । के चारै जना सुसमाचारका लेखकहरू बहुला भए त ? अथवा चारैजना एकै किसिमले बहुला भए ? चारै जना भ्रममा पऱ्यो भन्ने तर्कको कुनै औचित्य देखिँदैन । फेरि ती चारैजना यही समाचारको लागि आफूहरूको ज्यान अर्पण गरिदिए । यो सत्य हो कि कोही मानिसपनि मनगढन्ते कुराको लागि आफ्नो ज्यान फाल्दैन ।

१ कोरिन्थी १५:१२-१९ फेरि पढ्नुहोस् । येशूको पुनरूत्थान हाम्रो विश्वासको मूल केन्द्रविन्दु किन हो ? अब यो प्रश्न आफैँलाई गर्नुहोस्: × के परमेश्वरले यस्तो महत्वपूर्ण घटनालाई विना प्रमाण हामीले विश्वास गरौं भन्न उहाँ चाहनु हुन्छ त ? यो जवाफको वाख्या गर्नुहोस् ।

### ५ आन्तरिक प्रमाण: भाग २

चेलाहरूले येशूको पुनरूत्थान भयो भनेर जुन दावी गरे त्यो कतिले त पचाउन सकेको थिएन भनेर अघिल्लो बुँदामा हेऱ्यौं । पुनरूत्थान, वैज्ञानिक वा मानवीय तर्क सम्मत नभएकोले धेरैले भने चेलाहरूले येशूको प्रचार गर्न उहाँको पुनरूत्थान भयो भनेर षडयन्त्र अपनाएका हुन् ।

येशूका चेलाहरूको जीवन पद्धति र उनीहरूको अन्त हेर्दा येशूको पुनरूत्थान भयो भनेर षडयन्त्र रचेको भन्ने सिद्धान्त किन अर्थहीन हुन्छ ? लुका २१:१६, युहन्ना १६:२ पढ्नुहोस् ।

ती चेलाहरूले येशूको पुनरूत्थान नभई पुनरूत्थान भयो भनेर कुरा बनाई फैलाउनु परेको कारण के हुनसक्छ ? के कुनै प्रभाव, शक्ति वा अधिकारको लागि ? इज्जतको लागि ? धन दौलत कमाउनको लागि? आफ्नो इज्जता जोगाउन? भ्रम फैलाएर आत्मिक जागृति ल्याउन? अरूलाई ठगेर आफू समृद्ध हुन? आदि । याद गर्नुहोस्, ती चेलाहरूलाई आफ्नै मानिसहरूले हेपे र त्यागेका थिए, धार्मिक अगुवाहरूले उनीहरूलाई छि:छि: दुरदुर गरेर येशूकोबारेमा सुन्न अस्वीकार गरेका थिए, प्रायजसो सबैले उनीहरूलाई निर्ममतापूर्वक यातना दिएका थिए र खेदेका थिए । ती चेलाहरूले आफ्नो श्रीसम्पती, व्यवसायहरू त्यागेका थिए र कहिलैपनि सांसारिक शक्ति, प्रभाव, धनदौलत आर्जन गरेनन् । तर त्यसको विपरित संसारबाट पाउने सबै थोक गुमाए । कुनै पनि चेलाहरूले धर्मगुरूहरूले पाउने मान मर्यादा पाएनन् । उनीहरूको लागि येशूको पुनरूत्थान सर्वोपरी थियो ।

ती चेलाहरूले आफ्नो व्यक्तिगत स्वार्थ वा फाइदाकोलागि येशूको पुनरूत्थानको भ्रम फैलाए भनेर आक्षेप लगाएर कसैकसैले वादविवाद गर्न चाहन सक्छ । तर यो विवाद निरर्थक छ उनीहरूको जीवनीबाट हामीलाई थाहा छ । येशूको पुनरुत्थानको निश्चित प्रमाणले गर्दा जुनसुकै त्याग गर्नुपरेपनि तिनीहरू तयार भए र त्यस घटनाको उत्साहपूर्वक प्रवर्तन गर्नुको विकल्प तिनीहरूले अरू केही देखेनन् । येशूको पुनरूत्थान भएको धेरै वर्षपछि सुसमाचारका

पुस्तकहरू लेखिएकोले केही समस्या देखाउन सक्दछ । यदि येशूको पुनरूत्थान भएको भ्रामक कथा सुनाएर सांसारिकरूपमा सफल हुने हो भने तिनीहरू धनी, शक्तिशाली र सर्वमान्य भएर धार्मिक गद्धीमा विराजमान हुनुपर्ने थियो तर यस्तो कुनै आशा पहिलेनै परित्याग गरेका थिए । दशकौं पछि येशूको पुनरूत्थान भ्रम रहेछ भनेर एक आपसमा छुट्टिनु पर्दथ्यो किनभने तिनीहरूलाई यसबाट केही फायदा आए । तै पनि व्यक्तिगतरूपमा सबै थोक त्यागेर त्यस पुनरूत्थानको घटनालाई सम्हाली राखे, किन होला ?

१ कोरिन्थी १५:६ पढ्नुहोस् । यसमा पावल जो एक जमानामा येशूको र उहाँका अनुयायीहरूको परम शत्रु थिए, तर येशूलाई पाएर आफ्नो जीवनलाई परिवर्तन गरेपछि येशूको पुनरूत्थानबारे के भनेर आफ्नो प्रतिबद्धता जाहेर गर्दै प्रमाण देखाउन खोजेको पाउँछौं ?

येशूको पुनरूत्थानपछि उहाँ पाँचसय भन्दा बढी मानिसहरूको अगाडि देखा परे भनेर पावलले मानिसहरूलाई भनिरहेको पाउँछौं । ती पाँचसयमा धेरैजसो जीवित छन् भनेर दावी पनि गर्दछन् ।अर्थात् पावलले ति बाँचेका ५०० जनामध्येले आफूहरूले देखेका येशूको पुनरूत्थानको समाचार जोडतोडसाथ फैलाउन उनीहरूलाई आह्वान गरेको पाउँछौं । येशूको पुनरूत्थानबारे आफूपनि निश्चिन्त थिए किनभने आफूपनि उहाँको पुनरूत्थानको साक्षी छु भनेर पावलले प्रेरित ९:१-८ मा भन्दछ ।

आफ्नो जीवनलाई नियालेर हेर्नुहोस् र येशूलाई विश्वास गर्नुपरेको कारण के हो सो समीक्षा गर्नुहोस । येशूको विश्वासमा मजबुत हुन तपाईं के गर्नुपर्दछ ? त्यसै समयमा कुन कार्यकलापले विश्वासमा कमजोर बनाउँछ सो पनि चिन्तन गर्नुस ।

**उपसंहार:-**

यस पाठसम्बन्धी अरू सामग्रीहरू: द एस.डि.ए बाइबल कमेन्टरी, *द लान्ग्वेजेन, मानुस्क्रिट्स् एण्ड क्यानन् अभ द ओल्ड टेस्टामेन्ट,* ठेली १, पृ. २५-२६

×सत्यलाई संचित गर्न र परमेश्वरको वचनलाई संरक्षण गर्न परमेश्वरले आफ्ना विश्वासीहरूलाई साक्षीकोरूपमा खडा गर्नुभएको छ । हिब्रु र युनानी अर्थात ग्रीक भाषामा प्रारम्भिक हस्तलेखहरू परमेश्वरले अचम्म तरिकाले युगौं युगसम्म सुरक्षित गर्नुभएको छ ।"-एलेन जि ह्वाईट, *लेटरस् ३२, १८९९*

ती डेड सी स्क्रोलबाहेक अरू दुई साक्षीहरू छन् जसले पुरानो नियमलाई त्रुटिरहित सारेका थिए भनेर देखाउँछ । सेप्टुजिन्ट भन्ने पुरानो ग्रीक भाषामा उल्था गरेको र अर्को चाहिँ वर्तमान प्यालेस्टाइनको नेबुला भन्ने स्थानमा बस्ने सामरीहरूसँग रहेको पुरानो नियमका हस्तलिखित ग्रन्थहरूलाई अहिलेसम्म सुरक्षितसाथ राखिएको छ । त्यसैकारण पुरानो नियमका विद्वान आर. लेयर्ड हारिसले यसरी निष्कर्ष निकाल्दछन्: ×इसा पूर्व २२५ अगाडिदेखिका पुरानो नियमका पुस्तकहरूलाई बडो होसियारीसाथ र विना त्रुती सारेको थियो भनेर हामी निर्धक्कसाथ भन्न सक्दछौं । उपरोक्त समयमा सार्नकोलागि दुई वा तीन पुरानो नियमका सामग्रीहरू थिए । ति सामग्रीहरूमा यस्ता न्युन त्रुटि थिए जसले गर्दा हामीलाई यो निश्चय छ कि पुरानो नियमका ग्रन्थहरूलाई होसियार साथ र विश्वासिलो ढङ्गले प्राचीनकालदेखि सार्ने काम गरेका थिए । इस्रायलीहरू जव बेबिलोनमा कैदी जीवन बिताएर आफ्नो देशमा फर्केको बेला एज्राले परमेश्वरको व्यवस्थालाई पुन: तिनीहरूको सामुन्ने प्रस्तुत गरेका थिए । हामीसँग भएको पुरानो नियममा उल्लेखित व्यवस्थाहरू एज्राको भन्दा भिन्न छ भन्नु परमेश्वरको वचनमा अविश्वासको धारणा जगाउनु हो ।"-आर. लेयर्ड ह्यारिस, *क्यान आई ट्रस्ट माई बाइबल?* शिकागो: मुडी प्रेस, १९६३, पृ. १२४ ।

चिन्तन मनन्:-

१. रूसका प्रसिद्ध उपन्यासकार लियो टोलेस्टाईले बिख्यात उपन्यास *आना कार्तिना* लेखे । ती काल्पनिक उपन्यास थिए । तर त्यसकोलागि के लेखक टोलस्टाईले उसले लेखेको पुस्तकमा भएका घटना र पात्रहरू सत्य हुन भनेर सतावट, बहिष्कार, झ्यालखाना अर्थात् मृत्युपनि खप्न तयार होला? यसरी नै नेपालका प्रसिद्ध लेखक डाईमन्ड समसेर राणाको पुस्तक, *सेतो बाघ,* सत प्रतिसत सत्य हो भनेर के उहाँ त्यसको लागी आफ्नो जीवनलाई बलि चढाउन राजी हुनु होला ? यस तर्कको आधारमा येशूका चेलाहरूले उहाँको पुनरुत्थान काल्पनिकरूपमा नभएर सत्य वा यथार्थरूपमा लिएको रहेछ भनेर हामी कसरी बुझ्न सक्छौं?

२ परमेश्वरले जति सुकै आफ्नो वचनको सत्यताकोलागि विभिन्न प्रमाणहरू जुटाउनु भएता पनि शङ्का गर्न चाहनेलाई कसैले रोक्न सक्दैन । बाइबलमा धेरै यस्ता प्रश्नहरू छन् जुन तत्काल मानिसहरूले जवाफ दिन सक्दैन । तपाईंको मण्डली वा विश्वासीहरूको विचमापनि बाइबलका वचनहरू कत्तिको भरपर्दा छन् भनेर बुझ्न सङ्घर्ष गरिरहेको हुन सक्छ, के तपाईंले तिनीहरूलाई सहायता गर्न सक्नुहुन्छ?

३ सामूहिकरूपमा प्रथम बुँदाको प्रश्नलाई हेरेर एक आपसमा के सिक्न सकिन्छ भनेर छलफल गर्नुहोस् ।

भाग ५

# जब चट्टानहरू चिच्याउने छन्

यस अध्यायको लागि पढ्नुहोस्: यशैया २०:१, नहुम ३:२-७, लुका १९:४०, हिब्रु ११:२४-२७, युहन्ना २०:२४-३१

मूल पद: ×जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे । पापको क्षणिक सुख भोग्नुभन्दा बरू परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे ।" हिब्रू ११:२४,२५

मूल विचार: पुरानो नियमको यथार्थलाई पुरातत्त्व विज्ञानले प्रमाणीकरण गरेको पाउँदछौं ।

उन्नाइसौं सताब्दीको सुरूमा विभिन्न श्रोतहरूद्वारा बाइबलप्रति निर्ममपूर्वक आक्रमण भएको थियो । ती महान आक्रमणकारीहरू कुनै गैर विश्वासीहरू नभएर बाइबलकै धुरन्धर विद्वानहरू थिए । यो दु:खपुर्ण कुरा हो । बाइबलका ऐतिहासिक विवरणहरू र बाइबललाई विश्वास गर्न सकिँदैन भनेर ती बाइबलका पण्डितहरूले वादविवाद गरेका थिए। बाइबलको प्रादुर्भावलाई वाख्या गर्न विभिन्न नयाँ तर्कहरू प्रस्तुत गरे ।ती तर्कहरू विवादास्पद भए पनि, ती सबैको एउटै साझा मत थियो: सबैले बाइबलको प्रतिष्ठामाथि आँच ल्याउने । तिनीहरूले भने बाइबल मनगढन्ते पौराणिक कथा हो र यसको केही पनि ऐतिहासिक जग छैन । जब बाइबलप्रतिको हमला चरम सीमामा पुगिरहेको थियो पुरातत्त्विक वैज्ञानिकहरूले अलि अलि गरेर बाइबलका बिद्यमान प्रमाणहरू यस्तो अचम्म तरिकाले फेला पारे जसले गर्दा बाइबलप्रतिको विवादास्पद चुनौतीरूलाई निरर्थक प्रमाणित भए।

एक जना बिख्यात् बाइबलको विद्वानले लेख्दछन्, ×बितेका समयमा जुन कुराहरू पत्ता लगाए यसले गर्दा भविष्यमा पुरातत्त्व विज्ञानले बाइबलको परम्परालाई पुष्टि वा समर्थन गर्न निरन्तरता अपनाउने छ भनेर अपेक्षा गर्न सकिन्छ ।" – एडविन यामौची, *द स्टोन एण्ड द स्क्रिपचर,* लण्डन: ईन्टर-भरसिटी प्रेस, १९७९, पृ. १६८ ।

बाइबलका खोजहरू कसरी पत्ता लगाए र तिनीहरूले मानिसहरूको चुनौतीहरूको कसरी सामना गरे भनेर संक्षिप्तरूपमा यस भागमा हेर्नेछौं ।

## १ आस्था र पुरातत्व विज्ञान

×म तिमीहरूलाई भन्छु" येशूले (ती यहूदी पण्डितहरूलाई) जवाफ दिनुभयो, ×यदि यिनीहरू चुप लाग्छन् भने चट्टानहरू चिच्याउने छन् ।" लुका १९:४० ।

जव पण्डितहरूले येशूलाई स्वागत गर्ने भीडका रमाहट र प्रशंसाका आवाजहरूलाई बन्द गराउन अनुरोध गरे उपरोक्त वाक्य उहाँले बोल्नुभयो । त्यसबेला हुन सक्छ उहाँले पुरातत्त्व विज्ञानलाई ध्यानमा राखी बोल्नुभएको थिएन होला तैपनि त्यसलाई लक्षित नगर्नुभएको भन्न सकिँदैन । बाइबलका वृतान्तहरू सत्य छन् भनेर विभिन्न समयहरूमा पुरातत्त्व विज्ञानले पत्ता लगाएको प्रमाणहरूले देखाउँदछन् । उदाहरणस्वरूप जस्तै नेपोलियनका सैनिकहरूले पत्ता लगाएका रोजेटा स्टोन र बेहिस्टन शिलालेखहरू हुन् ।

हामीले भनेको कुरामा पत्यार गर्नुहोस् भनेको होइन, तर तलका केही पुरातत्त्व वैज्ञानिकहरूले लेखेका वचनहरूलाई उधृत गरेको छ र यसलाई पढेर आफै सोच्नुहोस् ।

बिसौं शताब्दीका अति बिख्यात पुरातत्वविज्ञ डा. डब्ल्यु. एफ. अलब्राईट भन्दछ: ×पुरानो नियमका ऐतिहासिक बतान्तलाई पुरातत्त्व विज्ञानले ती सत्य हुन् भनेर निसन्देहरूपमा प्रमाण गरिएको छ ।" – *आर्कियोलोजी एण्ड द रिलिजन अभ ईजरायल,* बाल्टिमोर: द जोन्स हप्किन्स प्रेस, १९४२, पृ. १७६ ।

याल विश्वविद्यालयका विद्वान मिलर बरोले यसरी व्यक्त गर्दछ: ×जसले जे भने तापनि पुरातत्त्व कामले बाइबलका लेखहरू भरपर्दा छन् भनेर त्यसमाथि विश्वास दिलाउन सावित गरेका छन् । यसले बाइबललाई विवादरहित बनाएर यसप्रतिको आस्थालाई मजबुत पारेको छ । जब पुरातत्त्व शास्त्रीहरूले प्यालेस्टाइनमा उत्खनन् गर । धेरै जसोको हृदयमा बाइबलप्रति आदर जाग्यो किनभने तिनीहरूले बाइबलमा लेखेका विवरणहरूलाई आफ्नै अनुभवद्वारा उत्खनन् गरेर प्रतक्ष्य सत्य सावित पाए ।"-*ह्वाट मिन्स दिज स्टोन्स?* न्यु हेभेन्स, कनेक्टिकट, अमेरिकन स्कुलस् अभ ओरियन्टल रिसर्च, १९४१, पृ. १

के.ए. किचेन: ×साधारणतया भन्ने हो भनेर पुरानो नियमको विश्वस्तलाई अभूतपूर्व मान्नु पर्दछ । तर यसका लेखहरू र लेखकहरूलाई न्यायोचित र समानुपातिक ढङ्गले व्यवहार गर्नु पर्दछ ।"-*अन द रिलायबिलिटी अभ द ओल्ड टेस्टामेन्ट,* ग्राण्ड रापिड, मिशिगन, इर्दमानस् पब्लिशिङ् क., २००३, पृ. ५००

उपरोक्त उद्दतांशहरू जतिसुकै असल वा प्रतिबद्धतापूर्ण भएपनि हाम्रो विश्वास र आस्था तिनीहरूको भरमा छोड्नुहुन्न किनकि ती अरू शिक्षाहरू जस्तै मानवीय प्रयत्नहरू हुन। जतिसुकै प्रमाणहरू भेटेपनि तिनीहरूलाई विभिन्न तर्कसम्मतमा दोऱ्याईन्छ । फेरि कसैले केहि भेट्टायो र कुनै विद्वानले त्यसलाई बाइबलको विपरीत विवरण दियो भने के हुन्छ? के हाम्रो आस्था र विश्वास छताछुल्ल पार्ने ? पुरातात्विक सामग्रीले हाम्रो विश्वासको पक्षमा वाख्या गरेको असल हो तर हाम्रो विश्वास वा आस्था चट्टान, शिलालेख वा अभिलेखहरूमा भरपर्नुहुन्न तर येशूद्वारा प्रतिपाद्धित परमेश्वरका प्रतिज्ञाहरूमा हुनुपर्दछ ।

युहन्ना २०:२४-३१ पढ्नुहोस् । यसमा के सिद्धान्त अपनाएको छ जसले येशूप्रति हाम्रो विश्वासको अनुभवलाई व्यवहारिक तुल्याएको छ ? विशेष गरेर पद ३० को विवरणबाट के सिक्न सक्छौं जसले विश्वास वा आस्थालाई वाख्या गर्दछ ?

## २ केही भविष्यवाणीहरूले प्रमाणित गर्दछन्

बाइबल, भविष्यवाणीहरूले भरिएको पुस्तक हो भनेर हामीलाई थाहै छ । धेरै भविष्यवाणीहरू पूरा भइसके । बाइबलका भविष्यवाणीहरू पूरा कसरी भयो भनेर पुरातत्वले समर्थन देखाउँदा हामी धेरै प्रफुल्लित हुन्छौं ।

उदाहरणस्वरूप निनवे राज्यको विषयमा हेरौं । शक्ति र यश चरम सीमामा पुगेको बेलामा निनवे असेरियाको राजधानी भएको थियो । यो संसारको केन्द्रविन्दु बनेको थियो । यसको आधिपत्य ठूलो थियो । यसको पुर्वीय सिमाना पर्सिया र अरेबिया थियो भने पश्चिममा हरियो भूमध्य सागर सम्म थियो । त्यसै गरी दक्षिणमा ईथोपिया थियो भने उत्तरमा कालोसागर सम्म यसको सिमाना फैलिएको थियो । यस्तो महान् साम्राज्या शासन गर्न निनवेबाट राज्यपालहरू खटिन्थे । तैपनि यो विशाल साम्राज्यको अन्त हुनेछ भनेर बाइबलले भनेको थियो ।

नहुम ३:२-७ पढ्नुहोस् र यसले त्यस महान् प्रभावशाली शहर निनवेको के गति हुन्छ भनेर भविष्यवाणी गरेका थिए ?

मिडहरू र बेबिलोनका संयुक्त फौजले त्यो प्रख्यात शहर निनवेलाई ई.पू. ६१२ मा पूर्णरूपमा ध्वस्त गरे भनेर इतिहासले बताउँछ । राजकीय महलहरू जलाईए, यसका मन्दिरहरूलाई भत्काएर जीर्ण अबस्थामा झारिए, र यसका मजबुत पर्खालहरू धरासायी बनाइए ।

तर अर्को महान् साम्राज्य बेबिलोनको अवस्था के हुनेछ भनेर बाइबलले भनेको थियो ? यशैया १३:१९-२२ पढ्नुहोस् ।

बेबिलोन शहर (वर्तमान ईराक) एक ताका महान् प्रसिद्ध र तेजस्वी थियो भनेर पुरातत्त्विक उतखननद्वारा विभिन्न समयहरूमा पत्ता लगाइको थियो । मुख्य शहरको पर्खाल एघार माईल भन्दा लामो थियो र यो ८५ फिट बाक्लो थियो । यस शहरका धेरै द्वारहरू थिए । एउटा द्वारको नाउँ ईश्तार द्वार थियो जुन वर्तमान इतिहासका पानाहरूमा यसको चित्र पाउँछौं । यस द्वारका ईनामेल लगाएका ईटाहरूमा ५७५ कल्पित अजिङ्गरहरू अर्थात् ड्रागनहरू र साँढेहरू साथै १२० सिहंहरूको चित्र कुँदिएको थियो । नेबुकदनेजर राजाको दरबार भव्य र धूमधानरूपमा सजिएको थियो । यसमा भोजभतेर गर्ने भव्य बैठक र राजकीय गद्दी जसको चौडाइ ५७ फिट र लम्वाई १६८ फिट थियो । पौराणिककालमा जस्तोसुकै यशस्वी भएपनि आज पुरातत्त्व विज्ञानले यस शहरलाई भग्नावशेषको रूपमा मात्र प्रस्तुत गरेको पाउँछौं ।

हो, बेलिलोनको र निनवेको अवशेषमात्र पाउँछौं तर तिनीहरूको यश होइन । आज शक्तिशाली राज्य अमेरिकाको अवस्था पनि त्यही महान् साम्राज्यहरूको जस्तै हुनेछ भन्दा यो भनाइ मानसिक असन्तुलन भएको व्यक्तिको हो भनेर आक्षेपलाउन सक्छ । तर बाइबलको शिक्षा र भविष्यवाणीहरूलाई मध्यनजरमा राख्दा संसार कत्ति क्षणिक र भौतिक रहेछ भनेर पाठ सिकाउँछ ? हाम्रो जीवनको प्राथमिकता के हुनुपर्दछ ?

### ३ पुरातत्त्वद्वारा देखाइका अरू प्रमाणहरू

उत्पति १५:२०, प्रस्थान ३:८, यहोशु १:४, १ राजा १०:२९ र २ इतिहास १:१७ पढ्नुहोस्, यसमा कुन बंशीय राष्ट्रको बारेमा उल्लेख गरिएको छ?

दर्जनौं पटक हित्तीहरूको बारेमा बाइबलमा उल्लेख गरेको पाउँछौं । माथिका पदहरू केवल केहीमात्र हुन् । जव बाइबलमा यी जातिको बारेमा लेखेको पाइयो तब धेरै विद्वानहरूले बाइबललाई प्रतिवाद गर्न मौका पाएका थिए । तिनीहरूले भने ×संसारमा हित्ती भन्ने कुनै कुल नै छैन, त्यसकारण बाइबलका विवरण असत्य छन् ।" बाइबललाई ऐतिहासिकरूपमा लिन सकिंदैन भनेर दावी गरे । धेरै बर्षसम्म कुनैपनि पौराणिक श्रोतहरूमा हित्तीको बारेमा

उल्लेख गरेको पाइएको थिएन । यसले गर्दा बाइबलका आलोचकहरूले यसलाई विश्वास गर्न सकिन्न भनेर भ्रम फैलाए । हित्तीहरू मन गढन्ते पौराणिक मानिसहरू हुन् अथवा यस्तो नाउँ भएका कुनै जाति भएपनि तिनीहरू अपेक्षाकृतरूपमा थोरै एउटा वा दुई गाउँहरू ओगेटेका मानिसहरू हुन सक्छन् भनेर अनुमान गरेका थिए । तर धेरै पुरातात्त्विक वैज्ञानिकहरूले उतखनन् गरेर हित्तीहरूको बारेमा पत्ता लगाए । त्यस खोजप्रति हामी आभारी छौं । तिनीहरूले हित्तीहरू एक समय भूमध्यसागरदेखि युफ्रेटिस नदीसम्म मध्य एशिया अर्थात् एशिया माईनरको अधिकतम् भागमा शासन गर्ने शक्तिशाली वंश थिए भनेर पत्तालगाए । तिनीहरूको शक्ति अशेरिया वा ईजिप्टभन्दा कम थिएन । जव उनीहरूको साम्राज्यको अन्त ई.पु. १२०० मा भयो, तिनीहरू इतिहासबाट विलाएर गए । तर तिनीहरूले राज्यगरेका देशहरू केहि साना देशहरू बाँकी रहे तर तिनिहरू शहरीय राज्यमामात्र परिणत भए र तिनीहरूको लेखा जोखा उल्लेखितरूपमा भएन ।तर पुरातत्वले फेरि बाइबलको सत्यतालाई चट्टानहरूको चित्कारद्वारा पुष्टि गरिदिए ।

बाइबलमा फेरि इस्रायली र मोआवीहरूको सम्बन्ध बारे उल्लेख गरिएको पाउँछौं । तिनीहरूको आपसी सम्बन्ध कस्तो थियो? पढ्नुहोस् २ राजा ३:४-२७?

मृत सागरको पूर्वपट्टिको एउटा सानो गाउँमा मोआवी भाषामा लेखिएको शिलापत्र भेट्टाइयो । राजा मेशा भन्नेले शिलामा कुँदेको लेख थियो । यसमा कसरी इस्रायलीहरूले मोआविहरूमाथी थिचोमिचो गरे भनेर उल्लेख गरिङको छ । यो शिलापत्र फ्रान्सको राजधानी पेरिसको लुभ्र म्युजियममा राखिएको छ । यो शिलालाई अति महत्वपूर्ण मानिन्छ किनकि यसमा कुँदिएको हिब्रुभाषा पौराणिक हिब्रु भाषाभन्दा धेरै फरक थिएन । यो ई.पु. ८५० तिर कुँदिएको थियो ।

मानौं मोआवीको शिलालाई कहिलै भेट्टाइएन ।आलोचक मानिसहरूले भन्ने थिए, ×हेर, बाइबल तथ्यहीन छ भनेर अर्को प्रमाण हामीसँग छ ।" तिनीहरूले हित्तीको बारेमा पनि त्यही भनेका थिए । बाइबलप्रति हाम्रो विश्वास कुन आधारमा हुनुपर्छ वा हुनुहुँदैन भनेर हामीलाई यस विवरणले के सिकाउँछ?

## ४ ऐब्ला र अरू पुरातात्विक प्रमाणहरू

सन् १९७० को दसकमा सिरियाको शहर ऐब्लामा (टेल मार्डिथ) ऐब्ला शिलालेखहरू भेट्टाए । १५,०० जति माटाका शिलापत्रहरू पुस्तकहरूको रूपमा लेखेर थन्काएका थिए । यसमा लेखिएको मिति येशूको आगमनभन्दा करिब तेईससय बर्ष अगाडि थियो । यो माटोका शिलापत्रहरू पौराणिक इतिहास र बाइबलका पृष्ठभूमिलाई प्रमाणित गर्ने भएकोले अरूभन्दा अत्यन्त महत्वपूर्ण पुरातत्त्विक आविष्कारकोरूपमा लिइन्छ । थोमसन चेन रिफरेन्स बाइबलको पृ. १६५३,१६५४ मा यो भावना व्यक्त गरिएको पाइन्छ ।

यशैया २०:१ मा कुन राजाको बारेमा उल्लेख गरिएको छ ?

धेरै वर्षसम्म यस्तो राजा कहिलेपनि थिएन त्यसकारण बाइबलको वृतान्त मनगढन्ते र यसलाई पत्यार गर्नुहुँदैन भनेर दावी गरेका थिए । अशेरियाको राजा सार्गौनको सालिक र उसको बारेमा सबै वर्णन गरेका शिलापत्रहरू भएको दरबार सन् १८४० मा पुरातत्वविदहरूले भेट्टाए । बाइबलमा उल्लेखित वृतान्त सत्य हुन भनेर फेरि पुरातत्वले पुष्टि गरेको पाउँछौ ।

सार्गौनपछि सेनाचेरिब अशेरियाका राजा भए, तिनको अन्त कसरी भयो त ? २ राजा १९:३६,३७ मा पढ्नुहोस् ।

अशेरियाको शिलापत्रमा अशेरियाका राजा सेनाचेरिलाई तेबेत महिनाको बिसौं दिनमा आफ्नै छोराले विद्रोह गरेर हत्या गरे भनेर उल्लेख गरेको रोचकपुर्ण नै मान्नुपर्दछ ।

सन १९०१-०२ मा इरानको सुजा भन्ने स्थानमा उतखनन् गर्दा प्रसिद्ध हमुराबीको लिखित आचार संहिता वा नीति निर्देशन भेट्टाए । सम्राट हुराबि ई.पु. १७५० को दसकमा बेबिलोनमा राज्य गरेका थिए ।इलामाईत (इरान)को राजाले युद्धको चिन्हको रूपमा बेबिलोनबाट (आधुनिक इराक) ती शिलापत्र इरानमा लगेका थिए । हमुराबीले त्यसबेलाको प्रचलित संस्कार र नीतिलाई लिखितरूपमा प्रस्तुत गरी आफ्नो राज्यमा प्रचलित गराएका थिए ।

त्यस शिलापत्र भेट्टाएको समयमै नुजि भन्ने स्थानमा उतखनन् गर्दा बाइबलका पुर्खाहरूले त्यसबेलाका प्रचलित चलनहरूलाई व्यवहारमा ल्याएका प्रमाणहरू फेला पारे । उदाहरणमा त्यसबेलाको चलन अनुसार साराले आफ्नी दासीलाई अब्राहामलाई साराको निम्ति बच्चा जन्माउन सुम्पिएका थिए (उत्पति १६:१-३), जन्मसिद्ध अधिकारलाई खानेकुराद्वारा बेच्न सकिन्छ (उत्पति २५:३३), र छोरीहरूलाई विवाह गरिदिँदा उनीहरूको साथमा उनीहरूको चाकरपनि लानदिने चलन (उत्पति २९:२४,२९)- यी संस्कारहरू प्राचीन समयका संसारले साधारणरूपमा अपनाएका थिए ।

पुरातत्त्वद्वारा, विज्ञानद्वारा, वा इतीहासद्वारा जुनसुकै माध्यमले गर्दा हाम्रो आस्थालाई मजबुत बनाउँछ भने त्यसप्रति कृतज्ञ नै हुनुपर्दछ । तर हिब्रू ११:१ मा पढ्नुहोस् र यसले हाम्रो विश्वास वा आस्थाको परिभाषालाई कसरी प्रस्तुत गरिएको छ जुन सदा स्मरण योग्य छ?

## ५ अरू अन्तर्दृष्टि वा प्रेरणादायी विचारहरू

हिब्रू ११:२४-२७ पढ्नुहोस् । यस पदहरूमा परमेश्वरको लागि मोशाले के त्यागे भनेर उल्लेख गरिएको छ?

मोशा ईजिप्टका राजकुमारको हैसियतले भावी राजा थिए । तर परमेश्वरकोलागि उनले यो पद बाहेक के के त्यागे होला? सन् १९२२ मा हावर्द कार्टरले टुटकामुन सम्राटको चिहान ईजिप्टको पिरामिडमा फेला पारे । ती सम्राट ई.पु. चौधौं सताब्दीमा राज्य गरेका थिए । कार्टरले फेलापारेको उतखननद्वारा मोशाले ईजिप्टका राजसत्ताबाहेक के त्यागेका थिए भनेर अनुमान गर्न सक्दछौं । कायरो म्युजियममा ईजिप्टका सम्राट टुटकामुनको मम्मी अर्थात सजिएको कङ्कालबाहेक उसको निखुर सुनको मकुण्दो, मृत्यु पश्चात् तैरिने भनेर बनाएको सुनौलो डुङ्गा, १४३ वटा रत्नहरू र अरू धेरै बहुमुल्य गहनाहरू प्रदर्शन गरिराखेको छन् । एउटा फेला पारेको चिहानमामात्र खरबौं रूपियाँको बहुमूल्य खजानाहरूलाई हेर्दा सबैको मनलाई चकित पार्दछ । यो फेरि केवल एउटा राजाको मात्र चिहानबाट निकालेको खजाना थियो । बाइबलका अनुसार मोशाले यस्ता बहुमूल्य खजानाहरूलाई त्यागे किनकि उनले अदृश्य परमेश्वरलाई देखेका थिए (हिब्रू ११:२७) ।

बाइबलका आलोचकहरूलाई नाजवाफ बनाउने चीज राजा टुटकामुनको चिहान पत्ता लागेपछि पाए भनेर सिगफ्राईड हर्नले भनेका छन्: ×यहोशु र न्यायकर्ताका पुस्तकहरूमा उल्लेख गरेका फलामका हतियारहरूले गर्दा ती पुस्तकहरूमा घटेका घटनाहरू प्रस्तुत युग भन्दा पछि थियो भनेर प्रमाणित गर्दछ भनेर बाइबलकै आलोचकहरूले दावी गरेका थिए । किनभने फलामको प्रचलन ई.पु. १२०० अघि थिएन भनेर विश्वास गरेका थिए । तर टुटकामुनको चिहानबाट फलामको वस्तुहरू भेट्टाएकोले ती आलोचकहरू गलत थिए भनेर सावित भयो । फलामका वस्तुहरू ई.पु. १२०० बर्ष अगाडिदेखि प्रचलनमा ल्याएका थिए ।"- *द स्पेद कन्फर्म द बुक*, वाशिङ्गटन्, डि.सी. रिभ्यु एण्ड हेराल्ड पब्लिशिङ्ग

आशोसियशन, १९५७, पृ. १२१ । पुरातत्व विज्ञानले फेलापारेका विभिन्न वस्तुहरूले बाइबलमा उल्लेखित इतीहासहरू त्रुटिरहित छन् भनेर प्रमाणित गर्दछ ।

परमेश्वरले इस्रायलीहरूलाई के गर्नु भनेर निर्देशन दिनुभएको थियो? हेर्नुहोस् १ सामुयल १५:२,३ ।

यस्ता पदहरूले धेरे मानिसहरूलाई असमञ्जस्य वा बेचैन पारेको पाउँछौं ।परमेश्वरले यस्तो कदम इस्रायलीहरूलाई चाल्न निर्देशन दिएको कारण पुरातत्त्वविदहरूले पत्ता लगाएको केहि प्रमाणहरूले दिन्छन् । कनानी धर्म असाध्य निष्ठुर र रक्तालु थिए र यसले उनीहरूलाई हिंसात्मक र नीच व्यवहारमा उतारेको थियो भनेर कति पुरातत्त्वविदहरूले निष्कर्षमा निकालेको पाउँछौं । यदि यो सत्य हो भने परमेश्वरले इस्रायलीहरूद्वारा तिनीहरूलाई न्याय गर्नुभएको थियो भनेर मान्न सक्दछौं । उत्पति १५:१६ ले कनानीहरूको अधर्मको पराकाष्ठाको नतिजा के रहेछ भनेर खुलाएको पाउँछौ । यसले तिनीहरूलाई किन सजायँ दियो भनेर देखाउँछ ।

यी र १ सामुयल १५:२ जस्ता कठिन पदहरूको बाबजुद पनि हामीले परमेश्वरको भलाइ र उहाँमाथि आस्था राख्नु किन जरूरी छ ? तपाईंके जीवनमा नियालेर हेर्नुहोस् र यस्ता उदाहरणहरू पाउनुहोस् जहाँ परमेश्वरको प्रेम, करूणा र क्षमाशीलताको अनुभव गर्नुभएको थियो । कति कुराहरू बुझ्न नसकेपनि परमेश्वरसँग उहाँलाई विश्वास र आस्थामा लीन् हुने वरदान माग्नुहोस् ।

**उपसंहार: -**

उपरोक्त विषयमा पढ्नुहोस्: *द एसडीए बाइबल कमेन्टरी,*, ×आर्कियोलोजी एण्ड डिस्कभरी अभ आन्शियन्ट हिस्टोरी," ठेली १, पृ. ९९-१३२

×धैरै जसो प्राचीन लेखहरूमा विश्वास वा आस्था नराख्नु उपयुक्त हुन सक्दछ तर बाइबलप्रतिपनि यस्तो अविश्वास फैलाउनु गलत हो भनेर मान्नु पर्दछ । बाइबलमा लेखिएका विभिन्न प्राचीन इतीहासका सामग्रीहरू जस्तै आदरणीय विश्वासका पुर्खाहरू, भविष्यवक्ताहरू वा परमेश्वरका प्रवक्ताहरू, न्यायकर्ताहरू र राजाहरू आदि ग्रीक वा ल्याटिनका दन्त्यकथाहरू वा पुराणहरूमा भएको जस्तै हुन भनेर धैरैले ठानेका थिए ।बाइबलका वृतान्तहरूमा सबभन्दा बेसी संङ्का गर्नेहरू १९सौं सताब्दीका प्रख्यात धर्मगुरूहरू र इतीहासकारहरू थिए । तिनीहरूलेनै बाइबलप्रति धैरै आक्रमक भएका थिए ।

तर बिसौं शताब्दीको सुरूदेखि बाइबलप्रति नकारात्मक धारणाहरू धैरै मात्रामा बदलिएको पाउँछौं । वर्तमान अवस्थामा धैरैजसोले पुरानो नियमका वृतान्तहरूप्रति र यसका शिक्षाहरूप्रति जुन आदर पाएको छ त्यो केही दसकहरूभन्दा बढीमात्रामा गरेको पाइएको छ । मध्य एशियामा उतखनन् गरेर धैरै प्रमाणहरू भेट्टाएकोले पनि बाइबलप्रति बढी विश्वास जगाएको छ ।

पुरातत्त्वले सामग्रीहरू भेट्टाएर प्राचिन सभ्यताहरूलाई प्रकाशमा ल्याएको कारण, पुरानो नियमका बृतान्तहरूलाई ऐतिहासिकरूपमा विश्वास गर्न सकिन्छ र यसमा वर्णन गरिएका क्षेत्रहरू, साम्राज्यहरू र उच्च आदरणीय विचारहरू अरू कुनै प्राचिन संसारको उत्तम सामग्रीहरू भन्दा अद्वितीय छन् । (पुरानो नियमको बराबरीमा अरू कुनै सामग्रीहरू पाएका छैनन् )।" *द एसडिए बाइबल कमेन्टरी*, ठेली १, पृ. १००

विचार बिमर्स: १ परमेश्वरप्रतिको आस्थाको बारेमा चिन्तन गर्नुहोस् । विश्वास वा आस्था भनेको के हो? यो कहाँबाट आउँछ? यसलाई मानिसले किन गुमाउँछ? पुरातत्वले विश्वासमा

कसरी टेवा दिँदछ? यसै समय हाम्रो विश्वास ती पुरातत्त्व वा यस्तै कुनै ज्ञान वा विज्ञानमा भर परेर परमेश्वरमाथि विश्वास गर्नु त्यति उचित किन हुन्दैन? एक आपसका विश्वास र आस्थाहरूलाई कसरी मजबुत बनाउन सकिन्छ?

२ मानौ हित्तीहरूको अस्तित्वको बारेमा कहिलैपनि पत्ता लगाइएन, तर तिनीहरूको अस्तित्वको बाबजुदपनि बाइबललाई शङ्का गर्नेहरूले त्यसमाथि आक्रामक नीती लिन छौड्दैनन् । हित्तीहरूको इतीहास भेट्टाएपनि बाइबलका आलोचकहरूको कमी भएको पाउँदैनौं । अर्को शब्दमा भन्ने हो भने तुरुन्त प्रमाणहरू नभेट्टाएपनि कुनै कुरा असत्य हुन सक्दैन । जुन सामग्रीहरू यस भागमा हेऱ्यौँ यसले हाम्रो विश्वास वा आस्था के को आधारमा हुनुपर्दछ वा हुनुहुन्दैन भनेर भनेर सिकाउँदछ?

## अध्याय ६

# बाइबल र विज्ञान

यस अध्ययनको लागि देहाएका पदहरू पढ्नुहोस्:

उत्पति १:१,२:१,२, ७:११-२४, व्यवस्था ४:३२, भजन १००:३, १३९:१४, यशैया ४२:५,४५:१८, यर्मिया ३३:२२, युहन्ना १:१-३, हिब्रु १:२

मूल पद: ×परमेश्वरको भय मान्नु नै ज्ञानको सुरूवात हो तर मूर्खले बुद्धि र अनुशासनलाई तुच्छ ठान्दछ ।" हितोपदेश १:७

मूल तर्क: बाइबललाई विज्ञानको विपरीत हो भनेर धेरैको दृष्टिकोण भएपनि विज्ञानले परमेश्वरको वचनको विश्वासमा मजबुत बनाउन ठूलो भूमिका खेल्दछ ।

सत्रौं शताब्दिको सुरूमा वैज्ञानिक क्रान्तीको थालनी भएको थियो । त्यस समय परमेश्वरको बारेमा बुझ्न विज्ञानको प्रयोग गर्नु पर्छ भन्ने दृष्टिकोण जनमानसमा थियो । त्यसबेलाका हस्ती वैज्ञानिकहरूमा डेस्कार्ट, ग्यालिलियो, कपर्निकस, न्युटन आदि थिए । ती सबैले आफ्ना कामहरूले सृष्टिकर्ता सनातन परमेश्वरको हातका रचनाहरूलाई प्रकट गर्दछन् भनेर विश्वासको साथ दावी गरेका थिए । योहानस् केपलर ( ई.सन् १५७१-१६३०) विश्वाविख्यात जर्मनका खगोल शास्त्री र गणितज्ञ थिए । ग्रहकक्ष गोलाकार छन् भन्ने २००० वर्ष पुरानो विश्वासलाई ठुकराई गोलाकार होइन अण्डवृत्ताकार छन् भनेर प्रमाणित गरिदिएका थिए । आफ्नो उपलब्धीबारे उनी लेख्दछन्, ×परमेश्वरको मण्दिर बनाउन मैले ईजिप्टका सुनौला भाँडाहरू उठाएको छु.......मैले पासा खेलें र म किताब लेख्दछु । मेले लेखेका किताबहरू वर्तमान मानिसहरूले वा भविष्यका पिंढीहरूले पढ्छन् यसमा मलाई केहीपनि फरक

पर्दैन ।सयौं वर्षपछि पढोस भनेर ति पुस्तकहरू पर्खेर बसून् । मानिसहरूले परमेश्वरको बारेमा अध्ययन गरून भनेर उहाँ छ हजार बर्ष पर्खनु भयो ।" तर समय बित्दै जाँदा विज्ञान परमेश्वरको दर्शनबाट टाढा हुँदै गयो । यो मुख्यतया भौतिकता र नास्तिकताको परिधिमा परेर परमेश्वरलाई आफ्नो कार्यक्षेत्रबाट पर राखे । यसैले गर्दा आज पनि विज्ञान र परमेश्वरमाथिको विश्वासको विचमा अन्तर्द्वन्द्व भएको आभास पाइरहेका छौं ।

विज्ञानले हामीलाई ठूलो चुनौती दिँदछ भनेर हामीले स्वीकार गरेपनि यस भागको अध्ययनमा विभिन्न समय वा स्थानहरूमा विज्ञानले हाम्रो विश्वास बाइबलप्रति कस्तो किसिमले जगाइराखेको हुन्छ भनेर छोटकरीमा अध्ययन गर्नेछौं ।

## १. नृवंश शास्त्र अर्थात् मानव जातको अध्ययनसँग मेल खाने प्रमाणहरू (Anthropic Coincidences)

देहाएका पदहरू पढ्नुहोस् र ती सबै पदहरूमा कुन कुरामा एकरूपता देखाएको छ ?

उत्पत्ति १:१, २:१,२, व्यवस्था ४:३२, भजन १००:३, यशैया ४३:५, ४५:१८, युहन्ना १:१-३, कलस्सीलाई १:१६, हिब्रु १:२, प्रकाश १०:६, १४:७

मानिसको जीवन र पृथ्वीका सबै जीवित जीवातहरू अकस्मात् अज्ञातरूपमा विस्फोत भएर सुरू भएको हो भनेर विज्ञानले वर्षौंसम्म अनुमान गरिरहेको पाएका छौं । हाम्रो जीवन ठूलो संयोगले प्रादुर्भाव भएको हो, अरू कसैको दया र मायाले यो पृथ्वीको अस्तित्व भएको होइन भनेर विज्ञानले प्रमाणित गर्न भरमग्दुर प्रयास नगरेको होइन ।

तर हालसालै विज्ञानले अर्कै मोड लिएको पाइरहेका छौं । अहिले नयाँ वाक्य ×आन्थ्रोपिक कोइन्सिडेन्स" अर्थात × नृवंश शास्त्र" अर्थात् ×मानव जातिको अध्ययनसँग मेल" प्रचलितमा आएको देख्दछौं । आन्थ्रो वा नृवंश भन्दा मानव जाति भन्ने शब्द युनानी अर्थात ग्रीक भाषाबाट आएको हो ।जगतको अस्तित्व एकदम तालमेल गरेर बसेको कारण अलिकति पनि भिन्नता भयो भने यस संसारमा मानव जाति बाँच्ने स्थिति हुँदैन भनेर विज्ञानले प्रकट गरेको छ । जगत् र विश्वमा धेरै यस्ता तत्त्वहरू मिल्दा छन् जसले गर्दा हामी यस संसारको वातावरणमा सहजसँग रहन सक्दछौं । मानिसको अस्तित्वकोलागिनै यस जगतको सृष्टि भएको भने पनि हुन्छ ।

नृवंश शास्त्र अर्थात् मानव जातको अध्ययनसँग मेल खाने प्रमाणहरू (Anthropic Coincidences) उदाहरणको लागि के छ ?

वैज्ञानिकहरूको दावी अनुसार यो जगतको संरचना विस्तारित भइरहेको छ । यदि सृष्टिपछि यो क्रम जारी रहेको थियो भने दस करोडको एक सानो भागमात्र सानो भयो भनेमात्र सारा जगत् आफै ध्वस्त भइसक्थ्यो । अर्थात् दस करोडको एक भाग अलिकतिमात्र ठूलो भएपनि ग्रहहरू र ताराहरू द्रुतगतिले विस्तृत हुन्थ्यो ।

प्रकृतिमा पाइने मूल शक्ति पदार्थहरूमा बलियो आणविक शक्ति पनि हो (न्युक्लियर फोर्स)। यो एकदम सन्तुलितरूपमा चलिरहेको शक्ति हो । यो अलिकति मात्र कमजोर भएमा जगतमा हाइड्रोजन ग्यासमात्रै हुने थियो, अथवा यो अलिकतिमात्र बढि तगडा भए हेलियम ग्याँसमात्रै हुन्थ्यो । त्यसकारण अलिकतिमात्र शक्ति संतुलनमा गडबड भए यो विश्वमा मानवजातिको उपज हुने संभावना रहने थिएन । उपरोक्त असंतुलन शक्ति संचय भएको भए कुनै जीवजीवात् रहने वातावरण हुने थिएन ।

यस्ता धेरै उदाहरणहरू छन् जसले यो पृथ्वी वा जगतको संरचना सिद्धरूपमा भएको थियो भनेर बताउँछ । वर्तमान विश्वविख्यात नोबेल पुरस्कार विजेता खगोलशास्त्री स्टिफेन

हकिन्सले, जो बाइबलले बताएको सृष्टिको विवरणमा विश्वास राख्दैन, तर यो स्वीकार गरेर भन्दछ, ×यो जगतको उत्पति कुनै महान विस्फोटक (Big Bang) भएर उब्जेको भन्ने विश्वासलाई अनुमान गर्नु भयंकर विशाल असंभव धारणा हो........यस जगतको सृष्टिमा धार्मिक कुराको हात छ भनेर मेरो धारणा छ ।"-ईयान बारबरको पुस्तकमा उद्दत, *ह्वेन साईन्स मिट रिलिजन* मा उद्दत, न्यू योर्क: हारपरकोलिन्स्, २०००, पृ. ५८ ।

अमेरिकाको प्रसिद्ध कवि वाल्ट ह्विटमान ले लेखेको थिए: ×मेरो हातमा भएको नशाको सूक्ष्म कब्जा वा जोर्नीले संसारको सबै मेशिनहरूको उपहास गर्दछ ।" प्रकृतिको अगाडि अरू कुन उदाहरणहरू छन् जसले मानव सभ्यताले सृजना गरेका मेशिनहरूको उपहास हुन्छ ? हाम्रो शरीर र जगतको संरचना कस्तो प्रभावशालि रूपमा भएको छ जसले गर्दा सृष्टिकर्ताको विकल्प हुँदैन भनेर बताउँछ ?

## २ नक्षत्रविद्या वा खगोलशास्त्र

के तपाईं कुनै खुला रातको आकाशमा अनगिन्ती ताराहरूलाई हेर्नुभएको छ? कहिल्यै ती ताराहरूलाई गन्न खोज्नुभएको छ? ती ताराहरू अनगिन्ती छन् र मानिसको नाङ्गो आँखाले गन्न सकिँदैन, यो तथ्य बाइबलका लेखकहरूलेपनि बुझेका थिए ।

यर्मिया ३३:२२ पढ्नुहोस् । यसमा परमेश्वरको सिद्धबक्ता यर्मियाले ताराहरू कति छन् भने ?

धेरै शताब्दी अघि नक्षत्रशास्त्री पटोल्मिले ताराहरू गन्दा उनले १,०५६ को हाराहारीमा छ भने, अर्को खगोलशास्त्री टाईको ब्राबले ७७७ ताराहरू गने, त्यसैगरी अर्को प्रख्यात खगोलशास्त्री केपलरले गन्दा १००५ भेट्टाए । तर जे भएपनि सत्रौं सताब्दीमा दुरबिनको आविष्कार हुनु अगाडि ती मानिसहरूले ५,११९ ताराहरू छन् भनेर निश्कर्षमा पुगेका थिए । तर जब दुरबिनको आविष्कार भयो ती ताराका सङ्ख्याहरूमा नाटकीय ढङ्गले परिवर्तन भयो । आज आकाशमा घुमिरहेको विशाल हुबल अन्तरिक्ष दुरबिनको सहायतालेपनि ताराहरूको सङ्ख्या गन्ने स्थितिमा छैन । एउटै तारापुन्जमा खरबौं खरब ताराहरू छन् भनेर अनुमान गरिएको छ । खगोलशास्त्रीहरू यस त्रिभुवन वा सारा जगतमा दस हजार खर्ब गुणा दस हजार खर्ब वा महापद्म ताराहरू छन् भनेर अनुमान गर्दछन् । यो सङ्ख्या अति बिशाल छ । यदि कसैले दस, वीस गरेर गन्न खोज्यो भने पनि त्यो सङ्ख्या गन्न कम्तिमा दस खरब वर्ष लाग्न सक्दछ । ती पत्ता लागेको ताराहरूका गन्तीमात्र हो । तर हामीलाई थाहा छ कि नक्षत्रशास्त्रीहरूले नयाँ नयाँ तारापुन्जहरू भेट्टाइरहेका छन् र भेट्टाइनै रहने छन् ।

अयुब २२:१२ पढ्नुहोस् । एलिपजले अरू के भनिरहेका छन्?

प्राचीन समयहरूमा मानिसहरूले ताराहरूको दुरी केवल केही किलोमिटर देखि केही सयसम्ममात्र थिए भनेर विश्वास गरेका थिए । विभिन्न समयमा विज्ञानले ती ताराहरूको दुरी वताईदिएका छन् । हाम्रो सबभन्दा नजिकको तारा सूर्यनै हो र यो हाम्रो पृथ्वीबाट ९ करोड तीस लाख माइल टाढा छ । यदि हामी प्रकाशको गतिमा यात्रा गर्‍यौं भने अरू ताराहरूकहाँ पुग्न सयौं, हजारौं र करोडौं वर्ष लाग्न सक्दछ । प्रकाशको गति भनेको एक सेकेन्डमा ३००,००० किलोमिटरको रफ्तारले यात्रा गर्नु हो । एलिपजले नक्षत्रज्ञानको बारेमा उल्लेख नगरेपनि, उनले व्यक्त गरेका अभिव्यक्तलाई विज्ञानले ठीक छ भनेर प्रमाणित गरिदिएको पाउँछौ ।

विज्ञानले हाम्रो विश्वासलाई मजबुत बनाउँछ भने त्यो धेरै असल कुरा हो । तर याद गर्नुहोस् हाम्रो विश्वासलाई विज्ञानको भरोसामा छोड्नु हुँदैन । विज्ञान मानिसको उपज हो भनेर पनि नबिर्सनुहोस् । हेर्नुहोस् यर्मिया १७:९, १:२१,३:१९

### ३ भयानक र अद्भुत तरिकाले बनिएको

मानव मगजको जटिलताबारे देहायको मनतब्यमा केही मात्रामा बढाएर लेखेको हुनसक्छ तैपनि यसलाई विचाराधिननै मान्नु पर्दछ: ×मानिसको मगजमा खरबौं खरबौं स्नायुहरू छन् जुन एक आपसमा जोडिएका हुन्छन् । तिनीहरूको सङ्ख्या सारा जगतको अणुहरू भन्दापनि अधिकतम छ अत्युक्ति नहोला ।"-ईयान बारबर, *ब्रेन साईन्स मिट रिलिजन* मा उद्दत, न्यू योर्क: हारपरकोलिन्स्, २०००, पृ. ६२ ।

उपरोक्त वाक्यलाई विचारमा राखेर भजन १३९:१४ पढ्नुहोस् । विज्ञानले हाम्रो विश्वासलाई कसरी पुष्टि गरेको छ भनेर यस पदले देखाउँछ?

यस भागको प्रथम बुँदामा विज्ञानले मानिसको अस्तित्व आकस्मिकताबाट भयो भन्ने धारणबाट टाढा हुँदै गएको हेर्‍यौं । वर्षहरू बित्दै जान्छन् र विज्ञानको पनि द्रुतगतिले प्रगति भइरहन्छ । त्यसको साथै हामी सृष्टिको संरचनाको आश्चर्यलाई पनि नियालेर सिकिरहेका हुन्छौं । अनि जगतको र पृथ्वीको सृष्टिमा कसैको कलात्मक परिकल्पना मुताविक भएको भन्ने प्रमाण मजबुत भईरहेको पनि पाईरहेका हुन्छौं । यो धारणा कसरी मजबुत भईरहेको छ भने भर्खरै एक जना सृष्टिकर्ताको विरोध गर्नेले पनि यो जगत् परिकल्पनाविना भएको देखिएको छैन भनेर मन्तब्य व्यक्त गरेकोबाट थाहा हुन्छ । अर्थात् जगतलाई हेर्दा योजनाद्वारानै स्थापना भएको मान्न कर लाग्छ ।तर हास्यास्पद कुरा त उसले परमेश्वरको अस्तित्वलई स्विकार गर्न चाहँदैन ।

फ्रान्सिस क्रिक बिसौं शताब्दीको प्रख्यात जीव वैज्ञानिक हुन् र नास्तिकवादमा उनी अग्रसर पनि मानिन्छन् । जीव जीवातहरूको बनावट अति जटिल छ जसले गर्दा अनुमानित खरबौं वर्ष लगाएर पृथ्वी चिसो अनि फेरि उपयुक्त समय रोजेर तिनीहरूको दुतगतिले प्रादुर्भाव भयो भन्ने धारणामा विश्वास गर्नु त्यति सहज छैन । क्रिकको तर्क अनुसार जगतको कुनै अज्ञात स्थानबाट जीवन सुरू भयो र यस पृथ्वीमा आकाशको कुनै अज्ञात जीवले यस पृथ्वीमा आउने क्रममा जीवन छोडेर गयो । फेरी पढ्नुहोस्: १ कोरिन्थी ३:१९ र भजन १४:१ ।

प्रख्यात विकाशवादी चार्ल्स डार्विनको अनुमानित सीद्धान्त अनुसार जीवहरूको परिवर्तन अलि अलि भित्री संरचनामा हेरफेर भएकोले हो । उसको शिक्षा अनुसार यदि शरीरको कुनै पनि जटिल भागमा यसरी हेरफेर भएको छैन भने आफ्नो भनाइ गलत हुन्छ भनेर डार्विनले भनेका थिए ।

माईकल बिहि, जो जीव रसायन शास्त्री हुन्, उनको अनुसन्धानलाई उल्लेखनीय मान्नु पर्दछ । उनी बाइबलको सृष्टिको शिक्षालाई विश्वास गर्ने व्यक्ति त होइन । मानव शरीरको विवीध संरचना विकाशवादको प्रक्रियाद्वारा भएको भन्न सकिँदैन किनभने आँखा, परेला र रगत जम्ने आदिले यो प्रमाणित गर्दछ भनेर बिहीले आफ्नो तर्क प्रस्तुत गर्दछ । विस्तार विकास भएर शरीरको अङ्ग बनेको हुँदैन किनकि कुनै पनि शरीर चल्न आफूलाई चाहिने शारीरिक बनावट आफ्नै स्थानमा भइसक्नु पर्दछ भनेर उनी भन्दछन् । यदि सुरूदेखि नै एउटामात्र भाग थिएन भने त्यो पछि आफै नयाँ अङ्ग निस्कने संभावना छैन । बिहीको तर्कले सृष्टि आफैँ भएको होइन भनेर विकाशवादको सिद्धान्तलाई जोरसाग चुनौती दिँदछ ।

यदि कुनै संयोगबाट र विकाशवादबाट यो संसारको सृष्टि भएको होइन भने कसरी तिनीहरूको प्रादुर्भाव भयो? यो प्रश्न यथावतै भइरहन्छ । युहन्ना १:१-४, प्रेरित १७:२८ पढ्नुहोस् ।

### ४ हँसिलो मन र छियाछिया भएको उदासी आत्मा

हितोपदेश १७:२२ पढ्नुहोस् । यसमा व्यक्त गरेका भावना धेरै सरल छन् तैपनि यसमा हरेकलाई सान्दर्भिक, गहिरो र गम्भीर सन्देशले सुसज्जित भएको पाउँछौं । आफै सोच्नुहोस् यस तथ्यको आचरणलाई कसरी अनुभव गर्नुभएको छ ?

हँसिलो मन औषधिले जस्तै काम गर्छ भन्ने यथार्थता के साँच्चिक्कै हो त? वैज्ञानिकहरूले मानसिक अवस्था र शरीरको वीच नटुट्ने सम्बन्ध हुन्छ भनेर विभिन्न अनुसन्धान गरेर पत्ता लगाइरहेको पाइरहेका छौं । एउटाको असर अर्कोलाई हुन्छ । मानिसले हृदयदेखि हाँस्दा उसको फोक्सोको कसरत हुन्छ, रक्त संचारलाई स्फुर्त पार्छ, र अक्सिजन लिने मात्रा बढ्छ भनेर वैज्ञानिकहरूले अनुसन्धान गरेर निष्कर्ष निकालेका छन् । मानिस सौहार्दपूर्वक हाँस्दा मानिसको संबेदनसील स्नायु पद्धतिलाई जगाएर प्राकृतिक रूपमा आनन्दमय बनाउँछ ।यसले गर्दा मानिसको दिमागलाई शान्ति र चैन प्रदान गर्दछ साथै रोगसँग लड्ने क्षमताको पनि वृद्धि हुन्छ किनकि यसले सङ्क्रामक रोगसँग लड्ने कोशिकाको कार्यक्षमताको अभिवृद्धि गर्दछ ।

तर त्यही पदको अन्तिम आधा भाग पनि छ जसले उदासी जीवनले मानिसको शरीरलाई नकारात्मक प्रभाव पार्दछ भनेका छन् ।

×मानव शरीर वा जीव विज्ञानलाई मनोविज्ञानको स्थितिले गम्भीर असर पार्दछ भनेर हालका वर्षहरूमा वैज्ञानिकहरूले प्रमाणिकरण गरेका छन् । जो मानिस सधैँ उदासिनताले ग्रसित हुन्छ ऊ हृदय रोग र विभिन्न रोगहरूको शिकार हुन्छ भनेर अनुसन्धानद्वारा पत्ता लागेको छ । कोही स्त्री जो अलजमायर अर्थात् स्मरण शक्ति ऱ्हास भएको बिरामीलाई स्याहार गर्छे, उसलाई यदि घाउचोट लागेमा त्यो निको हुन वढी समय लाग्दछ भने तनाव रहित बिमारको स्याहार गर्दा स्याहार गर्नेको घाउ छिटो निको भएको पाईएको छ । साथै तनावग्रस्त मानिसहरू रूघा र खोकीले वढी सताउँछ र बिरामी हुँदा उनीहरूमा अरू गम्भिर लक्षणहरू देखापरेको हुन्छ ।" ईरिका गुड, *पावर अभ पोजिटिभ थिन्किङ्ग मे हाभ ए हेल्थ बेनिफिट, स्टडि सेज*, न्यूयोर्क टाइम्ज, सेप्टेम्बर २,२००३ ।

अमेरिकाको विश्कन विश्वविद्यालयले एउटा खोज अनुसन्धान गरेको थियो । कुनै व्यक्ती जो नकारात्मक भावले मात्र अभिप्रेरित भएर बस्छ त्यसको मगजमा असर पार्दछ र यसले गर्दा रूघाको विरूद्धमा लगाइने सुइले पनि कमजोर बनाउँछ भनेर ती अध्ययनद्वारा पत्ता लगाएका छन् - ईरिका गुड, *पावर अभ पोजिटिभ थिन्किङ् मे हाभ ए हेल्थ बेनिफिट, स्टडि सेज*, न्युयोर्क टाइम्ज, सेप्टेम्बर २,२००३ ।

फिलिप्पी ४:४-६ ले हामीलाई के समसामयिक समाचार दिन्छ? यस पदलाई हामीले प्रायजसो आध्यात्मिक सन्दर्भमा मात्र हेर्दछौं तैपनि यसमा पावलले हाम्रो शारीरिक फाइदा के हुन्छ भनेर तोकेका छन्? यी पदहरूमा उल्लेख गरिएको अवधारणालाई मनन् गर्न तपाईँको जीवन आचरणमा के परिवर्तन ल्याउनु पर्दछ? तपाईँले पढ्ने कुरामा, सङ्गत गर्ने मानिसहरूसँग, सुन्ने कुरामा अर्थात हेर्ने कुरामा के सुधार गर्नु पर्दछ जसले गर्दा तपाईंको मनस्थिति सकारात्मक भावनाले अभिप्रेरित भएर बसोस्?

### ५ विज्ञान र जलप्रलय

उत्पति ७:११-२४ पढ्नुहोस् । यसमा जल प्रलयले पृथ्वीमा के विध्वंस ल्याउने छ भनिएको छ ?

यदि हिब्रु भाषामा ×गहिरो अर्थात ठूला-ठूला अगाधका सब मूलहरू फूटे" भन्दा समुद्र भनेर जनाउँछ भने प्रथम दिनमा जब वर्षा भएर जल प्रलयको थालनी भयो त्यसबखत समुद्रकँ भूई फुटेर पानीका सबै फोहराहरू निस्केर ती समुद्र छताछुल्ल भएको हुनुपर्दछ । पद ११ । जल प्रलय जस्तो विध्वंसात्मक विश्व घटनाले पक्कै पनि सारा पृथ्वीमा असर परेको प्रमाण हुनै पर्दछ । विज्ञानले नै यसको प्रमाणीकरण गरेर देखाएको पाउँछौं । पृथ्वीमा यस्ता पत्थरका तहहरू छन् जसले उत्पतिका जल प्रलयको तथ्यलाई सावित गर्दछ (तर यो विश्व जलप्रलयको कारणले मात्र भएको हो भन्ने अनुसन्धानको विषय भइरहेको छ) । ती थुप्रिएका विभिन्न तहका चट्टानहरूको पहिचान गरेर वर्णन गरिएको छ ।स्लेट र चुन ढुँगाले ढाकेको बालुवा जमेर चट्टान भएकोलाई क्याम्ब्रियन पत्थर भनिन्छ ती भयङ्कर ठूला-ठूला छन । ति भयङ्कर ठुला चुन ढुँगाहरू अरू चट्टानको तहमा पनि पाइएको छ । यी तहहरूमा कोइला र तेलका भन्डारहरू थुप्रिएको जताततै पाउँछौं । यी सबैले विश्व जलप्रलयले गर्दा भएको हो भनेर सावित गर्दछन् ।

उत्पति ७:२ र २२ मा वर्णन गरेका जल प्रलयले गरेको जीवजीवातहरूको बिनाश विश्वव्यापी थियो भन्ने अर्को पक्ष पनि छ । आधुनिक संसारमा कुनै विरूवा वा जनावर मऱ्यो भने त्यो आफै संरक्षण हुन मुश्किल छ । ती जीव वा विरूवाहरू सडेर गलेर आवश्यक पौष्टिक पदार्थमा परिणत हुन्छ जसले गर्दा जीवनको निरन्तरता हुन्छ । तर मानिसहरूले भेट्टाएका विभिन्न जातका विरूवा र जनावरहरू जुन अहिले त्यसको अस्तित्व छैन तिनीहरू अस्थिपञ्जरहरू भएर जताततै गाढिएर बसेकोले पनि जल प्रलयको कथालाई सावित गर्दछ ।ती विभिन्न जातका जीव र विरूवाहरू हजारौं वर्ष अगाडि पुरिएर पत्थरको रूपमा सुरक्षित भएको निरन्तररूपमा पाइरहेको छ । नेपालको हिमाली भेगहरूमा पनि समुद्रमा पाइने चिजहरू पत्थर भएर जम्मा भइरहेको पाइएको छ ।

द्रुतरूपमा जम्मा भएका धेरै धेरै पत्थरहरू, बालुवा र गिलो माटो पनि अर्को सबुत प्रमाण हो । पत्थरका यस्ता तहहरू जताततै पृथ्वीमा जम्मा भएको छ जसले पहिरोद्वारा होइन तर अचानक द्रुतरूपमा जम्मा भएको भनेर देखाउँछ । भूतत्त्वविद्हरूले यस्तो विभिन्न पत्थरका तहहरू जम्मा हुन लाखौं बर्ष लाग्छ भनेर दावी गरे तापनि जुन प्रक्रियामा ती जम्मा भए त्यसले लाखौं वर्षको समयलाई प्रमाण गर्दैन । हुन त जुन तहहरू छन् तिनीहरूले सबै समयको समस्यालाई समाधान गर्दैन किनभने ती अस्थिपञ्जरको (फोसिल) आँकडाको समय र तहको प्रक्रिया वर्तमान अवस्थामा विवादस्पदनै छ ।

परमेश्वरले हामीलाई आस्थाको लागी विविध आधारहरू भए तापनि शङ्काको ढोका कुनै न कुनै रूपमा खोलेकै हुन्छ । शङ्काको घेरामा होइन विश्वासको दायरामा बस्न तपाईं कसरी प्रगतिको पथ अपनाउनुहुन्छ । विचार गर्नुहोस् दैनिक जीवनमा परमेश्वरप्रतिको विश्वास र आस्था मजबुत बनाउन के व्यवहारिक नीति अपनाउनु पर्दछ ?

**उपसंहार:**

यस भागको बारेमा जानकारीको लागि अरू श्रोतहरू: एलेन जि ह्वाईट, *द मिनिस्ट्री अभ हिलीङ्ग*, ×द माइन्द क्यर" पृ. २६०-२६८, ×ईन कन्ट्राष्ट विथ नेचर" पृ. २६०-२६८ *द एसडिए बाइबल कमेन्टरी* , ×जेनसिस एण्ड जिओलोजी" ठेली १, पृ. २०-९७ ।

×जो परमेश्वरको ज्ञान र उहाँको वचनलाई व्यक्तिगत् अनुभवद्वारा प्राप्त गरेको हुन्छ उसले पवित्र धर्मशास्त्र परमेश्वरबाट आएको हो भन्नेमा द्विविधा हुँदैन । परमेश्वरको वचन सत्य हो भनेर आफ्नो जीवनमा प्रमाण पाइसकेको हुनाले सत्य एक आपसमा वाझिएकोहुँदैन भनेर ऊ बिश्वस्त भएको हुन्छ । उसले बाइबललाई मानविय विज्ञानद्वारा जाँचिदैन बरू ती ज्ञानहरूलाई नचुक्ने मापदण्ड बाइबलद्वारा जाँच्दछ । सत विज्ञान परमेश्वरको वचनको शिक्षासँग फरक खान्दैन भनेर उसलाई थाहा छ; किनकि दुबैका स्रष्टा एकै हुन् र दुवै ज्ञान एक आपसको परिपुरक हुन । यदि हामीले ठीक ढङ्गमा बुझ्यौं भने विज्ञान र बाइबलमा मेल भएको पाउँदछौं । यदि परमेश्वरको वचनसँग मेल नखाने वैज्ञानिक शिक्षाहरू छन् भने तिनीहरू केवल मानवको अनुमानित काममात्र हो ।" एलेन जि ह्वाईट, *द मिनिष्ट्री अभ हिलीङ्ग*, पृ. ४६२ ।

×सबै थोकको जग परमेश्वर नै हुनुहुन्छ । सबै सत्य विज्ञानहरू परमेश्वरको कामसँग मेल खान्छन् । सबै सत्य शिक्षाले उहाँको आधिपत्यमा बस्न राजी गराउँछ । हाम्रो अगाडि विज्ञानले अभूतपुर्ण कुराहरूलाई खोलासा गर्दछ । विज्ञान भयंकररूपमा उन्नती गर्दछ र अगाढ गहिरा कुराहरूको खोज अनुसुन्धान गरी प्रतक्ष्य गराउँछ तर जे गरे तापनि परमेश्वरको दिब्यज्ञानसँग बेमेल हुन्दैन ।

विज्ञानको आडमा परमेश्वरप्रति गलत धारणा अज्ञानताले गर्दा फस्टाउन सक्दछ । प्रकृतिको पुस्तक र लिखित परमेश्वरको वचनले एक आपसमा भएको ज्ञानलाई प्रकाशमा ल्याउँछ । यसले गर्दा हामीले परमेश्वरप्रति भक्तिभावले पूर्ण हुन्छौं र हामीले उहाँको वचनमा विश्वास गर्न बौद्धिक रूपमै निपुण हुन्छौं ।" एलेन जि ह्वाईट, *पाट्रियार्क एण्ड प्रोफेट*, पृ. ११५,११६

चिन्तन मनन्:-

१ प्रथम भागको प्रश्नलाई एक आपसमा छलफल गर्नुहोस् । एक आपसको उदाहरणद्वारा के अनुकरणीय शिक्षा पाउनुहुन्छ?

२ कोही व्यक्ती विज्ञानको प्रतिवादले गर्दा बाइबलमा विश्वास गर्न गाऱ्हो मान्छ, त्यस्तोलाई कसरी चित्त बुझाउनु हुन्छ?

३ तपाईले आफ्नै जीवनमा मनको बलले शरीर र स्वास्थ्यलाई वसमा राख्नु भएको अनुभव गर्नुभएको छ? यस बारेमा अरूलाई सिकाउन के ज्ञान पाउनु भयो? प्रार्थना, बाइबल अध्ययन, गवाही र अरूको सेवा गरेर मानसिक तनाव र शारीरिक वेदनालाई हलुका भएको अनुभव गर्नु भएको छ?

## अध्याय ७

# हाम्रो जीवनमा परमेश्वरको वचन

यस अध्ययनकोलागि देहायका पदहरू पढ्नुहोस्:-

भजन १९:७-१०, ११९:१०५, रोमी १०:१७, २ कोरिन्थी ५:१७, एफिसी ४:२४, २ तिमोथी ३:१६,१७, हिब्रु ४:१२, १ पत्रुस २:२४

स्मरण गर्नु पर्ने पद: ×परमेश्वरको वचन जिवित र सक्रिय छ; कुनै पनि दुई धारे तरवारभन्दा पनि धारिलो छ, यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाडको मासीसम्म भाग-भाग पारून्जेल वार पार छेड्ने र हृदयका विचार र भावना जाँच्न सक्ने हुन्छ ।" हिब्रु ४:१२

मूल विचार: बाइबलले हाम्रो जीवनलाई परिवर्तन गरी नवजीवनको अवधारणालाई प्रत्याभूति दिनै पर्दछ । बाइबलको वचन त सुन्ने तर यसको निर्देशित आचरण नमान्नेलाई यसको औचित्य हुदैन ।

हत्यारा साम टानिहिललाई मृत्युदण्डको सजायँ सुनाएको थियो । जब ऊ झ्यालखानामा थियो त्यस बेला दुई सेभेन्थ-डे एडभेन्टिष्ट विश्वासीहरूले भेट्न गए । उनीहरूले उसलाई बाइबल दिए । तर त्यो बाइबल पाउने बित्तिक्कै रिसले भित्तामा हुत्याई दियो । एक रात उनी सोचविचारमा परिरहेको बेलामा उसको मनलाई आफ्नो अपराधले ग्रसित तुल्यायो । ऊ भय र जीवनको तितोपनादेखि अत्यन्त उदास भयो, अनि आफ्नो मन बहक्याउन केही कुराको आवश्यकताको महसुस गऱ्यो । उसले भित्तामा हेर्दा, बाइबल देख्यो, अनि टिप्यो । उसले पढ्न खोज्यो तर नबुझेकोले रिसाएर पानापानाहरू च्यातिदियो । अनि उ फेरि पढ्न थाल्यो । पढ्दा पढ्दा उसलाई बाइबलमा वर्णन गरिएको येशूको बारेमा ज्ञान हुन थाल्यो । त्यस चिसो र एकान्त झ्यालखानाको कोठामा उसले येशूलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गऱ्यो । येशूको बारेमा सिकाउन तत्काल कोही थिएन केवल बाइबल मात्र थियो । प्रभुको वचनले गर्दा उसको जीवन पुरै मात्रामा फनक्क फर्कियो । झ्यालखानाको काल कोठरीमा प्रभुको ज्योतिले उसको जीवन उज्यालो भयो । जीवनमा बोकेका रिस, कटुपना र उदासीनताको भारले उसलाई चट्टै छोड्यो । सामले आँखाभरि आँसु बगाएर घुँडा टेक्यो । ऊ भावले बिह्वल भएर परमेश्वरको अगाडि प्रार्थनामा पुकारे: ×प्रभु, यदि तपाईंले चाहेमा म तपाईंको हुँ ।आजै रातमा तपाईंकहाँ आँउदै छु । तपाईंको क्षमा, सदासयता, शान्ति र शक्ति मलाई प्रदान गर्नुहोस् । मलाई पुनर्जन्म दिनुहोस् र परिवर्तन गर्नुहोस् ।" परमेश्वरले उसको सम्पूर्ण पाप क्षमा गर्नुभयो र अनन्त जीवनको प्रतिज्ञाले भरिपूर्ण भयो । मृत्युको सामना गर्न क्षमता दिनुभयो र शान्तिको अनुभूति गरेर आफ्नो अपराधको सजाँय सहस्र रूपमा स्विकार गरेर मृत्युलाई अँगालो मारे ।

हामीमा जस्तोसुकै राक्षसीपना भए पनि बाइबलले हामीलाई परिवर्तन गर्न सक्दछ र हामीलाई आत्मसंयमी व्यक्ती बनाएर साधुपनाको चरित्रमा ढाल्न सक्दछ । बाइबलमा के छ जसले खलल भएको जीवनलाई सङ्लो पार्न सक्दछ? हुन सक्छ सबैको जीवनको परिवर्तन यस्तो नाटकीय ढँगले नहोला, तर विश्व इसाई इतिहासमा बाइबलद्वारा कसरी उनीहरूको जीवन परिवर्तन भयो भनेर लाखौंले यस्तो गवाही दिन सक्दछन् ।

### १ पवित्र धर्मशास्त्र बाइबल, मानिसलाई परिवर्तन गर्ने साधन

२ कोरिन्थी ५:१७ पढ्नुहोस् । आत्मसाक्षी राखेर भन्नुहोस्, के तपाईंले यस पदमा लेखेको प्रतिज्ञाको अनुभव गर्नु भएको छ?

मानिसको चरित्र र प्रवृतीलाई बाइबलले यथार्थ रूपमा धमिलो प्रकारले चित्रण गरेको पाउँदछौं । हेर्नुहोस्: यशैया ५९:२-४, यर्मिया १३:२३, रोमी ३:१०-१२ । मानिसको यो दृश्यलाई बाइबलका आलोचकहरूले आक्रामक तवरले हेरे पनि मानव इतीहासलाई सरसरती हेर्दा बाइबलको चित्रण गलत छैन भनेर प्रमाणित गर्दछ । मानिसहरूले जतिसुकै महान् आकङ्क्षा लिएर मानव सभ्यतालाई सुधार गर्छु भनेर अग्रसर भए पनि ती असफल भएको

पाउँदछौं । अनेक राजनैतिक अवधारणाहरू, विभिन्न वादहरू र सिद्धान्तहरूको यस संसारमा प्रादुर्भाव भएको छ । ती सबैले मानव जीवनलाई परिवर्तन गरी नयाँ र सुखमय सपनाको प्रतीक्षालाई ललकार्छ, तर त्यसको विपरित मानिसले भयावह जीवनको सामना गरिरहनुपर्ने हुन्छ । आज संसारमा कुन चाहिँ देशले ×मेरो देशले अपनाएको वाद पूर्ण सफल छ र मेरो देशका जनताहरू हृदयदेखि खुसी र सुखी छन्" भनेर दावी गर्न सक्दछ? परमेश्वरविना जुनसुकै वादपनि उहाँको अगाडि अपवादसम्म हुँदैन । मानिसहरू कुनै न कुनै रूपमा आफूले ल्याएको परिवर्तनको पीडा भोगिरहेकै हुन्छन् । त्यस पीडालाई मत्थर गर्न अनेक भौतिक उपायहरूलाई चलन चल्तीमा ल्याउन खोज्दछन् । तैपनि जीवनको नैराश्यतालाई समाधान गरेको विरलै पाउँदछौं ।

तर परमेश्वरलाई धन्यवाद दिऔं किनभने हरेक व्यक्ति जो नवजीवनको लागि भोको छ त्यसको लागि अमूल्य आशाको किरणले छाउन सक्दछ । हाम्रो सृष्टिकर्ता र उद्धारकर्ता येशूलाई बाइबलले औंल्याएको कारणले हामी नैराश्य जीवनलाई त्यागेर अचम्मको नयाँ परिवर्तित जीवन अपनाउन सक्दछौं । बाइबलले हरेक मानिसको अगाडि आशा, सकारात्मक र निर्दिष्ट आव्हान तेर्स्याइएको हुन्छ । यसलाई स्वीकार्ने अभिभारा प्रत्येक व्यक्तिमै निहित हुन्छ । जसरी अरूकोलागि औषधी खाएर उसको रोग निको हुन सक्दैन त्यसरी नै आध्यात्मिक जीवनमा अरूलाई काँधमा बोकेर उसको जीवनलाई परिवर्तन गर्न सक्दैन ।

बाइबलको अध्ययन गरेर हरेक पापी र अधर्मी येशूको सङ्गतमा आउन सक्दछ । उहाँले सत्यको बाटो अपनाऊ भनेर सत्यलाई देखाउनु भएन तर आफै सत्य हुनुहुन्छ भनेर हरेकलाई आफूतिर व्यक्तिगत तवरले खिँच्न चाहनु हुन्छ । हामीलाई वर्तमानमै पुनर्जन्मको प्रत्याभूति दिन, उद्धार वा मुक्ति दिन र छियाछिया भएको हृदयलाई चङ्गाई गर्न येशू सक्षम परमेश्वर हुनुहुन्छ । हाम्रो जीवनलाई सार्थकता प्रदान गर्ने शक्ति उहाँमै निहित छन् ।

देहायको पदहरू पढ्नुहोस्: भजन १९:७, युहन्ना १७:१७, रोमी ६:४, एफिसी ४:२४, हिब्रु ४:१२, र पत्रुस २:२४ । मानिसको विभिन्न वादमा भौंतारिएको हामीलाई यी पदहरूले कस्तो प्रतिज्ञा, भरोसा र आश्वासन् प्रदान गर्दछ?

परमेश्वरको वचनले हामीलाई परिवर्तन गर्न सक्दछ भन्ने तथ्य निर्विबाद छ । बाइबलले हामीलाई धैरै दिव्य ज्ञानहरूको प्रवाह दिँदछ । यसले आध्यात्मिक र मानसिक अन्धकारलाई पछारेर यस्तो परमेश्वरको बारेमा प्रकाश पार्दछ जो प्रेमिलो, शक्तिशाली, सदासयी, करूणामयी, उदारमयी र सनातनका परमप्रभु परमेश्वर हुनुहुन्छ । मानिसले उहाँलाई खोज्ने होइन तर उहाँले हरेकलाई विश्वास र आस्था दिलाएर उनीहरूको जीवनलाई रूपान्तर गर्न खोजीरहनुभएको हुन्छ । जसले विश्वास गर्दछ त्यसलाई उहाँले दिने नवजीवन जहिले पनि प्राप्त छ । तर याद गर्नुहोस् उहाँले हरेक मानिसको व्यक्तिगत भावनालाई कुन्ठित गर्द चाहनु हुन्न । आफूले दिन चाहेको मुक्तिको बाटो करले कसैलाई दिनु हुन्न न त कसैले करकापमा पाएको चाहनु हुन्छ । हरेकको अभिव्यक्तिको स्वतन्त्रतालाई उहाँ कदर गर्नुहुन्छ । त्यसैकारण बाइबलले यो जोड दिन्छ परमेश्वरलाई वंशबाट होइन तर व्यक्तिगत सम्बन्धबाटमात्र प्राप्त गर्न सकिन्छ । इसाई जीवनको इतिहास पढ्नु भयो भने लाखौंले उनीहरूको जीवनमा परमेश्वरको वचनले कस्तो शक्ति सञ्चय गर्न मद्दत प्राप्त गरे र उनीहरूको जीवन कसरी परिवर्तन भए भनेर गवाहीको वृतान्त पाउनुहुन्छ । विश्वास र आस्थाद्वारा जो मानिस परमेश्वरलाई समर्पण गर्दछ र बाइबलको निर्देशनलाई पालन गर्न जो प्रतिबद्धता गर्दछ ती हरेकले नाटकीयढङ्गले उनीहरूको जीवनमा परमेश्वर कार्यशील भएको अनुभव गर्दछ । मानिस जतिसुकै अधर्मी, पापी र जहाँसुकैको किन नहोस्, नयाँ जीवनको तिर्खापनालाई परमेश्वरले तारिदिनु हुन्छ । एउटै सर्त के छ भने उसले त्यो परिवर्तनको चाहना गर्नु पर्दछ ।

परमेश्वरको वचन पढेर तपाईंको जीवनमा कुनै प्रत्यक्ष परिवर्तन भएको पाउनु भएको छ? जीवनको कुन भागमा र के परिवर्तन भएको छ र अझ कुन परिवर्तकोलागि अपेक्षा गरिरहनु भएको छ?

## २ आफ्नो जीवनलाई परमेश्वरको वचनको निर्देशनमा ढाल्नु

कुनै न कुनै समयमा पावलको चित्कारलाई हामीले अनुकरण गरेका हुन्छौ: ×हाय, म कस्तो दु:खी मानिस ! यस मृत्युको शरीरबाट कसले उद्धार गर्ला?" (रोमी ७:२४) । तर भाग्यबश पावलले त्यसको जवाफ अर्को पदले दिँदछ: येशू ख्रीष्टले मात्रै हामीलाई उद्धार गर्न सक्नुहुन्छ. यसमा परमेश्वरको जय होस् ।

वर्तमान जीवनदेखी निरन्तरता पाउने मुक्तिको श्रोत येशू ख्रीष्ट हुनुहुन्छ । ×विश्वासको कारण अनुग्रहद्वारा तिमीहरूले उद्धार पाएका छौ, (याद गर्नुहोस् पावलले भविष्यलाई लक्षित गरेर पाउनेछौ भनेको छैन) तर यो मुक्ति तिमीहरूले कसरत वा कर्म गरेको फलले होइन । यो परमेश्वरको वरदान हो, मानिसले आफ्नो कार्यकर्मको फलले मुक्ति पायौं भनेर कसैले दावी गरेर फुर्ती नलगाओस् ।"-एफिसी २:८,९ । विश्वास वा आस्था परमेश्वरको वरदान हो भनेर स्वीकार गरेपछि त्यसलाई कसरी ग्रहण गर्ने?

रोमी १०:१७ पढ्नुहोस् । यसमा हेर्नुहोस, विश्वास वा आस्थालाई प्राप्त गर्न बाइबलले के भूमिका खेल्दछ?

जति बाइबल पढ्छौं त्यति नै बढी येशूको बारेमा ज्ञान प्राप्त हुन्छ र विश्वासको जग बलियो हुँदै जान्छ । प्रभुको वचनलाई धेरै ध्यान दिएर सुन्यौं भने उहाँमा हाम्रो आस्था बढ्छ । यसको फलस्वरूप हाम्रो जीवनलाई परिवर्तन गराउन परमेश्वरको शक्ति प्राप्त भएको अनुभव गर्दछौं ।

तर दुर्भाग्यवश धेरैले बाइबल पढ्छन् तर त्यसको प्रभावबाट टाढै पनि हुनसक्दछन् । येशूको पालामा धेरै पण्डित र फरिसीहरूलाई पवित्रशास्त्र कण्ठ थियो तर त्यसले तिनीहरूलाई फायदा गरेन ।

युहन्ना ५:३९, ४० पढ्नुहोस् । यसमा महत्वपूर्ण आत्मज्ञानको के मूल तत्त्व उल्लेख गरेको छ? साथै याकुब १:२२ पनि हेर्नुहोस् ।

जुनसुकै ज्ञान, बाइबलकै भए तापनि, हामी स्वत परिवर्तन भएर असल हुन्छौं भन्न सकिँदैन । बाइबलको ज्ञान प्राप्त गर्न सिक्न चाहने इच्छाको जागरण हुनुपर्दछ र हृदयलाई खुला गरेर पवित्र आत्माको अगुवाइमा आफूलाई ढाल्नु पर्दछ । येशूको उपासक हुन यसको विकल्प अरू छैन । ज्ञानलाई संचयमात्र गर्न हाम्रो आवश्यकता होइन, बाइबलको शिक्षा बारे बढी जानकारी भएर मात्र पुग्ने होइन, तर यसले देखाएको पथमा हिड्न हामी राजी हुनुपर्दछ । पुराण जस्तै बाइबललाई सुनेर उद्धार पाउने वा आशिषको अनभूति प्राप्त हुन्दैन तर जसले पालन गर्छ ऊसले मात्र वर्तमान जीवनमा र आउने जीवनमा मुक्तिको आशिषले भरपुर हुन्छ । हेर्नुहोस् मत्ती ७:२४-२९ । हाम्रो जीवनमा बाइबलले देखाएको मार्गदर्शनमा हिंड्न इच्छा हुनुपर्दछ र यसले देखाएको शिक्षादीक्षा अनुसार चल्न हाम्रो जीवनलाई यससँग समायोजन गर्नु पर्दछ । नम्र भएर परमेश्वरको सदिच्छा पालन गर्न बाइबलको नजिक आयौं भने परमेश्वरले हाम्रो जीवनलाई परिवर्तन गराई हाम्रो जीवनको सम्पूर्ण कार्यकिलापमा उहाँ समावेश हुनुहनेछ । उहाँलाई हाम्रो जीवनमा सरिक बनाउने अधिकार हामी हरेकलाई व्यक्तिगत तवरमा निहित गरिएको छ । हाम्रो इच्छा विरूद्ध उहाँले हाम्रो जीवनमा हस्तक्षेप गर्नुहुन्न ।

तपाईं हातमा बाइबल लिँदा के नम्र भएर सिक्ने इच्छाले अभिप्रेरित हुनुहुन्छ वा आलोचनात्मक दृष्टि गरि त्यसलाई तुच्छ रूपमा लिई विश्वासमा आँच ल्याउन बाटो रोज्नुहुन्छ? यदि तपाईंको जीवनमा विश्वासको खाँचो छ भनेर अहिले नै प्रार्थनापूर्वक परमेश्वरको वचन खोल्नुहोस् । परमेश्वरसँग उहाँको इच्छा प्रकट गराउन बिन्ती गर्नुहोस् । उहाँले तपाईंलाई विश्वास र शक्ति दिनुहुनेछ जसले गर्दा बाइबलले देखाएको सत्य पथमा हिँड्न सकिने छ । तपाईंको जीवन परिवर्तन गर्न र जीवनलाई सार्थकतामा ढाल्न अरू विकल्प छैन ।

### ३ सार्थक जीवनको लागि मूलतत्त्वहरू

भजन १९:७-१०, ११९:१०५, २ तिमोथी ३:१६,१७ पढ्नुहोस् । यी पदहरूमा बाइबल हाम्रो जीवनको मार्ग निर्देशिका हो भनेर स्पष्ट पारेको छ । जसले पालन गर्दछ त्यसलाई बाइबलले कसरी डोऱ्याउँछ भनेर प्रतिज्ञा दिइएको छ ।

हरेक दिन हामीले कठिन निर्णयहरूको सामना गरिरहेका हुन्छौं । यसले हाम्रो जीवन पद्धतिलाई धेरै असर पारिरहेको हुन्छ । हामी कस्तो जीवन बिताउन चाहछौं त्यो हामीले गर्ने निर्णयमा भर पर्छ । आज संसारमा धेरै थरीका नैतिक वादहरू छन् जसले गर्दा कुन ठीक कुन बेठीक भनेर छुट्याउन मुश्किल भइरहेको हुन्छ । बुढाबुढीहरूलाई मार्नु पर्छ किनभने तिनीहरू आफ्नो र समाजकोलागि बोझ छन् भनेर एक थरी नीति शास्त्रका गुरूले आह्वान गरेका छन् । तिनीहरूनै फेरि खानको लागि जनावर मार्नु हुँदैन भनि वकालत पनि गर्दछन् ।

परमेश्वरको जय होस् किनकि उहाँले हामीलाई आफ्नो वचन दिनुभएको छ । यसले हाम्रो जीवन कसरी यापन गर्नुपर्छ भनेर मार्ग निर्देशक प्रदान गरेको छ र हाम्रो लागि आचारसंहिता पनि प्रस्तुत गरेको छ । पवित्र जीवन कहानीहरूबाट, येशूको जीवन र शिक्षादीक्षाबाट वा बाइबलका विभिन्न शिक्षाहरूद्वारा हाम्रो जीवनलाई सार्थक बाटोमा अग्रसर पार्न सैद्धान्तिक तत्त्वहरू यस प्रभुको वचनमा समावेस गरिएको छ ।

उत्पत्ति ३९:७-१४, युहन्ना ८:३-११ र फिलिप्पी २:३,४ पढ्नुहोस् । यसमा हाम्रो जीवनलाई चाहिने के मूलतत्त्वहरू छन् जसलाई व्यवहारमा ल्याउँदा हाम्रो जीवन अर्थपूर्ण हुन सक्दछ?

मानव जीवनमा आइपर्ने प्रत्येक समस्यालाई कसरी समाधान गर्ने भनेर बाइबलले देखाउन खोजेको छैन । तर यसले हामीलाई दिने अचम्मका सिद्धान्तहरूलाई दैनिक जीवनमा पालन गर्न सकिन्छ । पवित्र विवेकको आचरणमा रहेर, पवित्र आत्माको अगुवाइमा हिंडेर ती शिक्षाहरूलाई पालन गऱ्यौं भने परमेश्वरको अगुवाइमा संवेदेनशिल हुन सक्छौ र पवित्र आत्माको साथमा हिँड्नलाई दिव्यज्ञान प्राप्त गर्न सक्छौं । बाइबलमा धेरै यस्ता विरहरू छन जसको अनुकरणीय उदाहरणको अनुसरण गर्न सक्छौं । साथै बाइबलले देखाएको नीति निर्देशनमा हिंड्यौं भने हाम्रो जीवन परिवर्तन गर्न सकिन्छ ।

बाइबललाई केवल इतीहासको संग्रह वा अध्यात्मिक तथ्यहरूको सङ्गालोमात्र भनेर हेर्नुहुँदैन । परमेश्वरको सदिच्छा हाम्रो जीवनमा के हो भनेर आवश्यकताको महसुस गरेर यसमा खनेर हेर्नु पर्दछ, किनभने परमेश्वरले जहिले पनि हाम्रो हितमात्र चाहनु हुन्छ । यसकारणले गर्दा बाइबलले हामीलाई नीति र नैतिक शिक्षा दिने मूल श्रोतको रूपमा लिनुपर्दछ । परमेश्वरले हाम्रो जीवनबाट के अपेक्षा गर्नुहुन्छ त्यो पनि यसमा स्पष्ट रूपमा समावेस गरिएको छ । जीवनलाई सार्थक बनाउन कसरी जीवनयापन गर्ने भनेर परमेश्वरले बाइबल मार्फत् हामीलाई देखाउनु भएको छ । यदि परमेश्वरको अगुवाइमा हिंड्यौं भने हामी

सच्चिदानन्दको अनुभव गर्न सक्दछौं र हाम्रो जीवनलाई उहाँको इच्छामा ढाल्न उहाँले शक्ति पनि प्रदान गर्नुहुन्छ । यो बाटो रोज्न प्रत्येक व्यक्तिमा निर्भर गर्दछ ।

## ४ परमेश्वरको वचनले के भन्दछ त?

परमेश्वरले गर्नुभएको अपेक्षा अनुसार हाम्रो जीवन यापन गर्न कुन सिद्धान्तहरू अपनाउनु पर्दछ भनेर अघिल्लो बुँदामा हेर्‍यौं । यस बुँदामा हामीले यस्ता कुनै परिस्थितिहरू हेरौं जहाँ मानिसहरू त्यसको धरापमा पर्दा बाइबलले कसरी मद्दत गर्न सक्दो रहेछ । जुनसुकै परिस्थितिबाट उम्कन के बाइबलले हामीलाई साथ दिन सक्दछ? तल केही यस्ता परिस्थितिहरू छन् जसबाट उम्कन आफैले बाइबल पल्टाएर ती पदहरू खोजेर लेख्नुहोस्:-

क. तपाईंको एक जना सहकर्मी जो सँगै काम गर्नुहुन्छ, उसले आफ्नो कार्यालयबाट पैसा चोर्दछ । यस परिस्थितीमा तपाईं के गर्नुहुन्छ? के त्यसलाई बेवास्ता गर्नुहुन्छ? अर्थात् उसको बारेमा हाकिमलाई भन्नुहुन्छ कि? परमेश्वरको वचनले के भन्दछ?
ख. एक जना अविवाहित युवती गर्भवती हुन्छिन् । उनी र उनको केटासाथीले विवाह गरे पनि बालकलाई हेरचाह गर्न असमर्थ छन् । उनी बालकलाई जन्माउन चाहन्छिन, तर केटाले उनले गर्भपात गरेको चाहन्छन् । परमेश्वरको वचनले के भन्दछ?
ग. एक जना मगन्तेले बाटोमा हात पसारेर पैसा माग्दछन् । परमेश्वरको वचनले के भन्दछ?
घ. तपाईंबाट गवाही पाएको मित्रले खान बोलाउँछ र उसले तपाईंलाई सुँगुरको मासु वा बँदेलको मासु खुवाउन थालमा राखी दिन्छन् । परमेश्वरको वचनले के भन्दछ?
ङ. एक जना वृद्ध आमा वा बुबा अचेत अवस्थामा छ । उनलाई परिवारले धान्नै नसकिने औषधी उपचार गरेर मुश्किलले बचाई राखेको छ । के उनलाई सकुन्जेल बचाई राख्नु हुन्छ अर्थात् सास फेर्ने यन्त्रलाई छुटाउनु हुन्छ? परमेश्वरको वचनले के भन्दछ?

उपरोक्त परिस्थितिलाई सामना गर्न के सहज पाउनु भएको छ? के ती सबै परिस्थितिको सामना गर्न बाइबलले स्पष्ट जवाफ जुटाइ दिएको छ? यदि बाइबल तपाईंको मार्ग निर्देशक नभए ती परिस्थितिहरूलाई कुन भिन्न तरिकाले सामना गर्नुहुन्छ? साथीभाइहरूमा यस विषयमा छलफल गर्नुहोस् ।

## ५ पुनर्जागरण र सुधार

परमेश्वरको वचनको शक्ति पाएर हाम्रो व्यक्तिगत जीवनमा कसरी संचालन गर्न सकिन्छ भनेर हामीले अझसम्म हेर्‍यौं । तर के त्यो शक्ति चर्चलाई पनि प्राप्त छ? हामीलाई समूहगत रूपमा परमेश्वरको वचनले कस्तो कार्यसम्पादन गर्न सहायता गर्दछ?

२ राजा २२:९-२३:२५ पढ्नुहोस् । यसमा के भयो? यसमा लिखित कथालाई प्रकाशमा ल्याउन बाइबलले के भूमिका निभाएको छ?

जव यहूदाका मानिसहरूले परमेश्वरको वचन सुने त्यहाँ ठूलो सुधार र पुनर्जागरण आएको थियो । यो कुनै व्यक्ति विशेष नभएर सम्पूर्ण राष्ट्र नै प्रभावित भएको थियो ।

"यसरी योसियाले युवाअवस्थामा राजा भएर आफ्नो पदको अधिकारलाई उपयोग गरी इस्रायलीहरूलाई परमेश्वरको पवित्र आज्ञाका सिद्धान्तहरूलाई उच्चस्थानमा राख्न भरमग्दुर प्रयत्न गरे । सेफान शास्त्रीले व्यवस्थाका पुस्तकबाट पढिरहेको बेलामा राजाले त्यस पुस्तकमा ज्ञानको भण्डार भएको महसुस गरे । आफ्नो राज्यमा सुधार ल्याउन इच्छा भइरहेको बेलामा

यो पुस्तक शक्तिशाली सहयोगीको रूपमा प्रयोग गरियो । ऊ आफू पनि त्यस पुस्तकले देखाएको ज्योतिको नीतिनिर्देशनमा हिंड्न प्रण गरे र साथै आफ्ना जनताहरूको माझमा पनि यसको शिक्षादीक्षालाई प्रचारप्रसार गरी तिनीहरूलाई त्यस अनुसार चल्न आह्वान गरे । स्वर्गको राज्यको नियम व्यवस्थाप्रति अचूक आस्था जागोस् र त्यसप्रति माया होस् भन्ने उसको चाहना थियो ।"- एलेन जि ह्वाईट, *प्रोफेट एण्ड किन्गस्,* पृ. ३९८ ।

राजा यहोशापातको समयमा भएको सुधार अर्को उदाहरण हो । उसले मानिसहरूको माझमा बाइबल शिक्षकहरू पठाएर परमेश्वरको व्यवस्थालाई सिकाउन लगाए । ×र तिनीहरूले यहुदामा सिकाए र तिनीहरूको हातमा परमेश्वरको व्यवस्थाको पुस्तक थियो । तिनीहरू यहुदाका सारा शहरहरूमा गएर मानिसहरूलाई सिकाए ।" -२ इतीहास १७:९ । बाइबलले खासमा कुन पुस्तक भनेर नतोकेपनि परमेश्वरको लिखित वचन वा धर्मशास्त्र नै मानिसहरूमा पुनर्जागरण र सुधार ल्याउने मूल आधार थियो भन्ने तथ्यलाई औँल्याउन सकिन्छ ।

बाइबलमा आधारित नैतिक शिक्षाहरूले नै अभिप्रेरित भएर त्यसको अनुरूपमा चल्न राजा यहोशापातले न्यायप्रणालीमा सुधार ल्याए । २ इतीहास १९:४-११ अध्ययन गर्‍यौं भने राजा यहोशापातले न्याय प्रणालीमा सुधार ल्याएको हामी देख्छौं: ×तिमीले गर्नुपर्ने काममा सावधानी अपनाउनू" (२ इतीहास १९:६), ×होसियारसाथ न्याय गर्नू" (पद ७), ×अन्याय, पक्षपातपुर्ण र घुस खाएर न्याय नगर्नू" (पद ७), ×विश्वासिलो भएर सेवा गर्नू" (पद ९), ×परमेश्वरको विरूद्धमा पाप नगर्नू भनेर चेतावनी देओ" (पद १०), र ×साहशिलो भएर आफ्नो काम सम्हाल" (पद ११) । बाइबलमा यस्ता धेरै नीति निर्देशनहरू तथा मानिसलाई चाहिने नैतिक शिक्षाका तत्त्वहरू पाउँछौं ।

चर्चमा पनि परमेश्वरको वचनको विरूद्ध विखण्डन ल्याउन असहज भएको पाउँदैनौं । प्राचीन इस्रायलमा यस्ता धेरै गल्तीहरू भए जसलाई बारम्बार सुधार गरिनु परेको थियो । चर्चलाई यस्तो गल्तीबाट जोगाउन हामीले के गर्नु पर्दछ?

**उपसंहार:**

अरू जानकारीको लागि पढ्नुहोस्:- एलेन जि ह्वाईट, *प्रोफेट एण्ड किन्गस्*, ×यहोशापात" पृ. १९०-२०३, *सेलेक्टेड मेशेजेज्*, ×रिभाएभल एण्ड रिफोरमेशन्," बुक १, पृ. ११९-१५२ ।

×यदि हृदयलाई परमेश्वरको वचनको तालमा ल्याउन सके तपाईं भित्र नयाँ जीवनको पालुवा पलाउन सक्दछ । हरेक वचन पढ्दा नयाँ ज्योति चम्केको पाउनुहुनेछ । अनि परमेश्वरको वचन तपाईंको आत्मामा उहाँकै आवाज सावित हुनेछ ।"-एलेन जि ह्वाईट, *फण्डामेन्टलसे अभ एजुकेशन*, पृ. १८३ ।

×हाम्रो जीवनको गतिविधिलाई सुचारू रूपले चलाउन बाइबलले देखाएका नीति निर्देशनहरू पालन गर्‍यौं भने हामी सुरक्षित हुनेछौं । बाइबल परमेश्वरको प्रतिलिपि हो र यो दिव्य ज्ञानको अभिव्यक्ति हो । जीवनको महान् कठिन समस्याहरूलाई बुझाउन मानिसको समझशक्तिलाई यसले खोल्दछ । जसले यसका उपदेशहरू पालन गर्दछ उसको लागि यो अचुक पथ प्रदर्शक सावित हुनेछ । यसले गर्दा मानिसको जीवनलाई गलत बाटोमा हिंड्न रोक लगाउँछ र निरर्थक रूपमा जीवनलाई खेर फाल्न दिँदैन ।"-एलेन जि ह्वाईट, *द आक्ट अभ आपोस्टलस्,* पृ. ५०६ ।

**चिन्तन मनन्:**

१ बाइबल अध्ययन गरेर परमेश्वरका विश्वासीहरूको जीवनलाई परिवर्तन गरी नव जागरण र सुधार ल्याउँछ भनेर थाहा भएको कारणले बाइबल अध्ययनको उपादेयतालाई कसरी नवीकरण गर्न सक्छौं? व्यक्तिगत जीवन र चर्चमा नव जागरण र सुधार ल्याउन हामीले के भूमिका निर्वाह गर्नु पर्दछ?

२. तेश्रो र चौथो बुँदाका प्रश्नहरूमा पुन विचार गर्नुहोस् । अरू विश्वासीहरूसँग यसबारे छलफल गर्नुहोस् । अरूहरू र आफ्नो जवाफमा के भिन्नता वा समानता पाउनु भएको छ? एक आपससँग के सिक्न सक्नुहुन्छ?

३, परमेश्वरको वचनले व्यक्तिगतमात्र होइन सामुहिक रूपमा चर्चमा नै अधिकतम मात्रामा प्रभाव पार्न जरूरी छ भनेर के तपाईंले महसुस गर्नुभएको छ? हसाको बीचमा बाइबल अध्ययन सुरू गर्नुहोस् र अरूलाई पनि समावेश गर्नुहोस् ।

४ परमेश्वरको वचनले कसरी जीवन परिवर्तन भयो भनेर एक आपसमा बाँड्नुहोस्, हौसला लिनुहोस् र दिनुहोस् ।

५. हुनसक्छ कोही यस्ता व्यक्ति तपाईंको सम्पर्कमा होला जसले बाइबलले त्यसको जीवन परिवर्तन गरेको चाहन्छ तर केही हुन सकेको छैन । त्यस्तो व्यक्तिलाई के सुझाव र सल्लाह दिनुहुन्छ?

### अध्याय ८

## आशाको किरण प्रकट हुन्छ

यस अध्ययनको लागि देहायको बाइबलका पदहरू पढ्नुहोस्:- भजन ३४:७, ९१:४, रोमी ३:२६, १ कोरिन्थी १५:५१-५८, कलस्सी १:१४,२:१३, १ थेस्सलोनिकीहरूलाई ४:१३-१८, १ पत्रुस ३:१८, १ युहन्ना १:९, २:१२

मूल पद: ×बितेका समयमा हरेक कुरा जे लेखिएका थिए त्यो हाम्रो शिक्षाको लागि थियो जसले गर्दा पवित्र शास्त्रबाट ल्याउने धैर्यता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं ।"-रोमी १५:४

मूल विचार: अंधकारमय संसारमा भौंतारिएको हामीलाई बाइबलमा प्रकट गरेको प्रतिज्ञा र आशाले हाम्रो जीवनको सार्थकतालाई अमूल्य बनाउँछ ।

दोश्रो विश्वयुद्धताका चार सैनिक हवाईजहाजहरूलाई बम हानेर खसालिदिए । त्यसमा भएका सैनिकहरू सानो डुङ्गामा २१ दिनसम्म प्रशान्त महासागरको विचमा तैरि रहे । उनीहरूसँग खाना र पानी थिएन । तर जव तिनीहरू तिर्खाले छटपटाएका थिए त्यसबेला पानी पर्‍यो र त्यही पानी खाएर प्यास मेटाए । जव उनीहरू भोकले व्याकुल भएका थिए, त्यसबेला समुद्रका चरा उनीहरूको मुढामा बसे । तिनीहरूले त्यसलाई मारे र भोकलाई तृप्त पारे ।

जब अन्तमा तिनीहरूको उद्धार भयो तिनीहरू चारै जनालाई अलग अलग गरेर एउटै प्रश्न सोधे: ×तपाईंहरूको जीवनलाई बचाइ राख्न शक्ति कहाँबाट प्राप्त भयो?" ति चारै जनाले प्राय: एकै जवाफ दिए: नयाँ नियमको पुस्तक जुन त्यस डुङ्गामा थियो, उनीहरूले दिनदिनै पढे । जब तिनीहरूको आशा मरेको थियो र मृत्युले छाएको थियो, त्यस पुस्तकले आशा दिएर बाँचिरहन सामर्थ्य उपलब्ध गरायो ।

बाइबलमा ×आशा" भन्दा प्रचलित शब्दलाई जनाउँदैन जसमा न्यून आधारको चाहना गर्नु भनेर मानिन्छ । बाइबलमा ×आशा" भन्ने शब्द आउने बित्तिक्कै त्यस परमेश्वरको बारेमा जनाउँछ जो प्रेमी, शक्तिशाली, हेरचाह गर्ने, हाम्रो आवश्यकता पूरा गर्ने र नयाँ संसारमा रहनको लागि प्रतिज्ञाहरूले भरिदिने परमप्रभु परमेश्वर हुनुहुन्छ । यस भागमा परमेश्वरको वचनमा हाम्रो लागि कस्तो आशाको किरण प्रकट गरेको रहेछ भनेर हेर्नेछौं ।

### १ पवित्र शास्त्रमा पाउने सान्त्वना

×बितेका समयमा हरेक कुरा जे लेखिएका थिए त्यो हाम्रो शिक्षाको लागि थियो जसले गर्दा पवित्र शास्त्रबाट ल्याउने धैर्य र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं ।"-रोमी १५:४

उक्त पङतिमा पावलले पवित्र शास्त्रले धैर्य र उत्साह प्रदान गरी आशामा डोर्‍याउँछ भन्ने मनसाय व्यक्त गरेका छन् । अरू अंग्रेजी भाषामा ×पवित्र शास्त्रबाट प्रदान गर्ने सान्वना" भनेर उल्लेख गरिएको छ । तपाईंले बाइबल पढ्नु हुन्छ भने व्यक्तिगतरूपमा के कुरा पाउनु भएको छ जसले तपाईंको जीवनमा आशालाई उमारिदिन्छ?

मानिसहरूको अवस्थालाई बाइबलले भण्डाफोर गर्दछ । यसले भन्दछ, ×हामी सबै पापी छौ ।" 'रोमी ३:१०) र पापको ज्याला मृत्यु हो (रोमी ६:२३) । मानव जीवनले मुक्तिको लागि जुन सङ्घर्ष गर्दछ त्यसलाई पावलले यसरी व्यक्त गर्दछन्, ×म कस्तो तुच्छ, अभागी वा दु:खी मानिस, यस मृत्युको पासोबाट मलाई कसले छुटकारा दिन्छ?" (रोमी ७:२४) । अर्को हरफमा उनैले जवाफ दिन्छ त्यस पासोबाट उद्धार गर्ने येशू नै हुनुहुन्छ (रोमी ६:२३) । येशूले हामीलाई प्रेम गर्नु भएकोले उहाँ यस संसारमा आउन राजी हुनुभयो, मानव शरीर धारण गरेर मानिसले पाउने सबै दु:खमा सरिक हुनुभयो र हामी मर्नुपर्ने ठाउँमा उहाँ मर्नुभयो ।येशू हाम्रो लागि बलि हुनुभएको कारणलेनै हामी मुक्तिको सहभागी हुन सक्दछौं भनेर बाइबलले प्रष्टसँग त्यस आशामा औंल्याउँछ ।

देहाएका पदहरूमा कस्तो आशालाई प्रस्तुत गरेको छ?

क. रोमी ३:२६, १ पत्रुस ३:१८
ख. युहन्ना १६:१३, २ तिमोथी ३:१६
ग. लुका १८:२९,३०, १ युहन्ना ५:१३

येशू ख्रीष्ट सृष्टिकर्ता हुनुहुन्छ र सबै थोक उहाँले नै सृष्टि गर्नुभएको थियो (कलस्सी १:१६) । उहाँले नै हाम्रो पापको भारी क्रुसमा बोक्नुभयो । हाम्रो सट्टा येशू मर्नु भयो, हाम्रोलागि उहाँले कष्ट सहनु भयो । यो कुनै जात,रंङ, भौगोलिक क्षेत्रमा सीमित भएको मानिसको लागि न त इतीहासको निश्चित समयमा भएका मानिसहरूको लागि हो, तर हामी सबैको लागि हो । यदि हामी श्रद्धापात्र अर्थात् योग्यका नभए येशू किन यस्तो कष्टमय जीवन यापन गर्न राजी हुनु भयो? के उहाँ हामी यस संसारमा मात्र भलो होस् भनेर दु:ख पाउन आउनु भएको हो र? येशूले जीवनको अन्तमा के आशा प्रदान गर्नुभएको छ?

## २ परमेश्वरको सदाशयता र क्षमाको आशा

एक स्त्रीलाई निर्ममतापूर्वक हत्या गरियो । छानविनको प्रक्रियामा पुलिस मनोवैज्ञानिकहरूले हत्यारालाई पकड्न योजना बनाए । तिनीहरूले त्यस स्त्रीको चिहाननेर माईक्रोफोन र भिडियो क्यामरा लुकाएर राखे । र तिनीहरूले कोहि आउला की भनेर लुकेर बसे । एक शुन्य रातमा एक जना मानिस आए । उनले घुँडा टेके र त्यस स्त्रीसँग क्षमा मागे । पुलिसले ती सबै भिडियोमा भेट्टाए ।

ती मानिस त्यस चिहानमा किन गए? यस प्रश्नको जवाफ एउटै छ त्यो हो उनले अपराध गरेको अनुभूति भएकोले मात्र ।

पापी र पतित भएको कारणले हामी सबैले गल्ती गरेका हुन्छौं । बाइबलमा विश्वास नगर्ने र हामीलाई पापको ज्ञान भए जस्तै अरूलाई नहोला तर सबैले कुनै न कुनै रूपमा ठीक र बेठीकप्रति संवेदनशिल भएको पाउँछौं । कोही मानिस गल्ती गरेको छ भने उसले अपराध गरेको भान पक्कै हुन्छ ।कसैलाई आफ्नो अपराधको चेतनाले व्याकुल बनाउन सक्छ । मानिस चेतनशील प्राणी भएकोले गल्तीको महसुस गर्ने मौलिक भावनाले उक्साउँछ । यस भावनालाई कदर नगर्दा धेरै मानिसहरू बिश्वासै गर्न नसकिने गरी हरेस खाँदछन् । त्यस्ता मानिस अपराधको भावनाले मुछिरहेको कारण त्यसलाई ढाकछोप गर्न उद्दण्ड स्वभावको प्रदर्शन गर्दछन् जसले गर्दा आफू मात्र होइन अरूले पनि त्यसको पिडा भोग्नुपर्दछ ।

तर पवित्र शास्त्रमा येशूको जिवनी र हाम्रो लागि मृत्युको वर्णन गरिएकोले हामी त्यसबाट ठूलो आशा र भरोसाको वरदान प्राप्त गर्न सक्दछौं । उहाँले गर्दा हाम्रा सबै हतोत्साहहरूको निवारण हुँदछ ।

जुनसुकै अधर्मको भुमरीमा परे पनि यदि येशूलाई ग्रहण गरे आफ्ना सबै गल्ती र कमी कमजोरहरूको क्षमा पाउन सकिन्छ र नयाँ जीवन पाएर प्रभुमा अघि बढ्न सकिन्छ । बाइबलमा हामीलाई कसरी र किन क्षमा दिइन्छ भनेर प्रशस्त प्रतिज्ञाहरूको उल्लेख गरिएको छ । उदाहरणमा तलका केही पदहरू हेर्नुहोस्:-

प्रेरित २६:१८, एफिसी १:७, ४:३२, कलस्सी १:१४, २:१३, १ युहन्ना १:९, २:१२ ।

हो, येशूद्वारा क्षमा पाउँछौ भनेर बाइबलमा स्पष्ट तरिकाले उल्लेख गरिएको छ । परमेश्वरले हामीलाई कतिको क्षमा गर्नुहुन्छ भन्ने सन्दर्भमा उहाँले भन्नुभएको छ हाम्रो पाप जतिसुकै पूर्वदेखि पश्चिमसम्म ढाकिएको किन नहोस् (भजन १०५:१२) उहाँले त्यसलाई मिल्काएर समुद्रको गहिराइमा फेंक्छु भनेर वाचा गर्नुभएको छ । हाम्रो पापलाई उहाँले आफ्नो पछाडि फ्याँक्नु हुन्छ (यशैया ३८:१७) । त्यसलाई चट्टै मेटिदिनुहुन्छ अर्थात् बगाई दिनुहुन्छ (भजन ५१:१,९, यशैयाह ४३:२५, ४४:२२) । हाम्रो पाप र अपराधलाई सम्झनु पनि हुन्न (यर्मिया ३१:३४) । सारा संसारको पाप र अध्रर्मको निम्ति उहाँ मर्नुभयो । हामीले धर्म कमाउन अर्थात मृत्युपछि अजम्मरी जीवन पाउँला भनेर त्यसको लागि कुनै धर्म र कर्म गर्नु आवश्यकता पर्दैन किनकि येशूले क्रुसमा हाम्रोलागि बलि हुनुभएर सबै थोक गर्नुभयो । त्यस्तो फल प्राप्त गर्न विश्वासद्वारा येशूलाई आस्था राखी ग्रहण गर्नुपर्दछ (रोमी ३:२५) । तपाईं जेसुकै र जहाँसुकै भए पनि र जहाँसुकेकै होस् र जुनसुकै नराम्रो काम तपाईंले गरेकैहोस् ती, परमेश्वरले सम्पूर्ण पापको क्षमा गर्नुहुन्छ, केवल तपाईंले परमेश्वरको वचनमा उल्लेख गरिएका क्षमाका वाचाहरूलाई दावी गरे मात्र पुग्दछ ।

तपाईंलाई आफ्नो जीवनमा के कुनै अपराधले पिरोलेको छ? यदि छ भने माथि लेखिएका केही पदहरू पढ्नुहोस् । त्यसलाई हृदयङ्गम गरी प्रार्थना गर्नुहोस् । परमेश्वरको अगाडि आफ्नो हृदयलाई पोख्नुहोस । उहाँका वाचाहरू अर्थात् कबूलहरू तपाईंकै लागि हो भनेर दावी गर्नुहोस् र सबै अधर्मबाट चोख्याउन परमेश्वरसँग पुकारा गर्नुहोस् ।

### ३. पापमाथि विजय प्राप्त गर्न आशाको उपलब्धी

निम्नलिखित पदहरूमा के आशाको किरण हामीलाई उपलब्ध छ?

हितोपदेश २४:१६, १ कोरिन्थी १५:५७

हामी सिद्ध मानिस नभएकोले कत्ति पटक चुक्दछौं तर हामी निराशावादी हुनु पर्दैन । हामी लडिबुडी खेल्दै अगाडि बढ्न सक्दछौं । परमेश्वरले हामीलाई कहिल्यै पनि फ्याँक्नु हुन्न भन्ने आशा हामीलाई छ । हामीले अजानमा पाप गरेपनि येशूले हाम्रो निम्ति परमेश्वरको अगाडि पैरवी गर्नुहुन्छ (हिब्रु ७:२५, १ युहन्ना २:१) । यत्तिमात्र होइन हामीले पापबाट विजय प्राप्त गर्न येशूले शक्ति प्रदान गर्नुहुन्छ भनेर बाइबलले भनेको छ ।

परमेश्वरले हाम्रो पापलाई क्षमा गर्नुहुन्छ भनेर दिएको धेरै वाचाहरूको दावी गर्न त सक्छौं तर के पापमाथि विजय प्राप्त गर्नपनि प्रतिज्ञाहरू हामीलाई दिइएको छ त? के

त्यो पनि यथार्थै छैन त? के ती पनि त्यत्तिकै महत्वपूर्ण छैन त? परमेश्वरले दिनुभएको पापबाट विजय प्राप्तगर्ने प्रतिज्ञा वा वाचाहरूलाई ग्रहण गरी त्यसलाई हाम्रो जीवनको वास्तिवकतामा परिणत गरी येशूको पथमा हिंड्न विश्वासीकोलागि त्यो भन्दा अर्को निर्णायक विकल्प छैन।

हुन सक्छ कुनै विश्वासीले आफ्नो कमजोरीपनाप्रति विजय पाउन सङ्घर्ष गरिरहेको होला । तल केही पदहरू छन् जसले विजयको जीवनमा अग्रसर हुन के कदमहरू चाल्नुपर्दछ भनेर सुझावहरू दिन्दछन्:-

क. प्रथम त तपाईंको आफ्नो कमजोरीपनाको महशूस गर्नुपर्दछ र आफ्नै बल शक्तिले त्यसमाथी विजय पाउन सक्दैन भनेर स्वीकार गर्नु पर्दछ । हेर्नुहोस् युहन्ना १५:५ ।

ख. परमेश्वरले हामीले विजयी जीवन बिताउन सकोस् भनेर धेरै बाचाहरू दिनुभएको छ । ती बाचा वा प्रतिज्ञाहरू तपाईंकै लागि हो भनेर दावी गर्नुहोस् । हेर्नुहोस् फिलिप्पी ४:१३ ।

ग. परमेश्वरको सहायताले तपाईंलाई ती कमजोरीहरू वा नराम्रा बानीहरूप्रति विजय पाउनु भएको छ भनेर विश्वास गर्नुहोस् र त्यस विजयकोलागि उहाँलाई धन्यवाद दिनुहोस् । हेर्नुहोस् १ कोरिन्थी १०:१३ ।

घ. प्रभु येशूमा म मरेको छु र उहाँमा मैले पुनरूत्थानको जीवन पाएको छु भनेर दावी गर्नुहोस् । रोमी ६:११

ङ. आफूलाई पापको पासोमा नपर्न कुनै पनि यस्तो परिस्थितिमा आफूलाई नपार्नुहोस् जसले तपाईंको कमजोरीको फायदा उठाउँछ । यस्ता पापको आश्रयबाट हट्न व्यवहारिक र ठोस कदम चाल्नुहोस् । तपाईंको इच्छा भए परमेश्वरले त्यस्तो जीवनको लागि साथ दिनुहुन्छ । हेर्नुहोस् रोमी १३:१४ ।

च. तपाईंको मनस्थितिलाई प्रार्थनाको र परमेश्वरप्रति प्रशंसाको जीवनमा ढाल्नहोस् ।उहाँले तपाईंको कमजोरीमाथि विजय प्राप्त गर्न शक्ति प्रदान गर्नुहुन्छ । हेर्नुहोस् १ कोरिन्थी १५:५७ ।

तपाईं सोच्नुहोस् ।के तपाईंले बाइबलमा उल्लिखित क्षमाको प्रतिज्ञाहरूलाई दावी गर्नुभएको छ र विजयकोलागि सङ्डघर्ष गरिरहनुभएको छ? बाइबलमा परमेश्वरले दिनुभएको विजय हासिल गर्ने वाचाहरूको वावजुद पनि के तपाईंले हार खाइरहनु भएको छ? परमेश्वरको कदममा हिँडन तपाईंले आफ्नो जीवनमा के सुधार गर्नुपर्दछ जसले गर्दा परमेश्वरका वचनहरूलाई पालन गर्न सक्ने बनाउँछ?

## ४ प्रबन्ध र संरक्षण

×म जवान थिएँ र अहिले म बुढो भएको छु, तर धर्मात्माहरू त्यागिएको कहिले पनि
देखेको छैन न त उसका सन्तानले खानको लागि माग्नु परेको देखेको छु ।" भजन ३७:२५

यसै सन्दर्भमा मत्ती ६:२५-३४ पढ्नुहोस् । यस पदहरूमा येशूबाट के आश्वासन हामीलाई प्रदान गरिएको छ? हामी हरेकलाई येशूले के भन्न खोजीरहनुभएको छ ?

सारा जगतका सृष्टिकर्ता परमेश्वरले यस धर्तीमा अचम्मका धेरै उपहारहरूले भरिपूर पार्नुभएको छ । पापले गर्दा ती परमेश्वरको वरदानहरूको दुरुपयोग भएको छ र

जे छन् ती पनि सबैले उपभोग गर्न सकेका छैनन् । यद्दपि पृथ्वीका धनराशीहरूको ऱ्हास हुन गइरहे तापनि र गरीवीताको अभिशापले अनियन्त्रित रूपमा छरिए पनि परमेश्वरका विश्वासीहरू भोको पेटमा जीवन काट्न पर्दैन भनी उहाँको प्रतिज्ञा हामीलाई दिइएको छ ।

यसरी नै परमेश्वरले हामीलाई संरक्षण प्रदान गर्ने आश्वासन दिइएको छ । हामी कुनै पनि भाग्यको निरड्कुशताको शिकार हुनुपर्दैन । अर्थात् हामी कुनै काल्पनिक अदृष्य र लक्षहीन शक्तिको जालोमा हुनु आवश्यक छैन । जनमानसमा प्रचलित त्यस शक्तिलाई ×भाग्यको खेल" भनेर विश्वास गरिन्छ । विश्वासीहरूलाई खरावी आउँदेन भनेको होइन, तर परमेश्वरलाई प्रेम गर्नेहरूलाई महान् प्रतिज्ञाहरू दिइएको कारणले कोही पनि निराशको भड्खालोमा जाकिनु पर्दैन । भजनसंग्रहका लेखक दाउदलाई राजा सावलले आतड्ककारी घोषित गरी उसको मृत्युको लागि सिंह जस्तै पिछा गरेको थियो । दाउदले जंगल, गुफा आदिमा भएर भूमिगत जीवन बिताए । यिनै दाउदले भजनसंग्रह २३ रचेर आफ्नो भरोसा परमेश्वरमाथि अभिव्यक्त गर्दछ । उनी भन्दछ: ×मृत्युको अंधकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउन् छैन किनकि तपाईं मेरो साथमा हुनुहुन्छ...." आफूले मृत्युको पासोमै परे तापनि परमेश्वरले पुनर्जीवन दिनुहुन्छ भनेर उहाँप्रति आस्थाको प्रतिबद्धता व्यक्त गर्दछ: ×उहाँले मेरो प्राणलाई पुनर्जिवित पार्नुहुन्छ...।" उसले अनेक बिपत्तिको सामना गरे तर उसले कहिलै पनि सावलको बिरूद्धमा बिद्रोह गरेन न त आफ्नो जीवनलाई हतोत्साहको बाटो अपनाएर निरर्थक सम्झे । शारिरिकरूपमा उसले दुख पाए पनि उसको हृदय परमेश्वरबाट प्राप्त भएको आशाको किरणले प्रज्वलित भएको थियो । उसको जीवनको केन्द्रबिन्दु परमेश्वर भएको कारण, त्यसैको पकडमा रहेर जीवनको सबै संघर्षहरू सफलतापुर्वक सामना गर्न सक्षम भए ।

भजन ४६:१-३, ३४:७, ९१:४,१२५:२ र मत्ती २८:२० मा तपाईंले के आशा पाउनुहुन्छ जसले तपाईंको जीवनमा प्रजल्वित गर्दछ?

परमेश्वरले हामीलाई रक्षा गर्नुहुन्छ र माया ममतापुर्वक संवर्धन गर्नुहुन्छ भनेर धैरै अनुपम प्रतिज्ञाहरू दिनुभएको छ । परमेश्वरले आफ्नो वाचाहरू कसरी अदुभूत र अलौकित तरिकाले पुरा गरेर उहाँको जनहरूलाई संरक्षण गर्नुभएको थियो भनेर बाइबलमा अनेक अनुकरणिय उदाहरणहरू पाउँदछौं । यसैगरी फेरि विश्वास गर्दागर्दै परमेश्वरका जनहरूले दुख पाएको, मृत्युको मुखमा परेको उदाहरणहरू हामी पाउँछौ (मत्ती १४:१०, प्रेरित ७:५९, हिब्रु ११:३५-३९) । के तिनीहरूको जीवनमा परमेश्वरको वाचाहरू असफल सावित भएको हो त? अर्थात के परमेश्वरका प्रतिज्ञाहरूको कारण जतिसुकै आपतबिपद वा खराव आए पनि परमेश्वरमाथी भरोसा राख्न सक्छौं भनेर आश्वासन पाउन सक्दछौं? जुनसुकै दुख र परिक्षाको सामना गर्नु परेतापनि हाम्रो जीवनलाई अझपनि परमेश्वरको मातहतमा छ भनेर यकिन हुनुपर्दछ । बिश्व इसाई इतिहासमा ४० करोड भन्दा बेसीले प्रभुको नाउँमा आफ्नो प्राणको आहुती दिएको पाउँछौ । यद्दपि मानिसहरू प्रभु येशूतिर अभूतपुर्वक आकर्षित भईनैरहेको पाउँदछौ । किन त? उहाँको उपासकहरूलाई थाहा छ कि दुख कष्ट र मृत्यु केवल लोडशेडिङ्ग जस्तो मात्रै हो । एलेन जि ह्वाईट भन्नुहुन्छ हाम्रो यो जीवन केवल प्रार्थमिक पाठशालामात्र हो । बिलायतको प्रख्यात लेखक सि.एस. लिविस भन्नुहुन्छ हामी यस

संसारकोलागि बनेका होईनौ । हामी अनन्त जीवनमा सहभागी हुनकोलागि सृष्टि भएका हौं, केवल यस संसारमा अन्त्य हुनकोलागि मात्र होइन ।

के तपाईंले आफ्नो जीवनमा परमेश्वरको प्रतिज्ञाहरूको यथार्थताको अनुभव गर्नु भएको छ । आफ्नै दुख कष्टले तपाईंले के शिक्षा पाउनु भएको छ जसले गर्दा यस्तै कठिन परिस्थिति भोगिरहेकालागि तपाईं उत्साह दिन सक्नुहुन्छ?

## ५ अनन्त जीवनको आशा

बुंदा ४ को अन्तिम मनशायलाई यसमा अघि बढाउन चाहन्छौं । हामी जो सुकै होस, चाहे धनी, शक्तिशाली, सुन्दर वा सुप्रशिद्ध किन नहोस मृत्युको सामना गर्नै पर्छ । हो औषधी उपचार, नियन्त्रित खानपिन र ब्यायमले मृत्युलाई बिलम्बमात्र गर्न सकिन्छ । हामी जुनसुकै पृष्ठभूमीबाट आएकोभए पनि, हामी जुनसुकै बिद्यामा पौरख भए पनि, हामी जुनसुकै रंगको भए पनि, हामी जुनसुकै आस्थामा बसे पनि अथवा जुनसुकै वंश वा देशको भए पनि मृत्युको पकडबाट हामी उम्किन सक्दैनौ । हामी जन्मने बित्तिक्कै मृत्युको प्रमाणपत्र लिएर आएका हुन्छौ । यो जीवन मानौ खेर जानकोलागिमात्र थुप्रिएका हुन् । यसबारे विचार गर्दा जीवन कस्तो कठोर रहेछ भनेर सम्झन्छौं । जीवनको परिचर्चा गर्दा धेरै कुराहरू आउँछः दुख कष्ट र संघर्ष झेल्दै अगाडि बढ्नुपर्ने बाध्यता, निराशा, भोक, शोक, बिमार, वेदना, विपत्ती, वियोगको सामना । यी सबैबाट टार्दै अघि बढ्दा अन्तमा भय मान्नु पर्ने मृत्युमा हामी बिलाएर जान्छौं । हाम्रो जीवनको सङ्घर्ष मृत्युमै अन्त हुन्छ ।

भाग्यबस प्रकृति, विज्ञान, इतीहास र कुनै पनि दर्शनहरूमा नभएको मृत्युको जवाफ बाइबलमा पाउँछौं । विश्वासीको लागि मृत्यु अन्त्य होइन । हाम्रो जीवन मृत्युको लागि मात्र होइन । प्रभु येशूलाई धन्यबाद होस् किनकि मृत्युको विपरीत जीवन, अनन्त जीवन हरेक विश्वासीहरूले प्राप्त गर्न सक्छन्- केवल येशूलाई उनीहरूले प्रभु र मुक्तिदाता भनेर ग्रहण गरे पुग्छ ।

१ कोरिन्थी १५:५१-५८ र १ थेस्सोलोनिकी ४:१३-१८ पढ्नुहोस् । कृपया आफ्नै शब्दहरूमा उपरोक्त पदहरूले तपाईंले के आशा र प्रतिज्ञाहरू पाउनु भएको छ सो लेख्नुहोस् ।

मृत्युको जवाफ यो संसार आफैले दिन सक्दैन । तर येशूमा त्यसको जवाफ छ भनेर थाहा पाउनु असल र उत्साहप्रद कुरो हो ।मृत्यु हाम्रो अन्त्य होइन भनी थाहा पाउनु राम्रो कुरा हो । बिहान कहिल्यै नआउने गरी त्रासमय रातको अपेक्षा हामीले गर्नु पर्दैन भनेर बाइबलले भन्दछ । फेरि बाइबलले हामी लाखौं लाख अनेक जन्तु जनावर आदिको जन्म लिँदै पुनर्जन्म हुन्छ भनेको छैन । चिहान झ्यालखाना होइन जहाँ उद्धार हुन्दैन । येशू आफैलाई मानवको रूप लिएर क्रुसको मृत्यु सहेर चिहानमा पसारियो, तर उहाँ बौरी उठ्नु भएर मृत्युमाथि विजय पाउनु भयो । उहाँ कुनै अरू पुनर्जन्मको भेष नलिएर त्यही चिन्हिने हातमा किलाको प्वाल भएको येशू नै हुनुहुन्थ्यो । उहाँले मृत्युमाथी विजय गर्नु भएकोले हामी पनि त्यसमाथी विजय पाउने दृढ विश्वासले गर्दा मृत्यु केवल क्षणिकको रूपमा मान्दछौं । येशूको काम शक्तिशाली र प्रभावशाली छ । मृत्युले पनि हामीलाई हरेस ख्वाउन सक्दैन ।

बाइबल यस्तै आशाहरूले भरिएको छ । यही नै येशूको जीवन र हाम्रो लागि के गर्नुभयो र के गरिरहनुभएको छ भन्ने वृतान्त पाउँछौं ।जीवनको कठिन प्रश्नको जवाफ बाइबलमै पाउँछौं+त्यो हो मृत्यु के हो र त्यसपछि के छ । अझ बढी हौसलापुर्ण जवाफ त यस जीवनमा मृत्यु हाम्रो अन्तिम विश्राम हुनुपर्छ भन्ने छैन ।

तपाईँको जीवन केवल यस भौतिक संसारको मृत्युकोलागि मात्र हो भन्ने धारणा लिँदा जीवनको सार्थकताको बारेमा के विचार होला सो सोच्नुहोस् । मरी हाल्ने त हो र हाम्रो कामको कुनै खास अर्थ नभएकोले जिउनुको कारण के छ र, के चित्त बुझ्दो तर्क प्रस्तुत गर्न सक्नुहुन्छ? अहिलेको जीवन अनन्त जीवनको खुड्किलोमात्र हो भन्ने विश्वासले वर्तमान जीवनलाई कसरी प्रभाव पार्न सक्नुहुन्छ?

**उपसंहार:**

अरू जानकारीकोलागि पढ्नुहोस्:- एलेन जि ह्वाईट, *द ग्रेट कन्त्रोभर्सी*, ×गड्स पिपुल डेलिभरड," पृ. ६३५-६५२, ×द कन्त्रोभर्सी एन्डेड," पृ. ६६२-६७८ ।

×जो मानिस शरीरमा होस वा मानसिक पीडामा होस् तिनीहरूको लागि परमेश्वरको वचनमा अनुग्रहले भरिपूर्ण प्रतिज्ञाहरू छन् । यी पढेर तिनीहरूले हौसला, ढाढस र आशा प्राप्त गर्न सक्छन् ।"-एलेन जि ह्वाईट, *काउन्सिल अन हेल्थ*, पृ. २१३ ।

×श्रेष्ठगीत २:३ मा लेखेको, –म उहाँको छहारीमा बडो आनन्दसाथ बस्छु' भनेको अर्थलाई पूर्णरूपमा बुझेर त्यसप्रति आभारीत हुनुपर्दछ । यस वचनले कुनै झट्ट थकाई मार्न छहारीमा बस्ने नभएर परमेश्वरमा आनन्दमय आश्रयको प्रत्याभूति प्राप्त गर्नु हो । संसारमा यस्तै धेरै मानिसहरू छन् जसले विश्वासीहरू हौं भनेर मुखले दावी गर्छन् तर तिनीहरू उदासिन र चिन्तित हृदयले ग्रसित छन् । तिनीहरू एकदम व्यस्त हुन्छन् र परमेश्वरका प्रतिज्ञाहरूलाई मनन गर्ने फुर्सद पनि हुँदैन । तिनीहरू भन्छन् आराम गर्न र शान्त हुन फुर्सदै छैन । यस्ता सबैको लागि येशूले आह्वान गर्नुहुन्छ, –म कहाँ आउ.....म तिमीहरूलाई बिश्राम दिन्छु ।' मत्ती ११:२८ ।" *काउन्सिल अन हेल्थ*, पृ. २५१ ।

**चिन्तन मनन:-**

१. बाइबलमा अनेक प्रतिज्ञाहरूको बावजुद पनि किन यति धेरै मानिसहरूले दु:ख पाइरहेका छन्? परमेश्वरले किन मानिसहरूमा वेदना आउन दिनुभयो? दु:खमा परेको मानिसलाई बाइबलबाट के ढाढस र आशा दिलाउन सक्नुहुन्छ?

२. दुखी समाजमा चर्चको भूमिका के छ र यसलाई परमेश्वरले आफ्ना प्रतिज्ञाहरू जनमानससम्म पुऱ्याएर आशा प्रदान गर्न उहाँले कसरी प्रयोग गर्नुहुन्छ? परमेश्वरका अनेक प्रतिज्ञाहरूलाई मूर्तरूप दिन तपाईंको स्थानीय चर्चलाई कसरी उपयोग गर्न सक्नुहुन्छ जसले गर्दा परमेश्वरमा आस्था राख्नेहरूले जीवनमा ती प्रतिज्ञाहरू लागु भएको अनुभव गर्न सकून्?

३. बाइबलमा धेरै स्पष्ट र कति बुझ्न कठिन भएपनि यस्ता प्रतिज्ञाहरू वा परमेश्वरका वाचाहरू छन् जसले पापमाथि विजय प्राप्त गर्न हौसला प्रदान गर्दछ, तैपनि कति विश्वासीहरूले पापमय जीवनमा विजय पाउन किन संड्घर्ष गरिरहेका पाउँछौँ> विजयी जीवनको यात्राको लागि विभिन्न कदमहरू कसरी अपनाउन सकिन्छ भनेर एक आपसमा छलफल गर्नुहोस् ।

४. विश्वासीहरूलाई भेला गराएर कुन बाइबलको पदले आश्वासन, हौसला र आशा प्रदान गरेको कारण जुनसुकै तकलिफको सामना गर्नु परे तापनि हृदय विचलित भएन भनेर गवाहीकोरूपमा एक आपसमा बाँड्नुहोस् ।

**भाग ९**

## बाइबल र आरोग्य जीवन

यस अध्ययनको लागि निम्नलिखित पदहरूको अध्ययन गर्नुहोस्:-

मत्ती ४:२३, लुका ४:१६-२१, रोमी ६:४, ९-११, फिलिप्पी ४:४-९, कलस्सी १:२०,२१, ३:८-१०

मूल पद: × म परमेश्वर हुँ जसले तिमीलाई निरोगी बनाउँछ ।" प्रस्थान १५:२६

मूल तर्क: हाम्रो शरीरलाई स्वस्थ राख्न परमेश्वरको वचनले उपयुक्त असल कारणहरू प्रस्तुत गरेको पाइएको छ ।

परमेश्वर आफूलेनै सृजनुभएको कारणले हाम्रो भौतिक शरीरको मूल्यलाई बाइबलले अनुमोदन गरेको पाउँछौं । त्यसैकारण प्रभु येशूका उपासकले निरोगी हुन भरमग्दुर प्रयास गर्नुपर्दछ । स्वस्थ शरीरकोबारेमा ज्ञान प्रशस्तमात्रामा हुनुपर्दछ र स्वास्थ्य विज्ञानलाई प्रयोगमा ल्याउने अभिप्रायले अभिप्रेरित हुनुपर्दछ । यो शरीर परमेश्वरको वरदान हो र यसलाई कसरी हिफाजत गर्नु, यो हाम्रो उपहार परमेश्वरलाई हो । आरोग्य हुनु हाम्रो नैतिक जिम्मेवारी हो । यसले परमेश्वरप्रतिको भक्तिलाई प्रदर्शन गर्दछ र परमेश्वरको सेवाको लागि सचेत गराउँछ । परमेश्वरको कार्यमा प्रभावशाली हुन र अरू कुनै सेवाकोलागि योग्य हुन स्वस्थ शरीरमा निर्भर गर्दछ ।

मानव शरीरको मूल्य र महत्त्वको आधार परमेश्वरको इच्छा बमोजिम बाइबलमा उल्लेख गरिए तापनि त्यस मूल्य र लक्षमा पुऱ्याउन चिकित्सा विज्ञानले महत्वपूर्ण भूमिका खेल्दछ । यस विज्ञानले तर्जुमा गरेको स्वास्थ्यका धेरै शिक्षाहरूलाई बाइबलले मान्यतामै आधार भएको पाइन्छ ।

कुनै पनि येशूका उपासकहरूले आफ्नो शरीरको हेरचाह गर्नुबाट कहिल्यै पनि पछाडि हट्नु हुँदैन । स्वस्थ हुनको लागि शरीरलाई मजबुत बनाउने कार्यक्रमहरू अपनाउनु अपरिहार्य छ । शारीरिक व्यायाम, सन्तुलन र स्वस्थ खाना, नियमित आराम, काममा सन्तुष्ट हुनु, शरीरलाई हानी गर्ने कुनै तत्त्वहरूबाट टाढा रहनु, सरसफाईमा ध्यान दिनु, अरूसँग शान्तपुर्वक जिउनु, अरूको सहायतामा अग्रसर हुनु र परमेश्वरमाथि अगाध आस्था राख्नु आदि परमेश्वरले दिनुभएको जीवनलाई सार्थक बनाउने उपायहरू हुन् । हाम्रो शरीर परमेश्वरले दिनुभएको पवित्र उपहार हो र यसलाई हाम्रो ज्ञानविज्ञानले भ्याएसम्म हिफाजत गर्नु हाम्रो नैतिक उत्तरदायित्व हो ।

संक्षिप्तमा बाइबलले स्वास्थ्यको बारेमा के भन्छ र स्वस्थ रहन के शिक्षा दिन्छ यस भागमा हेर्नेछौं ।

१ निरोगी रहनु

×प्रिय मित्र, सबै कुरामा तिम्रो भलो होस् र तिम्रो आत्मिक जीवन सम्मुन्नति भएको जस्तै स्वास्थ्य पनि ठीक रहोस् भनी म प्रार्थना गर्दछु ।" ३ युहन्ना २ ।

बाइबलले आध्यात्मिकतामा मात्र जोड दिन्छ भन्ने धेरैको धारणा छ । तर बाइबलले आत्मिकपक्षलाई मात्र ध्यान दिँदैन । परमेश्वरले हाम्रो आत्मिक जीवन जस्तै शारीरिक स्वस्थ रहोस् भनी चाहनु हुन्छ साथै आध्यात्मिक जीवन र शारीरिक जीवनको विचमा प्रगाढ सम्बन्ध हुन्छ भनेर देखाउनुभएको पाउँछौं । हाम्रो शरीरलाई किन निरोगी राख्नु पर्दछ भनेर बाइबलले यी तर्कहरू प्रस्तुत गरेको पाइएको छ ।

तलका पदहरू हेर्नुहोस् । शारिरिको हिफाजत गर्न किन महत्व छ भनेर यि पदहरूले कसरी बताउँछ सो लेख्नुहोस्:

रोमी १२:१, रोमी १४:७, १ कोरिन्थी ६:१९, २०, एफिसी ५:२९, ३ युहन्ना १:२

परमेश्वरले हामी स्वस्थ रहौ र शारीरिक समृद्धि होस् भनेर चाहना गरेको बाइबलले स्पष्ट गरेको छ । यो कुरामा द्विमत छैन किनभने कुनचाहिँ आमाबाबुले आफ्ना बालक शारीरिक र मानसिक स्वस्थ भएको हेर्न चाहँदैन? परमेश्वरले झन् कत्ति बढ्ता हाम्रो हित चाहनुहुन्छ, के तपाईंलाई त्यो थाहा छ?

×हाम्रो स्वास्थ्यको महत्व त्यसबेलासम्म थाहा हुँदैन जब सम्म यसलाई गुमाउँदैनौ" भन्ने भनाइमा के यथार्थता पाउनुहुन्छ? यदि तपाईं स्वस्थ रहनु भएको छ भने ×मेरो भाग्यले स्वस्थ रहे" भन्नुहुन्छ? हाम्रो वरिपरि मानिस कुनै न कुनै रूपमा आरोग्य बन्न सङ्घर्ष गरिरहेको पाउँछौ । उनीहरूसँग कुराकानी गर्नुहोस् र शरीरलाई कसरी सावधानसाथ हिफाजत गर्नुपर्छ भन्ने ज्ञान प्राप्त गर्नुहोस् ।

## २ स्वस्थ जीवन र पुनर्स्थापन

प्रारम्भिककालमा जब हाम्रो सृष्टिकर्ता परमेश्वरले हामीलाई सृजनुभयो त्यसबेला हामी स्वस्थ थियौं र कुनै रोग र व्याधी थिएन । प्रारम्भिककालमा गुमाएकोलाई फेरि पुनर्स्थापना गर्नु परमेश्वरको मुक्तिको योजनाको दायराभित्र पर्दछ । पहिला हामी जस्ता थियौं त्यही भएको परमेश्वर चाहनुहुन्छ ।

रोमी ६:४,९-११, १ कोरिन्थी १५:५१-५७, २ कोरिन्थी ५:१८-२०, कलस्सी १:२०,२१, १ युहन्ना ३:२ पढ्नुहोस् । यी पदहरूले के सारतत्व सन्देश दिँदछ? हामीलाई यिनीहरूले के आशा प्रदान गर्दछन्?

बाइबलमा प्राय: जसो मानिसलाई आरोग्य बनाएको र पुनरूद्धारको वर्णन गरेको पाइन्छ ।इस्रायलीहरूको पुनरूद्धार होस् भनेर परमेश्वरले बारम्बार आह्वान गर्नुभएको पाउँछौं । उहाँले शारीरिक तन्दुरुस्तीका भाषा प्रयोग गरेर ती आह्वान गर्नुभएको पाउँछौं (यर्मिया ३०:१२-१७, ३३:६, इजकिएल ४७:१२, मलाकी ४:२ । नयाँ नियममा स्वस्थ जीवन र मुक्तिको बीचमा कस्तो समानता छ भने आरोग्यको एउटा भाषिक अर्थ (सोरोटेरिया)लाई मुक्तिसँग गाँसिएको पाउँछौं  परमेश्वरको इच्छा केवल पापबाटमात्र मुक्तिभएको होस् भन्ने चाहनुहुन्न तर मानिसको पूर्ण जीवननै पुनरूद्धार होस भन्ने चाहनुहुन्छ । हाम्रो शारीरिक, आत्मिक र मानसिक स्वास्थ नै परमेश्वरको इच्छा हो ।

पापको आगमनले जुनकुरो गुमाएका थियौं जव पुनसृष्टिको संरचना हुन्छ त्यस समय गुमाएको कुराको पुनर्स्थापना हुन्छ भनेर बाइबलले भविष्यवाणी गर्दछ । येशूले क्रुसमा हाम्रो चोटलाई निको पार्नुभयो र हाम्रो अधर्मको भारी भोग्नुभयो जसले गर्दा उहाँलाई प्रकाशको पुस्तकमा विजयी येशूको रूपमा प्रस्तुत गरिएको छ किनभने उहाँले सैतान र उसका जाली शक्तीहरूमाथी विजय प्राप्त गर्नुभयो (प्रकाश २०:१४, २१:८) । जसले उहाँलाई प्रेम गर्छ र उहाँको सेवा गर्दछ उसलाई प्रारम्भिककालको जस्तै सिद्ध र तन्दुरूस्त बनाउनुहुनेछ । त्यस समय सबै खराबी र दुष्टताको अन्त्य हुनेछ । तिनीहरूले फेरि कहिल्यै पनि टाउको उठाउने छैनन् । दुबै पुरानो नियम र नयाँ नियममा यस्तो नयाँ पृथ्वीको अवधारणा प्रस्तुत गरेको छ जहाँ बिमार, पीडा, दुख, र मृत्यु आदिले कहिलै पनि पिरोल्ने छैन (यशैया ३३:२४, प्रकाश २१:४) । येशूले नै सबै दुष्ट शक्तीहरूमाथि विजय प्राप्त गर्नुभएको सबुत प्रमाण उहाँको पुनरूत्थान हो भनेर प्रेरित पावल भाविभोर भएर आफ्नो खुसी व्यक्त गर्दछ । उहाँको विजय हाम्रो पनि हो भनेर पावलले अभिव्यक्त गर्दछ (१ थेस्सोलोनिकी ४:१४-१७) ।

असल स्वास्थ्य र त्यसलाई सम्बर्धन गर्ने स्वास्थ्यका नीति नियमहरू हामी एडभेन्टिष्टहरूलाई अमूल्य ज्योतिकोरूपमा पाएकाछौं । यिनीहरूलाई हाम्रो जीवन पद्धतिमा अपनाउँदा कतिपय रोगलाई प्रतिकार गर्न सकिन्छ । तपाईंले गम्भीरतारपुर्वक के यी स्वास्थ्यका नियमहरू पालन गर्नुभएको छ ? असल स्वास्थ्यका आधारभूत नियमहरू तपाईंलाई कत्तिको ज्ञान छ? बिरामी नहुन्जेल निरोगी हुन नियमको पालन गर्न नपर्खनुहोस् । परमेश्वरको आशिष् ले पाएका आरोग्यका नियमहरू पालन गर्नुहोस् र रोगलाई आउन नदिन सतप्रयास गर्नुहोस् ।

## ३ प्रभु येशू ख्रीष्ट, महान निरोगीकर्ता

येशू महान् बैद्य हुनुहुन्छ भनेर हामी प्राय:जसो सुन्छौं । यसमा अनौठो मान्नु पर्ने कुरा छैन । सुसमाचारका पुस्तकहरूको २० प्रतिसत जति विवरण येशूले बिरामी मानिसहरूलाई निको पार्दै आरोग्यकाममा बिताएको उल्लेख गरिएको छ । सुसमाचारका पुस्तकहरूमा कुनै घटनाहरू दोहोरिएको भए तापनि ३५ वटा निश्चित घट्नाहरू छन् जहाँ येशूले बिरामीहरूलाई निको पार्नुभएको भनिएको छ । अरू सामान्य चर्चाहरू आफ्नै ठाउँमा छन् ।

संसारमा येशू आउनुभएको मुख्य कारण मानिसहरूलाई सुसमाचार सुनाउन र उनीहरूका लागि बलिदान हुन आउनुभएको भन्नेमा विवाद त छैन, तैपनि उहाँको सेवा कार्यमा मानिसलाई स्वस्थ शरीर प्रदान गर्नु पनि मुख्य कार्य भएको पाउँछौं । पढ्नुहोस्: मत्ती ४:२३, लुका ६:७-१९, ९:११ ।

येशू मुक्तिदाता हुनुहुन्छ भनेर प्रकट गर्न उहाँले अलौकिक ढङ्गले मानिसहरूलाई निको पार्नुभयो । उहाँ को हुनुहुन्छ भन्ने महान् सबुत प्रमाण यसबाट पनि देखिन्छ । उहाँले निकोमात्र पार्नुभएन अरू धेरै महत्वपूर्ण काम पनि गर्नु भयो । मानिस भएको कारणले हामी अध्यात्मिक, भावात्मक अर्थात् मानसिकरूपमा र शारिरिकरूपमा क्षतविक्षत भएका छौं । जुन कुरालाई हामीले गुमाएको छौं त्यसलाई पुन: प्राप्त गर्नको लागि नै परमेश्वरले सिंगो मुक्तिको योजना तर्जुमा गर्नु भएको हो । सुरूमा रोग पनि थिएन न त मृत्यु नै र अन्त पनि ती हुँदैन । हेर्नुहोस् प्रकाश २१:४ । पापले गरेर गुमाएको कुरालाई पुनर्स्थापना गर्ने शक्ति परमेश्वरमा छ भनेर संसारलाई देखाउन येशूले मानिसहरूलाई अनेक रोगबाट मुक्त गरेर देखाउनुभयो । उहाँको काम मानिसलाई निरोगी तुल्याउनमा अन्त भएन तर शारीरिक चङ्गाई प्रदान गरेर मानिसलाई ती भन्दा उचाइमा जान उहाँले प्रोत्साहन दिनुभयो, त्यो उचाइ थियो, येशूमा मुक्ति प्राप्त गर्नु ।

यस संसारमा येशू के लक्ष्य र सेवाको लागि आउनुभएको हो सो लुका ४:१६-२१ मा वर्णन गरेको छ ।

पापी र दु:खित मानिसहरूलाई परमेश्वरको अनुग्रह र प्रेममा आकर्षित गर्नु येशूको प्राथमिक काम थियो । येशूले अन्तमा पापी संसारबाट उद्धार गर्नुहुन्छ भन्ने सबुत प्रमाण उहाँको कार्यकालमा उहाँको गतिविधीले प्रमाणित गर्दछ । उहाँ किन आउनुभयो त?-उद्धार गर्न, हराएकाहरूलाई खोज्न र मुक्ति दिन, क्षमा दिएर परमेश्वरको सदाशयताको प्रदर्शन गर्न, परमेश्वरको करूणाको घोषणा गर्न, मानिसलाई अनन्त जीवनको मुकुट पहिराउन र गुमाएको सबैकुरालाई फर्काउन येशू आउनुभएको थियो । प्रथमत: उहाँ मुक्तिदाता हुनुहुन्छ र शारीरिक चङ्गाइ गर्ने कामद्वारा उहाँको आधिपत्य के रहेछ भनेर देखाउँछ ।

हामी जुनसुकै रोगले ग्रसित भए तापनि एकदिन हामी सम्पूर्णरूपमा स्वस्थ र पुनसंरचनाको भागी हुनेछौं भनेर बाइबलमा धेरै महान् आश्वासनका प्रतिज्ञा वा बाचाहरूको किटान गरिएको छ । ती महान् आशामा ध्यान दिनुहोस् । यी बचाहरूमा धेरै विश्वास र आस्था राख्न प्रार्थना गर्नुहोस् । यदि कोही मानिस रोगसँग सङ्घर्ष गरिरहेको छ भने त्यसलाई यी आश्वासन दिलाएर हौसला प्रदान गर्नुहोस् ।

## ४ सबै कुरामा संयम अपनाउनु

फिलिप्पी ४:४-९ पढ्नुहोस् । यी पदहरूमा यस्ता के व्यवहारिक तत्त्वहरू छन् जसले हाम्रो भौतिक संरचनाको भलाइको लागि सकारात्मक प्रभाव पार्न सक्दछ?

१ कोरिन्थी ९:२५, गलाती ५:२३, र तीतस १:८, २:२ पढ्नुहोस् । हाम्रो शारीरिक स्वास्थ्यप्रति सतर्कता अपनाउन के व्यवहारिक उपदेश पावलले हामीलाई दिन्छन्?

यी धेरै पदहरूमा ग्रीक वा युनानी भाषामा टेम्परेत भन्ने शब्द प्रयोग गरिएको छ । यो शब्द खेलाडीहरूको तालिममा उपयोग गरिन्छ । विशेष गरेर दौडमा भाग लिने खेलाडीहरूले यस्तो कुनै खाना खानु हुँदैन जसले उनीहरुको शरीरलाई हानी वा नोक्सानी पुऱ्याउँछ । तिनीहरूले आफ्नो शरीरको बिशेष हिफाजत गर्नुपर्दछ । हामी पनि मुक्तिको डौडमा छौं । जसरी खेलाडीले आफ्नो शरीरलाई हिफाजत गर्न धेरै कुराहरूमा संयमता अपनाई खराब कुराबाट वञ्चित हुनुपर्दछ, हामी पनि मुक्तिको दौडमा भाग लिईरहेकोले त्यसता खराब तत्त्वहरूबाट टाढा रहन स्वास्थ्यका नियमहरू पालन गर्न कत्ति जरूरी छ? ।(१ कोरिन्थी ९:२४-२७, हिब्रु १२:१)

जाँड, रक्सी, चुरोट र लागु पदार्थ आदिको प्रयोजनले मानिसहरूमा अनेक रोगहरूलाई उत्पन्न गराउँछ भन्ने तथ्य सर्वविदितै छ । यी हुन् प्रतक्ष रूपमा देखिने आचरण । तर परमेश्वरले हाम्रै भलाइको लागि दिनुभएको असल बरदानलाई पनि कत्ति पटक दुरूपयोग गर्दा अस्वस्थ शरीरको शिकार भएको हामी पाउछौँ । धेरै मानिसहरूले बाइबलको अध्यात्मक पक्षलाई दुर्नाम गर्न अनेक कार्टुनद्वारा प्रसारण गर्न खोजेको पाईन्छ । तर त्यसको विपरीत हाम्रो भौतिक शरीरको भलाइकोलागि आनन्द मनाउनु पाप होइन भनेर बाइबलले प्रकाश पार्दछ । असल खानपिनहरूले हामी आनन्द गरौँ भनेर नै उहाँले ती सृष्टि गर्नुभएको हो । तर आनन्द लिने नाउँमा खानपिन गर्नको पनि आफ्नै सीमा छ । हाम्रो भौतिक संरचनाको लागि जे खान्छौँ वा गर्छौं त्यसमा संयमता अपनाउनुपर्दछ । अमर्यादित ढङ्गले भौतिक आचरण वा खानपिनमा आफूलाई समावेश गरी शरीरलाई जोखिममा पार्नु परमेश्वरको इच्छा बिपरित छ भनेर बाइबलले स्पष्ट पारेको छ ।

×सत संयमताको सिद्धान्तले हामीलाई खराब गर्ने सबै थोकबाट अलग्ग बस्नु पर्छ भनेर सिकाउँछ साथै स्वस्थप्रद कुराहरूलाई पनि न्यायोचित ढंगले उपयोग गर्नु पर्दछ भनेर देखाउँछ । खानपिनको व्यवहारले मानिसको स्वास्थ्य, चरित्र, यस संसारमा तिनीहरूको उपयोगिता र अनन्त जीवनलाई असर पार्दछ भन्ने तथ्य थोरैलाईमात्र थाहा छ । हाम्रो भोकलाई नैतिक चरित्र र बौद्धिक क्षमताले नियन्त्रण गर्नु पर्दछ ।"-एलेन जि ह्वाईट, *चाईल्ड गाइडेन्स*, पृ.३९८ । एलेन जि ह्वाईटले भन्नुभएको कथनले के चरितार्थ गर्दछ? तपाईं आफैलाई जाँच्नुहोस् । तपाईँ कतिको संयम र आफूलाई स्वस्थ शरीरको परिधिभित्र पार्नुभएको छ? असलै चीज भए पनि नियन्त्रित तरिकाले खानुपर्दछ भन्ने ज्ञान के तपाईंलाई थाहा छ? के तपाईंको जीवनमा कुनै पद्धतिमा परिवर्तन ल्याउनु जरूरी छ?

## ५ कुशल सम्बन्ध राख्नु

बाइबलले पटक पटक एक आपसमा प्रेमभाव राख्नु भनेर औंल्याएको छ । अरूलाई प्रेम गर्नु, ममता देखाउनु, उसको हित खोज्नु सबै आज्ञाहरूभन्दा महान् छन् भन्नुभएको छ (मत्ती २२:३७-४०) । इसाईमा हुनुपर्ने गुणहरू जस्तै विश्वास र आशामा सबभन्दा उच्च गुण प्रेम हो भनेर पावलले भन्दछ (१ कोरिन्थी १३:१३) । यसैकारण आफ्ना विश्वासीहरूमा हुनुपर्ने वा देखाउनुपर्ने महत्वपूर्ण स्वभावमा एक आपसमा प्रेमभाव राख्नु नै हामी उहाँको अनुयायी हौं भनेर देखाउने लक्षण हो भनेर येशूले भन्नुभएको थियो (युहन्ना १३:१३) ।

येशूभक्तहरूमा हुनुपर्ने इसाई प्रेमका लक्षणहरू के हुन् भनेर तलका पदहरूले बताउँछन्?

१ कोरिन्थी १३:४-७

१ युहन्ना ४:७

१ युहन्ना ४:१८

विभिन्न अनुसन्धात्मक अध्ययनले आमाबाबु र छोराछोरीहरूको विचमा प्रेमीलो सम्बन्ध गाढा भए युवायुवतीहरू दुष्टको धरापमा विरलै पर्दछन् भनेर देखाएको छ । बालकहरूलाई सानैमा प्रेमबाट बंचित पारेको छ भने ठूलो भएपछि अनेक खराव आदत र दुष्टताको नराम्रो फल फलाउँछन् भनेर अध्ययनले बताउँछ ।

परमेश्वरको जन भएकोले हामीले एक आपसमा प्रेम गर्नु पर्दछ (१ थेस्सोलोनी ३:२), एक आपसमा सेवाभाव हुनुपर्दछ (गलाती ५:१३), एक आपसको बोझ बोक्नु पर्दछ (एफिसी ४:२), एक आपसमा दया र सदाशयता देखाउनु पर्दछ (एफिसी ४:३२), एक आपसका गल्तीहरू औंल्याएर सचेत गराउनु पर्दछ (रोमी १५:१४), एक आपसमा मृदु हृदय र क्षमाशील अपनाउनुपर्दछ (एफिसी ४:३२), एक आपसमा ढाढस र सान्त्वना दिनुपर्दछ (१

थेस्सोलोनिकी ४:१८), एक आपसमा करूणा देखाउनु पर्दछ (१ पत्रुस ३:८), एक आपसमा शिष्ट व्यवहार गर्नुपर्दछ र आतिथ्यसत्कारले अभिप्रेरित हुनुपर्छ (१ पत्रुस ४:९) र एक आपसकोलागि प्रार्थना गर्नुपर्दछ (याकुब ५:१६) । परमेश्वरको वचनमा स्पष्टसँग दिएका यी निर्देशनहरू पालन गर्दा परमेश्वरका जनहरूको विचमा अगाढ सम्बन्ध हुन सक्दछ र सबै हामी एकै परिवारका हौं भनेर गौरव गर्न सकिन्छ । यसैको माध्यमबाट परिवारहरूमा बलियो सम्बन्ध पनि हुनसक्छ । यसले गर्दा हामीले हाम्रा युवायुवतिहरूलाई समाजको विसङ्गतीपूर्ण आचरणबाट सुरक्षा दिन सक्दछौं । हामी सबै नजिक रहेर र प्रेमभाव, भलाइप्रति चासो र सरोकार राख्दा सकारात्मक रूपमा नैतिक, आत्मिक र भौतिक सामर्थ्य एक आपसबाट पाउन सक्दछौं । बाइबलले एक आपसको असल सम्बन्धलाई उच्च प्राथर्मिकता दिएको छ । यो आत्मियतामा मात्र नभएर भौतिक वा सामाजिक सम्बन्धमा पनि लागु हुन्छ ।

एक आपसको सम्बन्धलाई गाढा बनाउन कुन आधारभूत तत्वहरू छन्, त्यसको विचार विमर्स गर्नुहोस् । सम्बन्धलाई दऱ्हो बनाउन कुन कुराले प्रेरित गर्दछ: अहं भावना लिएर अरूले आफूलाई सेवा गरून भनेर वा अरूको सेवा गर्न अभिप्रेरित भएर, लोभी वा दानी भएर र आफ्नो भलाईमा मात्र ध्यान दिएर वा आफ्नो जीवन अरूकोलागि आशिषमय भएर? के तपाईंको सम्बन्ध जुन अरूसँग छ ती यस भागमा उल्लेख गरिएको निर्देशनले अभिप्रेरित हुनुभएकोले हो?

**उपसंहार:**

अरू जानकारीको लागि पढ्नुहोस्:- एलेन जि ह्वाईट, *द मिनिष्ट्री अभ हिलिङ्ग ×द युज अभ रेमेडिज्",* पृ २३४-२४०, ×डायट एण्ड हेल्थ," पृ. २९५-३१०, *सेलेक्टेड मेशेजेज्,* बुक ३, ×द हेल्थ रिफोरम," पृ. २७१-२९६ ।

×शारिरिक र मानसिककुराहरूको बीचमा धेरै गाढा सम्बन्ध हुन्छ । यदि एकलाई केही भएको छ भने अर्को प्रभावित हुन्छ । मानसिक अवस्थाले जुन प्रभाव शरीरमा पर्छ त्यो मानिसले अनुमान गरेको भन्दा अत्यन्त बढी छ । मानिसहरूले भोगीरहेका धेरै रोगहरू मानिसक वेदना वा आत्मग्लानीको उपज हो ।शोक, चिन्ता, असन्तुष्टी, कठोर मन, आफ्नो अपराधले पिरोली रहनु, ठुस्स परेर बस्नु, अविश्वासको घेरामा पर्नु आदिले जीवनको सामर्थतालाई टुक्राईदिन्छ र अन्तमा स्वास्थ बिग्रेर छिट्टै मृत्युलाई अङ्गाल्छ....

साहस, आशा, आस्था र विश्वास, (परमेश्वरमा भक्तिभाव), सहानुभूति, प्रेम, आदिले स्वस्थ र दीर्घायु बनाउँछ । सन्तोष हृदय वा मनस्थिति, हँसिलो मनचाहिँ शरीरको लागि दवाई हो र आत्माको लागि बल हो ।" एलेन जि ह्वाईट, *काउनशिल अन हेल्थ,* पृ.३४४ ।

×धेरै मानिसहरू जो येशूकहाँ मद्दतको लागि आए तिनीहरू रोगले ग्रसित थिए जुन आफ्नै कारणले भएको थियो । तैपनि येशूले तिनीहरूलाई निको पार्न इन्कार गर्नुभएन । जब येशूबाट उहाँको गुण ती मानिसहरूमा भित्रीयो तिनीहरूले आफू पापी छु भनेर स्वीकारे र तिनीहरू धेरैजसो आत्मिक रोगमात्रबाट होइन र शारिरिक व्यथाहरूबाट पनि मुक्त भए ।"- एलेन जि ह्वाईट, *द मिनिष्ट्री अभ हिलिङ्ग* , पृ. ७३ ।

चिन्तनमनन्:

१ मानिसहरूलाई मुक्तिको पथमा लैजान येशूले चङ्गाईको सेवालाई महत्वपूर्ण स्थान दिनुभएको थियो । के हाम्रो स्थानीय मण्डलीले आफ्नो सुस्वास्थ्यको सन्देश र मानिसलाई चङ्गाईको काममा सरिक भएर परमेश्वरबाट पाएको ज्योति फैलाउनु आवश्यकको महसुस नगर्ने?

२. बाइबलले खानपिन, जाँडरक्सी, खैनी, आराम इत्यादीको बारेमा के भन्छ सो साथीभाईमा छलफल गर्नुहोस् । यि बिबिध विषयहरूको बारेमा बाइबलमा के स्वास्थ्यका नियमहरू पाउनुभएको छ? तपाईंले थाहा पाए अनुसार के आधुनिक विज्ञानले बाइबलमा उल्लेख गरेका असल स्वास्थ्यका नियमहरू पालन गर्नु पर्छ भनेर समर्थन गरेको पाउनुभएको छ? तपाईंले थाहा पाए अनुसार कुनै यस्ता विश्वासीहरू छन् जसले बाइबलमा उल्लिखीत आरोग्यका उपायहरू अपनाउँदा फाइद भएको छ?

३ बिरामी वा दु:खमा परेका विश्वासीहरूको घरमा हेर्न जानुहोस् । बाइबलमा लेखेका आश्वासन र प्रतिज्ञाहरू उनीहरूसँग बाँड्नुहोस् । यसै बखत यिनीहरूको सेवा गर्न र दु:ख हलुका गर्न कुन व्यवहारिक बाटाहरू अपनाउनुहुन्छ?

**अध्याय १०**

## बाइबल र सुखी जीवन

यस अध्ययनको लागि मुख्य पदहरू: लुका २१:३६, युहन्ना ८:३२, १ कोरिन्थी १०:१३, फिलिप्पी २:३, कलस्सी ३:१३, १ पत्रुस ३:१५, ४:१२-१४, १ युहन्ना १:४

मूल पद: ×चोर त्यसै आउँदैन तर चोर्न आउँछ, मार्न आउँछ र सर्वनाश गर्न आउँछ: मानिसहरूमा जीवन होस भनेर म आएँ, तिनीहरूमा त्यो अति प्रचुर मात्रामा होस् भन्ने हेतुले आएँ ।" युहन्ना १०:१०

मूल तर्क: मानिस जीवनको अत्याबश्यक तर गाऱ्हो लक्ष्य हासिल गर्न चाहन्छ त्यसको लागि बाइबलमा जवाफ पाइन्छ ती लक्ष्य हो: सुखी वा आनन्दमय जीवन

सबै जना सुखी हुन चाहन्छन् । तैपनि केहीले मात्र ती प्राप्त गर्न सकेका छन् । संसारमा सुख ल्याउने धेरै प्रलोभनहरू देखा परेका छन्, तर अन्तमा तिनीहरू शून्य, क्षणिक र खोक्रो सावित भएको पाउँछौं ।

यस पापी संसारमा के हामी सुखी हुन सक्दछौं? पाउँछौं यदि हामी सुखी जीवनको श्रोतमा फर्क्यौं भने: जुन परमेश्वर हुनुहुन्छ। परमेश्वरबाट अलग भएको कारणले दु:ख, दर्द, कष्ट, असन्तुष्टी र अभागी जीवन हामीले बिताउनु परेको हो । तर यो दु:खमय जीवन पनि केहि समयको लागि मात्र हो किनभने एक दिन हामी उहाँकहाँ फर्कनेछौं र गुमाएका र चाहना गरेका सुख पाउनेछौं तर संसारले हाम्रो चाहना अनुसारको सुख दिन सक्दैन ।

यस भागमा सुखमय जीवनको लागि बाइबलले के भन्दछ सो हेर्नेछौं । केहि समय परिवारको बारेमा पनि अध्ययन गर्नेछौं । सुखी र दु:खी जीवनको श्रोत धेरै जसो परिवार हुनसक्छ भन्ने कुरा सर्वबिदितै छ । बाइबलमा यस्ता धेरै महत्वपूर्ण दीक्षाहरू छन्, यदि तिनीहरूलाई पालन गर्‍यौं भने हाम्रो परिवारलाई धेरै खराबीहरूबाट मात्र बचाउँदैन पीडा र दुर्गतिबाट पनि सुरक्षा प्रदान गर्दछन् । विगत समयमा जेसुकै होस्, जुनसुकै भुल हामीले गरेको होस, कसैलाई हामीले चोट पुऱ्याएको होस् वा कसैले हामीलाई चोट पुऱ्याए तापनि परमेश्वरले, उहाँको वचनद्वारा सुख र चङ्गाईल्याउने प्रतिज्ञाहरू दिनुएको छ ।× गीत गाउँदै तिनीहरू परमेश्वरको स्वर्ग राज्यमा पस्नेछन्: तिनीहरूले शिरहरूमा अनन्तका आनन्दको मुकुटहरू  पहिरिने छन् । आनन्द र खुसीले तिनीहरूको हृदय भरपूर हुनेछ र शोक र सन्ताप सदाको लागि हराएर जानेछन् ।"-यशैया ३५:१०

## १ प्रचुर मात्रामा जीवन

×चोर त्यसै आउँदैन तर चोर्न आउँछ, मार्न आउँछ र सर्वनाश गर्न आउँछ: मानिसहरूमा जीवन होस् भनेर म आएँ, तिनीहरूमा त्यो अति प्रचुर मात्रामा होस् भन्ने हेतुले  आएँ ।" युहन्ना १०:१०

उपरोक्त पदमा ध्यान दिनुहोस् ।येशूले हामीलाई के भन्न खोजिरहनुभएको छ? अति प्रशस्त मात्रामा जीवन हुनु भनेको के हो? यसमा के समावेश हुनुपर्दछ? अर्थात् प्रचुर मात्रामा जीवन बिताउन के कुरा हुनु हुन्दैन भनेर ख्याल गर्नुपर्दछ?

इसाईहरूको विश्वास र आशाको मुख्य आधार नै अनन्त जीवन पाउने प्रतिज्ञा हो (१ युहन्ना २:२५) । यदि यो भएन भने येशूले हाम्रोलागि जे गर्नुभयो र गरिरहनु हुन्छ सबै व्यर्थ हुन्छ (१ कोरिन्थी १५:१६-१९) ।

तैपनि येशूले दिन्छु भन्ने प्रशस्तको जीवन सांसारिक, क्षणिक, भौतिकताले ओतप्रोत भएको जीवन होइन । फेरि पाप, अधर्म, दुख, वेदना र मृत्यु नहुने नयाँ स्वर्ग र पृथ्वीमा मात्र उपभोग गर्ने जीवन मात्र पनि होइन । परमेश्वरको वचनले वर्तमान जीवनमानै धेरै कुराहरूको प्रतिज्ञा गर्नुभएको छ। यदि यी प्रतिज्ञाहरूलाई मनन गरे येशूले भन्नुभएको प्रशस्त जीवन भनेको के रहेछ भन्ने बुझ्न धेरै मद्दत हुन्छ ।

युहन्ना ८:३२, १ कोरिन्थी १०:१३, एफिसी २:८, १ पत्रुस ३:१५ र १ युहन्ना १:४ मा वर्तमान जीवनमै पाउने प्रतिज्ञाहरूलाई उल्लेख गरिएको छ ।

प्रथम त यो बिर्सनुहुन्न, परमेश्वरले हामीलाई अति प्रेम गर्नुहुन्छ र उहाँले हामीलाई प्रेम गर्नुभएको कारणले हामी सुखी भएको उहाँ चाहनुहुन्छ । हाम्रो धेरै हित चिताउनुहुन्छ र हाम्रो लागि जुन असल छ त्यसको चाहना गर्नुहुन्छ । परमेश्वरले हाम्रो लागि के गर्न तत्पर हुनुहुन्छ सो परमेश्वरले आफ्नो वचनमा प्रकट गर्नुभएको छ तर यदि उहाँले गर्नदिनुभयो भने मात्र । प्राय जसो हामी नै हाम्रो सुखी जीवनमा ठूलो बाधक भएर खडा भईरहेका हुन्छौं ।

विचार गर्नुहोस् येशूले प्रतिज्ञा गर्नुभएको प्रचुर जीवन उपभोग गर्नको लागी तपाईं आफै कुन रूपमा बाधक हुनुभएको छ? यदि ती बाधकहरूको उपस्थितिको स्विकार गर्नुभयो भने त्यसलाई हटाउन के कदम चाल्नुपर्दछ?

## २ परमेश्वरको अगाडि हर्षित र आनन्दित हुनु

× पवित्र र आनन्दित मानिसहरूले बसोबास गरून भनेर परमेश्वरले यो संसारलाई सृष्टि गर्नुभएको थियो ।"-एलेन जि ह्वाईट, *द एडभेन्टिष्ट होम*, पृ. ५४० । त्यस आनन्दमय जीवनलाई पापको प्रवेशले खलल बनाइदियो (उत्पति ३:१६-१८): जबसम्म अन्तमा पापको अन्त्य हुन्दैन तबसम्म पूरा आनन्दको उपभोग गर्न सक्दैनौं जुन आनन्द पापरहित जीवले मनाउँछन् ।

यद्दपी यस पापी संसारमा पनि परमेश्वरले यस्ता धेरै कुराहरूलाई सरिक गराउनुभएको छ जसको उपयोगमा ल्याउँदा हामी कुनै हदमा आनन्द, सन्तुष्ट र सुखी हुन सक्दछौं ।

यदि इस्रायलीहरू परमेश्वरमा अनुशासित र भक्तिपूर्वक जीवनयापन गरे उहाँले उनीहरूलाई के वाचाहरू दिनुभएको थियो? पढ्नुहोस्: लैबी २३:४०, व्यवस्था १२:७,१२,१८, १६:१९,२०

ती मानिसहरू जो परमेश्वरमा विश्वास र आस्था राख्दछन् तिनीहरू अरू विश्वासरहित भन्दा बढि सुखी भएको अनुभव गर्दछन् भनेर एक अध्ययन पछि अर्को अनुसुन्धात्मक अध्ययनले पत्ता लगाएको छ । प्रभु येशूका भक्तजनहरू भएको हैसियतले बाइबलमा प्रकट गरेका कुराहरूमा ध्यान दिन्छौं: हामीहरूको प्रेमि, स्नेही परमेश्वर हुनुहुन्छ जो संसारमा मानवको रूप धारण गरेर आउनुभयो (रोमी ८:३), मानव शरीरनै लिएर हाम्रो पापको लागि बलि हुनुभयो (रोमी ५:८), र उहाँको मृत्यु र पुनरूत्थानले हामीलाई अनन्त जीवनको वाचा प्रदान गरिएको छ जुन नयाँ पृथ्वीमा उपभोग गर्नेछौं (प्रकाश २१:१) । यो संसार हाम्रो अन्त होइन भन्ने हामीसँग निश्चयता छ । अनि धेरै अमूल्य प्रतिज्ञाहरू दिनुभएको छ: जस्तै उहाँ हामीसँग हुनुहुन्छ (मत्ती २८:२०), अगुवाइ गर्नुहुन्छ (युहन्ना १६:१३), सहायता गर्नुहुन्छ (हिब्रु ४:१६), कहिलै पनि छोड्नुहुन्न (हिब्रु १३:५) आदि । यी प्रतिज्ञाहरूले भरपुर भएको कारणलेनै अरूभन्दा हामी बेसी आनन्द, प्रसन्न र सुखी हुनुपर्दछ ।

हामी प्रसन्न मुद्रामा रहन परमेश्वरले मार्ग निर्देशनहरू दिनु भएको छ । देहायका पदहरूले येशूपथमा हिंड्न ती नीतिनिर्देशनहरू प्रस्तुत गरेका छन् । यी पदहरूले कुन बाटोमा तपाईं हिँड्न चाहनुहुन्छ त्यसको आत्मनिर्णय गर्ने अधिकार तपाईं स्वयंमै निहित पारेको हुनाले आफैले विचार गर्नुहोस्, ×के म यी बाटोमा हिंड्न मैले रोजेको छु कि छैन, यदि छैन र मेरो जीवन पद्धति प्रतिकुल परिस्थितिमा चलेको छ र मेरो मनिस्थिति दु:खी तथा उदासिन छ भने के यसको दोष परमेश्वरमा थुपार्नु उचित छ?"

प्रस्थान २०:१-१२, हितोपदेश ३:५, लुका २१:३६, फिलिप्पी २:३, कलस्सी ३:१३, १ पत्रुस ४:१,२, २ युहन्ना १:५

## ३ पारिवारिक जग: खण्ड १

संसार परमेश्वरको बोलीले सृष्टि गर्नुभएको र मानव जाति दुवै पुरूष र स्त्री बराबरी परमेश्वरको स्वरूपमा सिर्जना गर्नुभयो भनेर बाइबलले प्रस्तुत गरेको छ (उत्पति १:२६,२७) । पुरूष र स्त्रीको परिकल्पना परमेश्वरकै थियो, उनीहरूलाई रचे पछि परमेश्वरले दुवैलाई वैवाहिक सुत्रमा बाँढ्नुभयो र आशिष् दिनुभयो । दाम्पत्य जीवनलाई परिवारको मूल जग बनाउनुभयो । स्थिर, एकत्रित र मजबुत परिवार नै सुखी जीवनको महत्वपूर्ण तत्त्व हुन भन्ने सर्वविदित नै छ । भजनसंग्रहका लेखकले भन्दछ, ×यदि परमेश्वरले घरलाई सृजनुभएन भने घर बनाउनेहरूको प्रयास बेकार हुन्छ" (भजन १२७:१) । परिवारमै प्रेम, प्रसन्नता र सुखी जीवनको अनुभव गर्न सक्दछौं । यसैकारण परमेश्वरको वचनले स्पष्ट रूपमा भनेको छ, ×जसलाई परमेश्वरले जोडी गरेर बाँध्नुभएको छ तिनीहरूलाई नछुट्याओस्"-मत्ती १९:६ ।यदि परमेश्वरका सन्तानहरू वैवाहिक सुत्रमा बाँधिएको छ भने बाँचुन्जेल एक आफसमा वफादार हुनु पर्दछ भनेर परमेश्वर चाहनुहुन्छ । वैवाहिक जीवनको करारलाई उहाँले उच्च प्राथमिकता दिनुहुन्छ । वैवाहिक सम्बन्धलाई मजबुत कसरी पार्नुपर्दछ भनेर परमेश्वरको वचनले वाख्या पनि गरेको छः विश्वासीहरूको वीचमा मात्र वैवाहिक सुत्रमा बाँध्नु (२ कोरिन्थी ६:१४-१६), एक आपसमा पुर्ण रूपमा वफादार अर्थात निष्ठावान् हुनुपर्दछ (हिब्रु १३:४), र एक आपसको प्रेम र कदरलाई स्पष्ट रूपमा व्यक्त गर्नुपर्दछ (श्रेष्ठगीत ७:१-९) । कुनै परिवार परमेश्वरको सदिच्छा अनुसार चलेर उहाँको आज्ञाहरू पालन गर्दछ भने आनन्द र सुखी हुन्छ । र साथै उहाँको सामु प्रसन्न मुद्रामा खडा भइरहनेछ ।

स्वस्थ र मजबुत परिवार हुन फेरि केही सुत्रहरू बाइबलबाट प्रस्तुत गर्न चाहन्छौं । यी पदहरूलाई अध्ययन गर्नुहोस् र पारिवारिक रूपमा बलियो हुनुहोस्:- व्यवस्था ६:५-७, हितोपदेश ३१:३०, गलाती ३:२८,२९, एफिसी ५:२५ ।

तपाईंको पारिवारिक जीवनमा उपरोक्त पदहरूलाई कसरी व्यवहारिकतामा परिणत गर्नुहुन्छ जसले गर्दा तपाईंको परिवार आदर्श परिवार होस्? फेरि विगत समयमा अनुभव गरेको तीतो तथा आघातित पारिवारिक सम्बन्धलाई कसरी मेलमिलापमा ढाल्नुहुन्छ?

## ४ परिवारको जग: खण्ड २

मानव सभ्यताको जग नै परिवार हो: यसैबाट नै विनास र कमजोर जगहरू खडा हुन्छन् र ती सँगै समाजनै भत्किन सक्दछ । त्यसैकारण येशूभक्त भएको हुनाले हामीले सकेसम्म परिवारको पवित्रतालाई सुरक्षित गर्नु हाम्रो धर्म हो भनेर प्रतिबद्धतासाथ चल्नुपर्दछ । घरको वातावरणलाई खलल तुल्याउने कुनै पनि तत्त्वलाई भीत्र्याउनु हुन्दैन । घर भन्नाले हामी रहने वासस्थानमात्र होइन तर चाहे अलग्गिएर होस् वा एकत्रित रूपमा होस्, ती जहान परिवार भनेर जनाउँछ ।

मानव कल्याणको लागि दिएका दस आज्ञाहरू (प्रस्थान २०:१-१७) नियालेर पढ्नुहोस् । कतिपय ती आज्ञाहरू परिवारसँग प्रतक्ष्य सम्बन्ध भएको पाउँछौ । विचार गर्नुहोस् यदि मानिसहरूले यी आज्ञाहरूलाई पालन गरे कस्तो मजबुत र सुरक्षित परिवारको अनुभव गर्न सकिन्छ होला?

पारिवारिक जीवनलाई चाहिने चरम पक्ष एक आपसमा उत्तरदायित्व बहन गर्नु हो । हरेक व्यक्ति चाहे पति वा पत्नी अर्थात् बालक र बालिकाले आफूले जुनकुरो रोज्छ त्यसको जिम्मेवार उही हुन्छ भनेर बाइबलले किटान गरेको छ (२ कोरिन्थी ५:१०) । यदि हरेक व्यक्तिले परमेश्वरको वचनमा प्रष्ट रूपमा उल्लेख गरेको कर्तव्यलाई पालन गरे परिवार बलियो रूपमा बाँधिन सक्दछ । अब्राहामले आफ्नो परिवारलाई यसरी चलायो भनेर बाइबलले भन्दछ: ×उनले आफ्ना छोराछोरीहरूलाई र घरका जहानहरूलाई परमेश्वरको मार्ग अपनाउन

निर्देशन दिएका थिए" (उत्पति १८:१९) । परमेश्वरको वचनले आमाबाबुलाई यो भन्दछ: ×कुन बाटोमा हिंड्नुपर्दछ सो बाटोमा चल्न बालकलाई तालिम देऊ, अनि ऊ बृद्धाआवस्था हुन्दा त्यसबाट फर्किंदैन " (हितोपदेश २२:६) । बालबालिकाहरूलाई निराश पार्ने, हतोत्साहित गर्ने, अपमानजनक दुरव्यवहार नगर्नु भनेर बाइबलले चेतावनी दिन्छ (कलस्सी ३:२१) । छोराछोरीहरूलाई बाइबलले यो अर्ती दिन्दछ: ×आफ्ना आमाबाबुहरूको सम्मान गर, यसो गर्दा परमेश्वरले जुन देशमा तिमीलाई बस्न दिनुहुन्छ त्यहाँ तिम्रो आयु लामो हुनेछ" (प्रस्थान २०:१२) । र × हे बाबु र नानीहरू हो, परमेश्वरमा आफ्ना आमाबाबुको आज्ञा पालन गर, किनभने यो ठीक हो" (एफिसी ६:१) । पतिहरूलाई परमेश्वरको वचनले यो निर्देशन दिन्दछ: ×तिम्रा श्रीमतीहरूलाई प्रेम गर जसरी येशूले पनि चर्चलाई प्रेम गर्नुभयो र उनको लागि आफ्नो जीवन अर्पण गर्नु भयो" (एफिसी ५:२५) । र पत्नीहरूलाई भन्दछ: ×आफ्ना पतिहरूको अधिनमा बस जसरी तिमीहरू परमेश्वरको अधिनमा छौ । जसरी येशू चर्चको शिर हुनुहुन्छ त्यसरीनै पत्नीको शिर पति हो" (एफिसी ५:२२,२३) ।

तपाईंको परिवारमा तपाईंको के जिम्मेवारी छ? ती जिम्मेवारीहरूलाई कसरी बहन गरिरहनुभएको छ? तपाईंको परिवारको पवित्र बन्धन र सुखमा बाधक हुन केही भूमिका निर्वाह गरिरहनु भएको छ? तपाईंको परिवारको उत्तरोत्तर समृद्धीकोलागि कुन पक्षहरूमा ध्यान दिनुपर्दछ?

## ५ ×भौतिक संसारले दिने जस्तो होइन"

परमेश्वरले प्रेम गर्नुहुन्छ र हामी सबै खुसी भएको हेर्न चाहनु हुन्छ भनेर यस भागमा उल्लेख गरिरहेका छौँ । यसै बखत, हामी पापी, मृत्युले पिरोलेको, वेदनाले भरेको र धर्म र अधर्मको बीचमा संघर्ष भइरहेको संसारमा छौं भनेर बिर्सनु पनि भएन । जहाँ लडाइँ हुन्छ त्यहाँ हताहत पनि हुन्छ । साँच्चै भनौं भने हामी सबै जना कुनै न कुनै तर्फले यस लडाँईमा मुछिरहेका छौं र दु:ख पनि पाइरहेका छौं । आश्वासन र ढाढसले भरपूर धेरै प्रतिज्ञाहरू बाइबलमा भए तापनि यस संसारको जीवनमा हामी सबैले कुनै न कुनै रूपमा दु:ख पाउनबाट उम्कन सक्दैनौं ।

बाइबलका महापुरूषहरू जस्तै अब्राहम, दानियल, दाउद, पावल, पत्रुस आदिको जीवनमा झट्टै हेर्‍यौं भने के तिनीहरूको जीवन सुखमय भन्न सक्दछौं? येशूकै जीवनलाई सांसारिक दृष्टिकोणले नियालेर हेर्‍यौं भने उहाँको जीवन कस्तो कष्टमय थियो भन्नु अनुपयुक्त नहोला ।

मानिसहरूले सुखी वा खुसी जीवन के हो भनेर अनेक परिभाषा दिन्छन्, त्यसैकारण हामी पनि यस परिभाषामा स्पष्ट हुनु अति जरूरी छ । येशूले सुखी जीवन हुन यस्तो रहस्य खोल्नु भएको छ: × शान्ति म तिमीहरूसँग छोड्छु, त्यो मेरै शान्ति तिमीहरूलाई दिन्दछु: तर मैले दिने शान्ति संसारले दिने जस्तो होइन । तिमीहरूको हृदय विचलित नहोस र कुनै भयले पनि व्याकुल नहुनु" (युहन्ना १४,२७) । अर्थात् संसारले दिने शान्ति र सुख बाइबलले दिने जस्तो होइन भनेर स्वीकार गर्नु पर्दछ । संसारको सुख भनेको क्षणिक र अस्थाई चीजहरूमा आधारित हुन्छ । समय, परिस्थिति र स्थान अनुसार केही हदमा असल पनि हुन सक्दछ । तर ढिलो वा चाँडो होस्, ति सबै बिलाएर जानेछन् । त्यसैकारण हाम्रो सुख, खुसी र आशा ती सांसारिक बस्तुमा आधारित छ भने हाम्रो जीवन बालुवामा बनाएको घर जस्तै हो । येशूका विश्वासीहरूले क्षणिक र अनिश्चित आनन्दमा होइन तर ति भन्दा गहिरो जगमा आफ्नो सुखी जीवन निर्धारित हुनुपर्दछ । हामीले सबै कुरा त्यागेर साधु भएर बस्नु पर्छ भनेको होइन, परमेश्वरले दिनुभएको आनन्द र सुखमय फललाई हामीले उपभोग

गर्नुपर्दछ, यस्तो जीवनलाई निम्न तरिकाले हेरेको होइन । तर के भने हाम्रो अन्तिम लक्ष र आशा यस्तोमा भर पर्नु पर्दछ ×जुन किरा र खियाले भ्रष्ट गर्दैन न त चोरले फोरेर लान सक्दछन्" (मत्ती ६:२०) ।

लुका १०:२०, युहन्ना १४:२७, फिलिप्पी ३:७-११ र १ पत्रुस ४:१२-१४ पढ्नुहोस् । अवश्यंभावी दु:ख र शोकको विचमा पनि किन खुसी हुनु पर्छ भनेर उपरोक्त पदहरूमा यस्ता के तत्त्वहरू छन् जसले हामीलाई त्यसलाई बुझ्न सहायता गर्दछ? जसरी तपाईं पढ्नुहुन्छ आफैले आफैलाई सोध्नुहोस् ×मैले मेरो जीवनमा ती सिद्धान्तहरूलाई कसरी अपनाई रहेको छु?"

**उपसंहार:**

अरू जानकारीकोलागि पढ्नुहोस्, एलेन जि ह्वाईट, *द एडभेन्टिष्ट होम,* ×फाक्टरस् दात मेक सक्सेस अर फेलियर," पृ. ७७-९६, ×फ्रम द मारिज अल्टर," पृ.९७-१२८

×हामी कुनै पनि अपराधी भावनाले ग्रष्त छौं भने त्यसलाई कलभरीको क्रुसको फेदमा बिसाउनु पर्दछ । मानिसहरू पापको भावनाले ओतप्रोत भएकोले उनीहरूको जीवनमा हुनुपर्ने सत आनन्दको मूललाई विषाक्त पारेको छ । अब येशूले भन्नुहुन्छ, –तिम्रो सबै अपराध ममा थुपार; तिम्रो पापलाई म बोक्छु, म तिमीलाई शान्ति दिनेछु । तिम्रो स्वाभिमानी आत्मालाई नाश नगर्नू किनभने तिमी मूल्यबान भएकोले तिमीलाई मैले मेरै रगतले किनेको छु । तिमी मेरो हौ । तिम्रो कमजोर इच्छालाई सबल पार्दछु । तिमीमा कुनै पापको छाप छ भने त्यसलाई म हटाई दिन्छु ।' अनि तपाईंको कृतज्ञ हृदयलाई नडराईकन उहाँमा फर्काउनुहोस् र तपाईंको अगाडि तेर्स्याएको आशालाई पकडी राख्नुहोस् । परमेश्वरले तपाईंको छियाछिया भएको चुर्ण हृदयलाई ग्रहण गर्नुहुन्छ । उहाँले सित्तैमा अभयदान दिनुहुन्छ । उहाँले दिनुहुने क्षमाको मोल तपाईंले तिर्नु पर्दैन । उहाँले तपाईंलाई उहाँको परिवारमा अवलम्बन गर्नुहुन्छ । उहाँको अनुग्रहले तपाईंको कमजोरीमा सहायता गर्नुहुन्छ । यदि तपाईंको हातलाई उहाँले समात्न दिनुभयो भने प्यारो येशूले तपाईंको कदम कदममा डोर्‍याउनुहुन्छ ।"-एलेन जि ह्वाईट, *दिस डे विथ गड* , पृ. ६३ ।

×परमेश्वरका छोराछोरीहरू हरदम सबै थोकमा रमाहट गर्न सक्नु पर्दछ । दुख, कष्ट र समस्याहरू जब आउँछ त्यसबेला सर्वज्ञानी परमेश्वरको दुरदर्शितामा भर परेर आनन्द स्वभावमा रहन सकिन्छ । आनन्दको मनस्थिति हुन कुनै वाह्य श्रोततिर लाग्नु आवश्यक छैन तर विश्वास र आस्थामा स्थिर बसी परमेश्वरका प्रतिज्ञाहरूको पकडमा रहन सकिन्छ । परमेश्वरलाई धन्यबादका भजन गाएर आफूलाई उहाँतिर उचाल्नुहोस् ।जब सैतानले उसको पासोमा राख्न खोज्छ त्यसबेला परमेश्वरमाथिको शङ्का वा अन्धकारका कुनै लवज पनि ननिकाल्नु ।"-एलेन जि ह्वाईट, *द एडभेन्टिष्ट रिभ्यु एण्ड साबथ हेराल्ड,* फेब्रुअरी ११,१८९० ।

**चिन्तन मनन:-**

१ सुखी आनन्दित जीवन भनेको के हो सो एक आपसमा छलफल गर्नुहोस् । तपाईंको परिभाषामा खुसी हुनुभनेको के हो? के हामी सँधै प्रसन्न मुद्रामा भइरहनु पर्दछ र? यदि हामी प्रसन्न छैन भने येशू भक्त भनेर दावी गर्नुको कुनै औचित्य छ? फेरि सुखी वा खुसी बनाउने बहानामा सैतानले कसरी मानिसलाई उसको फन्दामा पार्न सक्दछ? फेरि त्यही समयमा मानिसको दु:खलाई कसरी परमेश्वरले प्रकट गर्ने माध्यम बनाउनुहुन्छ?

२. येशूको विश्वासी हुँ भन्छ तर ऊ खुसी छैन भनेर स्वीकार गर्दछ भने उसलाई के सरसल्लाह दिनुहुन्छ?

३, विचार गर्नुहोस्: येशूको नाउँमा दु:ख पाइरहँदा पनि के परमेश्वरमा मानिस खुसी भएर बस्न सक्छ?

## अध्याय ११

# दैनिक जीवनमा परमेश्वरको बुद्धि, ज्ञान

यस अध्ययनको लागि पढ्नुहोस्: भजन १९:७-१४, ११९:९८-१०५, हितोपदेश ३:१३-१६, ३०:८,९, मत्ती १३:२२, १६:२६, रोमी १२:१७,१८, १३:१-४

मूल पद: ×तिमीलाई बाल्यकालदेखि नै पवित्र धर्मशास्त्रहरूको बारेमा ज्ञान भएकै हो यसैले गर्दा तिमी येशू ख्रीष्टमा आस्था राखेर मुक्तिको दिव्यज्ञान प्राप्त गर्न समर्थ भएका छौ ।"-२ तिमोथी ३:१५

मुख्य तर्क: हामीलाई दैनिक जीवनमा चाहिने बुद्धि र ज्ञान पवित्र धर्मशास्त्र बाइबलले उपलब्ध गराउँछ ।

बाइबलले महान् विषयहरूको बारेमा वर्णन गरिएको हामीले जानिरहेका छौं । उदाहरण स्वरूप ती विषयहरू हुन: परमेश्वर र सैतानको विचमा महान अन्तरद्वन्द्व, लुसिफरको पतन र पापी संसारको लागि येशू बलिदान हुनुभएको आदि । यद्दपी यो ग्रन्थ अहिलेलाई चाहिने मार्ग निर्देशकको रूपमा व्यवहारिक ज्ञानको पनि श्रोत हो । दैनिक जीवनमा कुन बाटो अपनाउनु पर्दछ भनेर यसले अगुवाइ गर्दछ । हरेक मानिसलाई हरेक स्थानमा किटान गरेर (यो बिशाल संसारमा कसरी गर्न सक्दछ र?) यसो गर्नुपर्छ भनेर नदेखाए तापनि यसमा यस्ता विलक्षण सिद्धान्तहरू उल्लेख गरिएका छन् जसलाई पालन गरेमा हाम्रो जीवन परिचालन गर्न ठूलो भिन्नता ल्याउन सक्दछ किनभने ती शिक्षादीक्षाहरूले दैनिक जीवनमा हामीले कसरी र के चयन गर्ने भन्नेमा प्रभाव पार्दछ ।

दैनिक जीवनमा हामी निरन्तररूपमा के रोज्ने भन्ने चुनौतीको सामना गरिरहेका हुन्छौं । परिवारिक सम्बन्धमा, सामाजिक अन्तर्क्रियामा, काममा, पैसाको मामिलामा अथवा नेतृत्व चयन गर्नमा होस्, परमेश्वरको अगुवाइ हामी पाउन सक्दछौं । किन नपाउने? हाम्रो परमेश्वरलाई जाबो एउटा भंगेरा खस्दा पनि थाहा हुन्छ भने (मत्ती १०:२९) के हाम्रो दैनिक जीवनमा उहाँले चासो राख्नु हुन्न र? हामीलाई भन्दा उहाँलाई हाम्रो सर्वोत्तम भलाईको चाहना गर्नुहुन्छ । यसैले गर्दा यदि हामी उहाँको अगुवाईलाई बाटो खुलाएर स्वीकार गर्‍यौं भने, उहाँको वचनलाई विश्वास, श्रद्धापूर्वक र यसको मातहतमा बस्न राजी भयौं भने परमेश्वरले हामीलाई डोर्‍याउनुहुन्छ भन्नेमा निश्चित हुनसक्दछौं ।

परमेश्वरले हामीलाई उपलब्ध गराउनुभएको अरू बुद्धिज्ञान, आचार संहिता अर्थात् मार्ग निर्देशनको बारेमा यस भागमा संक्षिप्त रूपमा हेर्नेछौं ।

### १ बुद्धि, ज्ञान र विवेकको श्रोत

दैनिक जीवनमा सबै मानिसले के गर्ने के नगर्ने भनेर निर्णयको बन्धकमा परिरहेको हुन्छ । गलत निर्णय पनि गरिरहेको हुन्छ यो सर्वविदितै छ । प्रायजसो स्वार्थपना नै य निर्णयहरूको केन्द्रबिन्दु हुन्छ किनभने पतित भएको कारणले हाम्रो उच्च प्राथमिकता स्वार्थसिद्ध गर्नु नै हुन्छ । अहं भावना वा स्वार्थी अवगुणले सबै गुणहरूलाई उछिनेको हुन्छ ।

धेरै जसो हाम्रो स्वार्थ पूरा गर्न जुन निर्णय गर्दछौं त्यसले हामीलाई मात्र होइन अरूलाई पनि दु:ख, कष्ट र अनाहक पीडा दिइरहेको हुन्छ ।

के तपाईंको जीवनमा यस्ता कुनै गलत निर्णय गर्नु भएको छ जसको भयानक परिणामले तपाईं र अरूलाई जोखिममा परेको छ? यसमा हतास हुनुपर्छ भनेको होइन किनभने क्रुसमा तपाईंले क्षमा पाउनुहुन्छ र तपाईंको कमजोरीप्रति संवेदनशिल भएर परमेश्वरले दिनप्रतिदिन सामर्थ्य प्रदान गर्नुहुन्छ । हृदयका चोटलाई येशूले निको पार्नुहुन्छ । गलत निर्णय गरेमा हामीले ठूलो मूल्य चुकाउनु पर्छ भनेर सचेत भइरहनु पर्दछ ।

परमेश्वरको वचन हाम्रो लागि ज्योति र पतित, स्वार्थीको निम्ति मार्गनिर्देशक रूपमा पाउनु परमेश्वरले हामीलाई दिनुभएको शुभ समाचार हो । (भजन ११९:१०५) । ठीक निर्णय विषेश गरेर नैतिक विषयहरूमा कुनबाटो अपनाउनु पर्छ भनेर बाइबलमा प्रशस्तमात्रामा शिक्षा दीक्षा र अर्तीहरू हामीलाई दिएको छ । यदि तिनीहरूलाई आत्मसाक्षी राखी पालन गरेमा हामीले सुरक्षा कवच लगाएको जस्तै हुनेछ ।

यी पदहरू पढ्नुहोस्: भजन १९:७-१४, ११९:९८-१०५, हितोपदेश ३:१३-१६, युहन्ना १७:१७ ।

उपरोक्त पदहरूमा परमेश्वरबाट के प्रतिज्ञा र मार्ग निर्देशक सिद्धान्तहरू पाउनुहुन्छ जसले गर्दा हामीले महत्वपूर्ण नैतिक निर्णयहरू ठीक तरिकाले गरून् भनेर ढाढस दिँदछ?

बाइबलका मीठा मीठा कुराहरू र नीतिवचनहरू सुन्नु एउटा पक्ष हो भने त्यसलाई पालन गर्नु अर्कै भिन्न पक्ष हो । भजनसंग्रहका लेखकले भनेका छन्: ×तपाईका वचनहरू पालन गर्दा ठूलो इनाम पाईन्छ" (भजन १९:११) । यदि व्यावाहारिक जीवनमा बाइबलले प्रदान गरेको ज्ञान र बुद्धिलाई अपनाउन सकिएन भने ती निकम्मा हुन जान्छन् । संसारमा अनगिन्ती मानिसहरू छन् जो बाइबलका शिक्षा, दीक्षा, अर्ति, नीतिनिर्देशनहरूको ज्ञान भएपनि तिनीहरूको विपरितमा चलिरहेका हुन्छन् । याद गर्नुहोस्, यदि तपाईं येशूभक्त भनेर दावी गर्नुहुन्छ भने बाइबलमा के लेखेको छ त्यो मात्र थाहा पाएर पर्याप्त हुँदैन यसलाई पालन पनि गर्नुपर्दछ । अनि मात्र परमेश्वरको वचनमा दिएका ज्ञानबुद्धि हाम्रोलागि लाभदायक हुन्छ । ज्ञानी मानिस वा बुद्धिमानी मानिस केवल बाइबललाई मुक्तकंठ गरेकोलाई मानिन्दैन तर बाइबलमा पाएको ति ज्ञानको ज्योतिलाई जसले परिचालन गर्दछ ।

के तपाईंको जीवनमा महत्वपूर्ण निर्णयहरूको सामना गरिरहनुभएको छ? ति निर्णयहरू गर्नुपर्दा के तपाईंले बाइबलसँग परामर्श गर्नुभएको छ? जव तपाईं कुन ठीक निर्णय गर्नु पर्छ भनेर रोजाइमा पर्नुहुन्छ बाइबलका कुन वाचाहरूलाई तपाईंले दावी गर्नुहुन्छ?

## २. समाजमा भिज्न बुद्धि, ज्ञान, विवेक

मानव जात भएकोले हाम्रो आफ्नै व्यक्तिगत जीवन हुन्छ । त्यो जीवन बन्द ढोका भित्रको घरेलु जीवन हो । फेरि हामी सामाजिक प्राणी भएकोले हामी समाजबाट अगल हुन सक्दैनौं । ती समाजका मानिसहरू हाम्रो जस्तै आस्था र विचारसँग मिल्नुपर्छ भन्ने जरूरी छैन । तिनीहरू हाम्रो निजी जीवनको दायरामा नआउलान् र हामीसँग घनिष्ठ सम्बन्ध पनि नहोला । हो, हामी हाम्रो व्यक्तिगत जीवनको आफ्नै शैली होला तर हामी सार्वजनिक नागरिक भएको कारणले समाजप्रति असंवेदनशील हुन सक्दैनौं । (संसार पापी छ भन्दैमा कुनै एकान्त गुफामा वा जङ्गलमा बसेर समाजको आवश्यकताप्रति आँखा चिम्लनु पर्छ भनेर बाइबलले भन्दैन । येशू आफैले भन्नुभयो, ×परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो आफ्नो एक मात्र पुत्र दिनुभयो..." (युहन्ना ३:१६) त के हामी चाहिँ त्यस संसारबाट भागेर साधु भेषमा बसेर परमेश्वरले दिनुभएको जीवनलाई निकम्मा बनाउने? हो, आजको समाजमा यस्ता

धेरै विसङ्गतिहरू छन् जसले हाम्रो व्यक्तिगत, घरायसी र आध्यात्मिक जीवनमा धमिलो पार्न सक्दछ । यो कुनै नौलो होइन । जब पाप यस संसारमा आयो त्यसले धेरै अस्वस्थ तत्त्वहरू पनि ल्यायो । मानिस मानिस बीचको सम्बन्धमा तितोपनाले राज गरिरहेको पाउँछौं । यसले गर्दा समाजमा रहँदा अनेक सजकता अपनाउनु आवश्यक हुन आउँछ ) बाइबल यस्ता ज्ञानहरूको भन्डार हो जसले हामी विभिन्न समुदायमा बसे पनि कस्तो आचरणमा बस्नु पर्दछ भनेर औंल्याउँछ । बाइबलका नीतिहरू पालन गर्दा हामी समाजमा र देशमा सबभन्दा असल नागरिक भएर जिउन सक्दछौं ।

दश आज्ञाहरू पालन गर्दा यसको प्रभावले हाम्रो परिवारिक सम्बन्ध कस्तो हुन्छ भनेर अघिल्लो अध्ययनमा हेरिसकेकाछौं । ती आज्ञाहरू फेरि पढ्नुहोस (प्रस्थान २०:१-१७) । अब पढ्ने बेलामा ती आज्ञामा के तत्त्वहरू छन् जसले हाम्रो सामाजिक जीवन पनि अझ राम्रो हुनसक्दछ भनेर देखाउँछ?

मानव सभ्यताको युगौंको इतीहासमा तीस करोड वीसलाख भन्दा बेसी नियम कानुनहरूको प्रयोजन गरेर मानिसहरूलाई ठेगानमा ल्याउन खोजीरहेको छ भनेर अनुमान गरिएको छ । समयानुकुल नभएकोले प्राय: जसो यी नियमकानुनहरू बदलि रहेको हुन्छ र निलम्बन पनि भइरहेको हुन्छ । तर दश आज्ञाहरू अपरिवर्तनीय छ । यसमा भएका सैद्धान्तिक तत्त्वहरू अनन्तसम्म लागु भइरहन्छ । यी आज्ञाहरू हाम्रो निजी र सार्वजनिक जीवनको लागि आचारसंहिता हो । यो हाम्रो मार्ग निर्देशक पनि हो ।

चाहे सानो समुदायमा होस्, चाहे ठूलो समाजमा होस्, हामीले कसरी असल नागरिक भएर जीवन निर्वाह गर्नु पर्छ भनेर बाइबलमा हामीले बुद्धि, ज्ञान, विवेक र अर्ती पाउँछौं । दश आज्ञाहरू बाहेक अन्य सिद्धान्तहरू हामीलाई दिइएको छ जसको पालन गर्दा हामी अझ असल नागरिक मात्र होइन परमेश्वरको लागि सामाजिक क्षेत्रमा पनि असल गवाही हुन सक्दछौं ।

यर्मिया २९:७, रोमी १२:१७,१८, १३:१-४ र १ पत्रुस २:१३-१४,१७ पढ्नुहोस् र समाजमा अझ राम्रो कार्यरत हुन ती पदहरूले के उपलब्धीमुलक ज्ञान हामीलाई दिइएको छ? यी बाहेक अरू कुनै पदहरू तपाईंलाई थाहा छ? (तपाईं बहुधार्मिक,बहुसंस्कार र अनेक वैचारिक स्वतन्त्रता अपनाएको समाजमा हुनुहुन्छ । आफ्नो दृढ विश्वास र आस्थामा रहेर पनि ती समाजमा आफूलाई कसरी समायोजन गर्न सक्नुहुन्छ? )

### ३ कार्यालयमा कार्यरत हुन बुद्धि, ज्ञान र विवेक

मानिस काम गर्नु पर्छ भन्ने यथार्थता बाइबलले स्पष्ट पारेको छ । सृष्टि भएको लगत्तै आदम र हवालाई अदनको बगैंचाको स्याहार सम्भार गर्नु भनेर परमेश्वरले निर्देशन दिनुभएको थियो (उत्पत्ति २:१५) । पापले गर्दा विध्वंस आए पछि पनि मानव जीवनकोलागि काम आशिषमय हुनु परमेश्वरको परिकल्पना थियो (उपदेशक ३:१७-१९)। पावलले अझ यत्तिसम्म भन्छन्, यदि मानिसले काम गर्न ईन्कार गर्छ भने उसलाई खाने अधिकार पनि छैन (१ थेस्सोलोनिकी ३:१०) । प्रभु येशूले सार्वजनिक जीवन ३० वर्षको उमेरमा सुरू गर्नु भएको थियो र बाइबलले भन्छ मानिसहरूले उहाँलाई सिकर्मीको रूपमा चिनेका थिए (लुका ३:२३, मर्कुस ६:३) ।

परमेश्वरका लिखित वचनहरू पालन गर्दा उहाँको सदिच्छा पालन हुन्छ भनेर हामीलाई ज्ञात छ । यदि बाइबलले साधारणतया उहाँको चाहनालाई प्रतिविम्वित गर्दछ भने, हाम्रो लागि उहाँको चाहना निश्चित रूपमा देखाएको हुन्छ ।सबै मानिसहरू कसरी जीवन बिताउनु

पर्दछ भनेर सबैकोलागि नीतिनिर्देशनहरू परमेश्वरले बाइबलमा प्रस्तुत गर्नुहुन्छ तर हाम्रो लागि ती सिद्धान्तहरू जीवनका विभिन्न निर्दिष्ठ पक्षहरूमा उपयोगी हुन्छ जस्तै हाम्रो कार्यालयमा । अर्थात् अरू कर्मचारीहरूसँग हामी कस्तो आचरण देखाउनुपर्दछ भनेर बाइबलले आचारसंहिता प्रस्तुत गरेको छ ।

मानिसहरूले काम गर्नु अनिवार्य छ र मानिसको मुख्य कार्यकलापनै काममा केन्द्रित हुनुपर्दछ भनेर बाइबलले भनेको हुनाले हामीहरूको काममा कसरी बुद्धि पुर्‍याउने भनेर परमेश्वरको वचनले मार्गनिर्देशन प्रस्तुत गर्दछ भने हामी त्यसमा छक्क पर्नु जरूरी छैन ।

निम्नलिखित पदहरू पढ्नुहोस् र ती पदहरूले हाम्रा काम गर्नेस्थानहरूमा कस्ता नीतिहरू अपनाउनुपर्दछ भनेर देखाइएको छ?

उपदेशक ९:१०, मत्ती २५:१४-३०, गलाती ६:४, कलस्सी ३:२३,२४ ।

कर्मठ कार्यकर्ता वा कर्मचारीको मनस्थिति र आचरणहरू कस्तो हुनुपर्दछ भनेर बाइबलमा देखाइएको छ । उदाहरणमा: तिनीहरूले समयको उचित सदुपयोग गर्नु पर्दछ (मत्ती २५:१४-२८), लगनशीलता अर्थात् परिश्रमी (हितोपदेश १२:२४), ईमान्दारीता र आफूभन्दा माथिको हाकिमलाई आदरभाव देखाउने (एफिसी ६:५,६) आदि । सबै कारोबारमा सत्यता र सदाचारिताको प्रदर्शन गर्नु सबभन्दा महत्वपूर्ण गुण हामीमा हुनुपर्दछ चाहे हाकिम होस वा कर्मचारी होस् (हितोपदेश ११:१) ।

बाइबलमा देखाएका सिद्धान्तहरू अनुसार चल्नको लागि आफ्ना कार्यालयमा के संङ्घर्ष गरिरहनुभएको छ? के कारणले तपाईं आफूमा तनाव भइरहेको छ? बाइबलमा के व्यवहारिक पक्षहरू छन् जसको उपयोगले तपाईंको रोजाइमा राहत पाउनुहुन्छ?

## ४ बाइबल र धनसम्पति

×मलाई धनाढ्य पनि नबनाउनु होस् न त कङ्गाल तर मलाई चाहिने दैनिक भोजनमात्र दिनु होस् । किनभने म धेरै धनी भएँ भने म अहंकारले फुल्नेछु र तपाईंलाई हाँक दिएर भनुंला, ×परमेश्वर को हो र उहाँलाई विश्वास गर्ने?" अर्थात् म गरीब र कङ्गाल भएँ भने जीवन धान्न चोर्नु पर्ने स्थिती हुन्छ अनि मेरो परमेश्वरको नाउँको अपमान हुन्छ ।"-हितोपदेश ३०:८,९ ।

उपरोक्त पदलाई केलाएर हेर्नुहोस् । यसमा धनसम्पती र ऐश्वर्यलाई जीवनमा कसरी समायोजन गर्नुपर्दछ भनेर बुद्धिज्ञान दिएको छ?

परमेश्वरका भक्तहरूको आध्यात्मिक जीवनमा धनसम्पति र ऐश्वर्य कस्तो घाटक हुनसक्दछ भनेर बाइबलले बारम्बार प्रस्तुत गरेको हामी पढ्छौं । परमेश्वरको सदाशय र ममताले प्राचीन इस्रायल कुलको स्थापना गर्नुभयो तर तिनीहरू परमेश्वरबाट भडकिएर जाने यथार्थता उहाँलाई थाहा थियो । यसलाई यसरी उहाँले व्यक्त गर्नुहुन्छ, ×र तिनीहरू खाएर तृप्त हुनेछन्, अनि भरपुरभएपछि मोटाउनेछन्" (व्यवस्था ३१:२०, ३२:१५) यसरी आफ्नो स्वार्थसिद्ध भएपछि परमेश्वरबाट तर्किएर जानेछन् र अरू देवीदेवताहरूको उपासना गर्नेछन् । फेरि सुस्तपना र अल्छीपनाले मानिसलाई कङ्गाल बनाउँछ र यसले गर्दा विभिन्न विसँगती, पाप र बरबादी ल्याउँछ भनेर बाइबलले औंल्याएको पनि पाउँदछौं । धनी भएर र गरिब भएर ल्याउने विसँगतीलाई हरतरहबाट प्रतिरोध गर्नु अत्यावश्यक छ ।

धनसम्पति र ऐश्वर्यले मानिसलाई कसरी पतन गराउँछ भनेर चेताउनी उल्लिखित पदहरूले दिन्छन्:- मत्ती १३:२२, १६:२६, १९:२४, १ तिमोथी ६:१० ।

रूपैयाँपैसा हामीलाई आबश्यक छ तर यसलाई नसाम्हाल्दा अनियन्त्रितरूपले मानिसलाई भंडखालोमा पार्न सक्दछ । खानेकुरा, पानी र आरामले मानिसलाई संतुष्ट दिन सक्दछ तर

जतिसुकै पैसा भए पनि उसलाई पुग्यो भन्ने स्थितिमा आउँदैन । प्रायजसो मानिस जति धनी भयो उतिनै उसको लोभ बढेर जान्छ । पैसाको मामलामा र धनसम्पत्ति थुपार्न कुन नीति अपनाउनुपर्दछ भनेर बाइबलले धेरै शैद्धान्तिक नीतिहरू हामीलाई दिएको छ ।पैसा माध्यममात्र हो तर लक्ष हुँनुहुन्दैन । यस संसारमा धन थुपार्न होइन तर स्वर्गमा, जहाँ किरा र चोरले चोर्दैन त्यहाँ थुपार्नुपर्दछ (मर्कुस १०:२१) ।

बाइबलमा उल्लिखित स्वर्गमा धन थुपार्नु भनेको के हो? यो धन के हो र कसरी प्राप्त गर्ने? स्वर्गमा थुपार्ने धनलाई लक्षित गर्दा यस संसारमा धनको लोभमा परेर विनाशको मार्ग अपनाउनुबाट कसरी सुरक्षित हुनसक्दछौं?

## ५ सबल र बुद्धिमान नेतृत्वको वहन

यो यथार्थतालाई हामीले अश्विकार गर्न मिल्दैन: जुन संसारमा हामी छौं यहाँ कुनै न कुनै नेता वा अगुवाहरूको आवश्यक जरूर छ ।

दुर्भाग्यवस धेरै जसो मानिसहरू जब नेतृत्ववर्गमा पुग्छ तिनीहरूले आफ्ना स्वार्थ सिद्धीकोलागि अथक प्रयास गर्दछ र जसको सेवा गर्नु पर्दछ तिनीहरूलाई भुसुक्कै बिर्सेको हुन्छ । मोशा जस्ता सक्षम र निश्वार्थ नेताहरू वा अगुवाहरू बाइबलले उदाहरणस्वरूप प्रस्तुत गरेको छ भने राजा हेरोद जस्ता खतरनाक, अधिनायकवादी, निरङ्कुस र अनैतिक चरित्र भएका अगुवाहरूको पनि वर्णन गरेको छ ।

येशूभक्तहरूको लागि मुख्य अगुवा प्रभु येशू नै हुनुहुन्छ । तैपनि उहाँले आफ्ना भक्तहरूलाई अरूको सेवा गर्न खटाउनुहुन्छ । त्यस्ता सेवकहरूले कुन मनस्थितिमा लिएर काम गर्नु पर्दछ भनेर मत्ती २०:२५-२७ मा येशूले निर्देशन दिनुभएको छ । जब नेतृत्व वहन गर्दछ, येशूभक्तहरू र अविश्वासीहरूमा के भिन्नता पाउनुपर्छ भनेर येशूले औंल्याउनु भएको छ । यदि तपाईंलाई अगुवा हुने चयन गरेको छ भने आत्मसाक्षी राखी तपाईं कुन वर्गमा हुनुहुन्छ सो भन्नुहोस्?

येशूले आफ्नै जीवनमा अगुवा हुनु भनेको के हो भनेर विविध अनुकरणीय उदाहरणहरू प्रस्तुत गर्नुभएको छ ।येशूले यस संसारमा आफू आउनुको लक्ष के हो भनेर मत्ती २०:२८ मा भन्नुभएको छ । उहाँको आदर्शमय उदाहरणद्वारा हामी कुन मार्गमा हिंड्नुपर्दछ कसरी स्पष्ट पारेको छ?

पहिला सेवक हुनुपर्दछ भनेर सेवक-अगुवाको वाख्या गर्दै एक जना विद्वान रबर्ट ग्रिनलीफले भन्दछन्: ×कसैको सेवा गर्न चाहन्छ भने प्रथमत: सेवा गर्ने स्वभाविक भावनाले अभिप्रेरित हुनुपर्दछ । अनि अगुवा हुने विवेकले रोज्दछ । प्रथमत: सेवक-अगुवा हुन चाहनेले जसको सेवा गरिन्छ उनीहरूको आवश्यकतालाई उच्च प्राथमिकता दिएको हुन्छ । कोही येशूको पथमा हिँडेर सेवक-अगुवा हुन चाहन्छ भने उसको मापदण्ड यो हुनुपर्दछ: जसको सेवा गरिएको छ, के ती आत्मसम्मानको गौरव गरेर आफूहरूको व्यक्तित्व विकास गर्नमा अग्रसर भएको हुनुपर्दछ, सेवा पाउने वर्ग स्वस्थ, बुद्धिमानी, स्वतन्त्र, स्वावलम्बी र सेवक-अगुवा जस्ता अरूलाई सेवा गर्ने प्रेरणाले अभिप्रेरित भएको गुणले सजिएको हुनुपर्दछ ।"-*द पावर अभ सर्भेन्ट लिडरशिप*, (सान फ्रेन्सिस्को:बरेट-कोचलर पब्लिकेशरस्, ईन्क., १९९८), पृ. ४ ।

विश्व इतीहासमा हजारौं नेता, अगुवा वा शासकहरूको उदय भएको छ र भइरहेको छ । यदि सबैले येशूको उदाहरणलाई अपनाएको भए यो संसार कस्तो हुने थियो होला?

सेवाको भावनाले अभिप्रेरित भएका अगुवाहरू कमै वा विरलै पाइन्छ यो यथार्थता हो । तर यदि हामी येशूभक्त हौं भनेर दावी गर्दछौं भने संसारमा हामी पनि कस्तो अनुकरणीय उदाहरणद्वारा नेतृत्व बहन गर्ने हो सो देखाउने हाम्रो जिम्मेवारी हो ।

के तपाईं कुनै अगुवा वर्गमा हुनुहुन्छ? यस बुँदामा प्रस्तुत गरेको नीतिनिर्देशनलाई तपाईंको जीवनले कसरी प्रतिबिम्वित गरिरहेको छ? अरूलाई सेवा गर्ने र हित चिताउने चाहनाको विपरीत तपाईं के आफ्नै स्वार्थ र महत्वाकाङ्क्षालाई पुरा गर्न नेतृत्वको चयन गरिरहनुभएको छ?

**उपसंहार:**

अरू जानकारीको लागि पढ्नुहोस्:- एलेन जि ह्वाईट, *टेस्टिमोनिज टु मिनिस्टर्स्,* ×हाउ श्याल वि सर्च द स्क्रिपचरस्?" पृ. १०५-१११, ×डिग डिपर,× पृ. ११९, ×प्राक्टिकल ईन्स्ट्रकशन ईन लेबर," पृ. ३०९-३१८ ।

×यो संसार र आउने जीवनमा योग्य, सक्षम र सबल बन्न, बाइबलले प्रशस्त मात्रामा सिद्धान्त र अर्तीहरू हामीलाई दिएको छ । यी तत्त्वहरू सबैले बुझ्न सकिन्छ ।"-एलेन जि ह्वाईट, ऐजुकेशन, पृ. १२३ ।

×जो निरन्तर रूपमा बाइबलको अध्ययन गर्दछ, परमेश्वरसँग परामर्श गरेर चल्दछ, र येशूमा भरोसा राख्दछ ऊ हरेक समय, परिवेश र परिस्थितिलाई सफलतापूर्वक सामना गर्दै अगाडि बढ्न सामर्थ्य हासिल गर्दछ । यस्तो व्यक्तिले व्यवहारिक जीवन पद्धतिमा असल गुणहरूको प्रदर्शन गर्दछ ।"-एलेन जि ह्वाईट, ×*टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ४३ ।

×मानिसको आवश्यकता र हृदयको चाहना अनुरूप सबै परिवेशमा समावेश हुन सरल तरिकाले बाइबलमा सतमार्गका नीतिहरू प्रकट गरिएको छ । महान् बौद्धिक क्षमता र विद्वानहरूलाई यसले चकित पारेको छ र यस पुस्तकप्रति कौतुहलता पनि जागेको हुन्छ । तर नम्र, चुर्ण हृदय भएको चाहे अशिक्षित नै किन नहोस् उनीहरूको लागि यो मुक्ति प्राप्त गर्न अचूक मार्ग शिद्ध भएको छ । बाइबलले प्रस्तुत गरेका सरल सत्यहरू यस्ता छन् जसका विषयहरू अधिकतम उचाइमा रहेको हुन्छ । यो दुरदर्शीपूर्ण र मानिसको पहुँच भन्दा बाहिर पनि हुन सक्दछ साथै यसमा अनन्तका तत्त्वहरू भएकोले सितिमिती मानिसको समझशक्तिले भ्याउन पनि सक्दैन । परमेश्वरले आह्वान गर्नुभएकोले मात्र हामीले यसमा जनाएका सत्यहरूलाई ग्रहण गर्नु पर्ने हुन्छ ।"-ऐजन, पृ. ७००

**चिन्तन मनन:**

१. इमान्दारीपूर्वक दशांस र भेटीहरू दिँदा विभिन्न प्रलोभनहरूको खतरादेखि हामीलाई कसरी सजग बनाउँछ?
२. हामी अनिर्णयको बन्दी हुँदा बाइबलको परामर्शमा कतिको भर पर्दछौं? विश्वासीहरूको बीचमा बाइबलका व्यवहारिक पक्षमा छलफल गर्नुहोस् । कुनै उदाहरणहरूमा चिन्तन गर्नुहोस्: जस्तै, यदि यस व्यक्तिसँग वैवाहिक संबन्ध जोडे के होला? के यो काम गर्नु हुन्छ वा हुँदैन? के म सरूवा हुनु पर्छ? बाइबलमा यस्ता निर्दिष्ट प्रश्नहरूको जवाफ कसरी पाउनु हुन्छ वा पाउनु हुन्न?
३. नेतृत्व चयनको बारेमा पनि मनन गर्नु आवश्यक छ । किनभने कोही व्यक्ति जब अगुवा वर्ग वा नेतृत्व गर्नुपर्ने स्थानमा पुग्छ उसले आफूले पाएको अधिकारलाई प्रतिगमनको रूपमा प्रयोग गर्दछ र स्वार्थको लागि परिचालन गर्दछ । हुन सक्छ

तपाईहरू यस अगुवा वर्गमा पर्नुभएको होला । अरूको भलाइकोलागि हामी परिचालन हुनुपर्दछ भनेर बाइबलबाट के सिक्नु भएको छ?

**अध्याय १२**

## परमेश्वरको वचनद्वारा जीवनपद्धतिलाई अघि बढाउनु

यस भागका मूल पदहरू: मत्ती २२:३७,३८, गलाती २:२०, ५:१४, एफिसी ४:१४,१५, हिब्रू ४:२, ५:१२-१४

समझमा राख्नुपर्ने पद: ×अब हामी नाबालक हुँदैनौ..... येशू जो हाम्रो शिर हुनुहुन्छ, उहाँमै हरेक कुरामा हामी बढ्नेछौं ।"-एफिसी ४:१४,१५ ।

मूल तर्क: हाम्रो आध्यात्मिक समृद्धिको लागि बाइबलले निर्णायक भूमिका खेल्दछ ।

जुन दिन हाम्रो हृदय परिवर्तन गरेर येशूलाई ग्रहण गर्दछौं त्यो दिन हामी येशूमा पुरक भएर विश्वासको चरममा पुगिसकेका हुँदैनौ भनेर बाइबलले स्पष्ट रूपमा भन्दछ । त्यसको विपरित जब मानिसले आफूलाई सम्पुर्णरूपमा येशूलाई अर्पण गर्दछ उसलाई नयाँ जीवन पाएको अनुभव हुन्छ र उसको लागि आफ्नो अस्तित्व नै नयाँ भएको हुन्छ (रोमी ६:४) । अरू आस्थाहरूमा जस्तै नयाँ येशूभक्तले मुक्तिको लागि धर्मकर्म गर्नुपर्छ भनेको होइन । तर उसले मुक्ति पाएर परमेश्वरको अगाडि शुद्ध र ग्रहणयोग्य जीवन प्राप्त गरेकोले आफ्नो जीवन पद्धतिबाट त्यस मुक्तिलाई प्रतिबिम्वित गर्नुपर्दछ र अरूहरूले दर्शकको रूपमा उसलाई हेर्ने भएकोले उसको जीवनले परमेश्वरको मार्गमा हिंडिरहेको देखाउनुपर्दछ । विश्वासद्वारा उद्धार पाउँछौं भन्नेमा द्विविधा छैन । तर उद्धार दिने विश्वास र आस्था के हो त? येशूमा समर्पित जीवनले नै विश्वासबाट मुक्ति प्राप्त गरेका छौं भन्ने प्रतिबिम्वित गर्दछ ।

येशूमा नवजीवन बिताउनु छ भने उसले आध्यात्मिक वृद्धिलाई केन्द्रित गर्नुपर्दछ । येशूभक्तहरूभएको हैसियतले हामी निष्क्रिय भएर बस्नुसक्दैन । हाम्रो जीवन पद्धतिद्वारा प्रभु येशूलाई कसरी प्रतिबिम्वित गर्नुपर्छ भन्ने सोचाइले हामी चलिरहेका हुन्छौं । यसले गर्दा हामी

उत्तम बदलिंदो परिस्थितिमा लम्किरहेकै हुन्छौं । हामी बढ्ने प्रक्रियाको लागि बाइबलको ज्ञान अपरिहार्य छ ।यसैले नै किन र कसरी ×प्रभु र मुक्तिदाता येशूको ज्ञान र अनुग्रहमा× (२ पत्रुस ३:९) बढ्नु पर्छ भनेर देखाउँछ ।

येशूमा बढ्नु भनेको के हो यस भागमा अध्ययन गर्नेछौ ।र त्यस वृद्धीकोलागि बाइबलले के निर्णायक भूमिका खेल्दछ भनेर संक्षिप्तमा हेर्नेछौं ।

## १ आध्यात्मिक जीवनमा अभिवृद्धिको आवश्यकता

एक रात निकोदिमस येशूकहाँ आएर अनन्त जीवन प्राप्त गर्न के गर्नुपर्छ भनेर जिज्ञासा राख्दा कुनै विवादै नगरी उहाँले भन्नु भयो, ×परमेश्वरको राज्यको सहभागी हुन प्रथमत: नयाँ गरी जन्मनु पर्दछ" (युहन्ना ३:३,५) । कोही जन्मँदा एकै चोटि परिपक्व वा अनुभवी पाको मानिस हुँदैन । येशूभक्त जीवन पनि बालककाल भएर हुर्किनु पर्दछ भनेर यसले देखाउँछ । जब येशू भक्तको जीवनको सुरू नयाँ जन्मबाट हुन्छ भनेर चित्रण गरेको छ भने उसको आस्था येशूमा बालक जस्तै हो भनेर सम्झनु पर्दछ ।त्यसकारण हरेक येशूका उपासक आत्मिक परिपक्वतामा पालन पोषण हुनुपर्दछ र त्यसको समृद्धिको नितान्त आवश्यक छ भनेर मान्नु पर्दछ ।

विश्वासीहरूलाई पत्रुसले यसरी अपिल गर्दछन्, ×हाम्रो प्रभु र मुक्तिदाता येशूको अनुग्रह र ज्ञानमा बढ्दै जाऊ" (२ पत्रुस ३:१८) । यो भन्दा अघिल्लो पदमा येशूमा हुनु भनेको नयाँ जन्म हुनु भनेको हो भनेर चित्रण (१ पत्रुस १:२३) गरेपछि पत्रुसले प्रभुको वचनको दुध खाएर हुर्कन चाहना गर भनेर जोर गर्दछन् (१ पत्रुस २:१-३) ।

पावलले पनि हिब्रु ५:१२-१३ मा आध्यात्मिक रूपमा परिपक्वहुनमा लम्किनु पर्दछ भनेका छन् । उसले यस पदमा आत्मिक अपरिपक्वतालाई कसरी वाख्या गर्दछ र आत्मिक पाकोपनासँग कसरी अन्तर देखाउँछ?

पावलल २ कोरिन्थी ७:१ मा भन्छन्, ×येशूलाई ग्रहण गर्ने बित्तिकै आत्मिक जीवनको अन्त्य होइन तर सुरू हुन्छन्।" त्यसमा विकासको आवश्यक छ । ×पवित्रतामा सिद्ध हुनु" भनेको अर्थ पूर्णतामा ल्याउनु हो । एफिसीमा पावलले येशूका भक्तहरू योग्य र सक्षम जीवन बिताउनु पर्छ भनेर नितिनिर्देशन दिन्छन् । उनले भन्छन् यसैको लागि उनीहरूलाई खटाइएको हो (एफिसी ४:१) ।

परमेश्वरको वचन अनुसार हामी विश्वासबाट उद्धार पाउँछौं, परमेश्वरलाई हामीलाई ग्रहण गर्ने आधार नै येशूको धार्मिकता हो र त्यो अनुग्रह प्राप्त गर्न विश्वासद्वारा मात्र हुन्छ । यस धारणामा बाइबल प्रष्ट छ । यद्पी येशूलाई विश्वास गर्नु भनेको प्रगतिशील आध्यात्मिक र नैतिक जीवन अपनाउनु हो । हामी निरन्तर रूपमा बदलिरहनु पर्दछ र त्यो बदलाहट उत्तम दिशातर्फ हुनुपर्दछ ।जब हामी आत्मिकज्ञानमा बढ्दै जान्छौ परमेश्वरको चरित्रलाई बिस्तारै प्रतिविम्वित गर्नु पर्दछ (१ पत्रुस १:१४-१६) । यो कसैले पनि एकै निमेषमा गर्न सक्दैन ।

तपाईं कति वर्षसम्म येशूको उपासक हुनुभयो त्यसलाई ख्याल नराखी आफ्नो विश्वासी जीवनलाई नियालेर हेर्नुहोस् ।तपाईंको आत्मियक जीवनको कुन क्षेत्रमा विकास र परिपक्वता देख्नु भएको छ? कुन कमजोर पक्षको सिकार हुनुभएको छ? के तपाईं आध्यात्मिक प्रगती गर्न खोज्दा मुक्तिको आशा तपाईं आफैमाथि होइन तर प्रभु येशूमा र उहाँको धार्मिक चरित्रमा हुनुपर्दछ भनेर निष्कर्षमा पुगिरहनु भएको छ?

## २ विश्वास वा आस्थामा अघि बढ्नु

कसरी इस्रायलीहरू ईजिप्टबाट भागेर आएपछि ४० वर्षसम्म मरूभुमिमा भौंतारिए भनेर पावलले हिब्रु ३ र ४ मा वर्णन गर्दछन् । पावलले हिब्रु ४:२ मा उनीहरूकोबारेमा जे भन्छन् त्यो अचम्म र तर्कसम्मत छ ।

हिब्रु ४:२ पढ्नुहोस् । इस्रायलको समस्या के थियो? तिनीहरूमा कुन आधारभूत मुलतत्त्वको कमी थियो?

के दु:खपूर्ण कुरा छ भने ती वंशले परमेश्वरको अगुवाईका अधिकतम प्रमाणहरू देखे र अनुभव गरे पनि तिनीहरूको विश्वासमा आँच आइरहेको थियो । प्रस्थानको पुस्तकमा ती इस्रायलीहरूको यात्रा पढ्नुहोस् र तिनीहरूलाई मरूभूमीमा कुन गति भोगे सो हेर्नुहोस् । परमेश्वरले एक पछि अर्को अद्‌भूत कामहरू गर्नुभयो । उहाँले त्यत्रो महान् लाल सागरलाई छुट्याउनुभयो, चालिस वर्षसम्म मन्ना बर्षाउनुभयो । तैपनि तिनीहरूमा विश्वासको कमी देखियो, यो कस्तो अचम्म!

इस्रायलीहरूको विवरणले विश्वासको बारेमा के सिक्न सक्दछौ अर्थात् परमेश्वरमा विश्वास वा आस्था हुनु भनेको के हो? यसबाट हामी के अर्ती सिक्न सक्दछौं? हेर्नुहोस् हिब्रु ३:१२ ।

प्राय:जसो मानिसले परमेश्वरबाट धेरै अदभूत कामहरू देखे वा प्रमाण पाए उनीहरूको विश्वास दरिलो हुन्दै जान्छ भनेर दावी गरेको पाउँछौ । तर त्यसरी परमेश्वरमा अटल आस्था राखिँदैन । विश्वास न त वौद्धिक क्षमताको बृद्धिमा भर पर्छ न त कुनै अदभूत चिन्ह र आश्चर्य काममा । यो हृदयको कारोबार हो ।हाम्रो हृदय र आत्मालाई परमेश्वरमा कति समर्पण गर्दछौ त्यो स्तरमा मात्रै हाम्रो विश्वासको अभिवृद्धी हुन्छ । विश्वासलाई चलन चल्तीमा ल्याउन सक्यौं भने पनि त्यसमा विकास गर्न सक्दछौं । हामी विश्वासमा अग्रसर त्यसबेला हुन्छौं जब हामीले परमेश्वरको वचनलाई हृदय खुला गरेर अध्ययन गर्दछौं र त्यस अनुसार आफ्नो जीवनलाई परिचालित गर्ने प्रण गर्दछौं ।

परमेश्वर नै विश्वास र आस्थाको श्रोत हो तर उहाँमा हामीले पूर्ण भरोसा राख्नु पर्दछ । परमेश्वरको वचनको अध्ययन गर्दा हाम्रो विश्वास बढ्छ (रोमी १०:१७), तर त्यो अध्ययन गर्न समय र लगलशीलता हुनुपर्दछ । जति धेरै हृदय र मनस्थितिलाई परमेश्वरमा समर्पण गरी उहाँको वचनको अध्ययन गरिन्छ त्यत्ति हाम्रो प्रेमी परमेश्वरको बारेमा ज्ञान हुन्छ । अनि जब उहाँको बारेमा ज्ञान बढ्दै जान्छ तब उहाँमाथि प्रेम र भरोसा पनि बढ्दै जान्छ । (हप्ताको एक पटक चर्चमा गएर, अरूले भनेको प्रवचनको भरमा मात्र विश्वास बढ्छ भन्ने छैन । त्यसकारण कोही मानिस येशूको उपासक हुँ भनेर दावी गर्दछ भने उसले परमेश्वरको वचनको अध्ययन गर्नु अपरिहार्य छ । परमेश्वरको वचन पढेर उहाँलाई आफैले स्वाद लिनुस्, अरूको विश्वास वा स्वादमा तपाईं भर नपर्नुहोस् (भजन ३४:८) । जसरी अरूले औषधी खान्दा तपाईंको रोग निको हुँदैन त्यसरीनै अरूको विश्वासमा वा वंशज आस्थामा तपाईंले परमेश्वरबाट पाउने सच्चिदानन्दको अनुभव गर्न सक्नुहुन्न । आफूले खाएको भोजनले मानिसको शरीरलाई पुष्ट बनाउँछ भने आफैले पढेको परमेश्वरको वचनले मात्र आत्मिक विकासमा हृष्टपुष्ट बनाउँछ )।

केही वर्ष अघि एक विद्वानले येशूलाई विश्वास गर्न छोडे । उनले कसैलाई पछि भने, ×यदि मैले बाइबल पढिरहेको भए, त्यसको अध्ययनमा लागेको भए र मेरो जीवन त्यस अनुसार चलेको भए मेरो विश्वास गुमाउने थिइन होला ।" तपाईंलाई परमेश्वरमाथि अथक विश्वास कत्तिको अमूल्य छ? यसको जवाफ केवल सरल प्रकारले दिन सक्नुहुन्छ: तपाईंले आफ्नो विश्वासलाई होसियारसाथ कसरी सुरक्षित राख्नु भएको छ र पालनपोषण वा सम्भार गर्नुभएको छ?

## ३ प्रेममा बढ्नु

हामीले परमेश्वरलाई सारा हृदयले, मनले र आत्माले प्रेम गर्नुपर्दछ र नजिकैको मानिसलाई आफूलाई जस्तो प्रेम गर्नुपर्दछ भनेर बाइबलले भन्दछ ।
हाम्रो वैरीलाई र विश्वासी जनहरूलाई प्रेम गर्नुपर्छ । परमेश्वरका यी आज्ञाहरूलाई सधैँ पालन गर्न त्यति सरल छैन किनभने स्वाभाविक रूपमै हामी स्वार्थी पापी छौँ र अरूलाई भन्दा हामी आफैँलाई बढी माया गर्छौं । प्रायजसो हामीलाई माया गर्नेलाई मात्र माया गर्छौं । यो मानविय स्वभाव हो । यो सांसारिक मानिसले प्रयोजन गर्ने गुण हो । तर बाइबलले माया गर्नेलाई मात्रा माया गरेर पुग्छ भनेको छैन (मत्ती ५:४४) । हामीलाई माया गर्नेलाई मात्र होइन हाम्रो बैरी अर्थात् हित नचिताउनेलाई पनि माया गर्ने क्षमता परमेश्वरलाई केन्द्रबिन्दु गरेर अघि बढेमात्र पाउन सकिन्छ ।

प्रेमको परिभाषा १ कोरिन्थी १३ सर्वोत्कृष्ट मानिन्छ।यसको ८ पद हेर्नुहोस्। पावलले के निर्णायक बुँदालाई उल्लेख गरेको छ? यसले प्रेमको महत्वपूर्णता र प्रभावकारिताबारे के बताउँछ? यि अरू पदहरू पनि पढ्नुहोस्:-मत्ती २२:३७,३८, गलाती ५:१४, १ युहन्ना ३:१४,४:७,८,१६।

आधुनिक समयमा प्रेमको परिभाषा नै अपभ्रंस भएको पाउन्छौँ । यसको यथार्थ अर्थबाट बरालिन सरल भएको पाइएको छ । तर बाइबलको परिभाषा र उदाहरण अनुसार प्रेम भनेको भावनामा सिमित नराखेर हामीले अरूप्रति के गर्छौं त्यो हो भनेर प्रस्तुत गरेको पाउँछौँ । १ कोरिन्थी १३ ले प्रेम भनेको हाम्रो मनस्थिति र कार्यकिलाप हो भनेर बताउँछ । प्रेमले नै हामीलाई गतिविधिमा लाग्न प्रेरणा दिन्छ । स्पष्ट रूपमा बाइबलले साँचो प्रेमको उदाहरण प्रस्तुत गर्दछ: ×प्रेम भनेको के हो हामीलाई यो थाहा छ: येशूले हाम्रो निम्ति आफ्नो जीवनलाई अर्पण गर्नुभयो" (१ युहन्ना ३:१६) । यो तहमा पुगेर प्रेम गर्न हामी आफ्नो अधिकार भन्दा माथि उक्लनु पर्दछ, हाम्रो चाहना र इच्छालाई तलै राख्नु पर्दछ, कसैले हामीलाई आघात पुऱ्याएको छ भने पनि प्रतिशोधको भावनाले अभिप्रेरित हुनुभएन । प्रेमको यो उज्ज्वल ज्योतिमा परमेश्वरको शक्तिले मात्र रहन सक्दछ । यसको लागि उहाँमा बढ्नु पर्दछ र उहाँको अनुग्रहमा भिजिरहनु पर्दछ ।

हुनसक्छ तपाईं कति पटक गलत हुनुभयो, धर्मको ज्ञानमा पनि गलत हुनुभयो होला, शिक्षादीक्षामा गलत हुनुभयो होला, अरूको अभिप्रायप्रति पनि तपाईं गलत सावित हुनुभयो होला । र पनि प्रेम र माया कहिलै पनि गलत हुँदैन । हामीले जुनसुकै गल्ती गरे पनि वा भुल गरे पनि अरूलाई प्रेम गर्दा त्यो प्रेम कहिलै पनि भुल हुँदैन । हामीले लाखौं भूल गर्छौं होला तर प्रेमले कहिलै पनि गलत गर्दैन । हाम्रो शत्रु वा प्रतिद्वन्दीलाई समेत माया प्रेम गर्नुपर्छ भनेर हामीलाई निर्देशन दिएको छ भने प्रेम कसरी गलत हुन्छ? जो मानिस येशूको उपासक वा भक्त हुँ भनेर दावी गर्दछ उसले येशूले जस्तै अरूलाई प्रेम र माया दर्शाएको भए यो संसार कस्तो हुने थियो होला ? कल्पना नै गर्न साऱ्हो छ ।

प्राय:जसो तपाईंको सम्पर्कमा आएका मानिसहरूसँग तपाईंको अन्तर्क्रिया कस्तो छ सो आत्मआलोचना गरेर समिक्षा गर्नुहोस् । तपाईंको कार्यकलापले केही समय यता तिनीहरूलाई कस्तो प्रेम दर्शाउनुभएको छ सो विचार गर्नुहोस्, सायद प्रेम नदर्शाउनुभएको पनि हुन सक्दछ? आफ्नै यी कार्यकलापले तपाईंलाई प्रेमको बारेमा जान्न बढी आवश्यकता महसुस गर्नुभएको छ? अर्थात् के तपाईंको मन परमेश्वरले चाहनु भएको प्रेम अरूलाई कसरी गर्ने भन्ने जिज्ञासामा अभिप्रेरित भएको छ?

## ४ येशूमा बढ्नु

येशूमा समृद्ध भएर अघि बढ्नु भनेको के हो भनेर पावलले एफिसी ४:१४,१५ मा भनेका छन्, पढ्नुहोस् ।

सबै शिक्षादिक्षमा बाइबल नै अन्तिम आधिकारिक श्रोत भएकोले येशूमा अघि बढ्न पनि यसको अध्ययन गर्नु अति अनिवार्य हुन आउँछ । परमेश्वरको वचन पढेर यसले सिकाएको मार्गमा हिंड्न सकेमात्र मानिसहरूको चतुऱ्याइँबाट सुरक्षित हुनसक्दछौँ ।

बाइबल पढेर मात्र पुग्दैन । यसको वचनलाई हाम्रो जीवनमा परिचालन गर्नु पर्दछ । यसले के भनेको छ त्यसको पालन गर्नु पर्दछ । पढेरमात्र हाम्रो जीवनमा यसले केही पनि परिवर्तन ल्याउँदैन । यसमा लेखीएका आज्ञाहरू पालन गरेर, हाम्रा कार्यकलापमा र हाम्रो मनस्थितिमा र वचनमा येशू जस्तै हुन चाहना गरे मात्र उहाँमा बढ्न सक्दछौं ।

हामी येशूको स्वरूमा हुन बोलाइएको हो भनेर पावलले रोमीहरूलाई लेख्दछ (रोमी ८:२८,२९), सबै कुरामा बिशेष गरी हाम्रो विचारमा त्यो लक्षलाई केन्द्रित बनाउनु पर्दछ (२ कोरिन्थी १०:५) । यदि हाम्रा विचारहरू ठीक भए, हाम्रो वचनहरू, कामहरू र मनोभाव पनि ठीक हुन्छ । यदि हाम्रो हृदयलाई शुद्ध राख्यौं र स्पष्ट नीतिमा हिड्यौ भने हाम्रो वचनहरू र कर्महरू पनि शुद्ध नै हुन्छ ।

येशूमा बढ्न चाहनु हुन्छ? पावलले हामी सबै येशूभक्तहरूलाई मूल मन्त्र दिएको छ, त्यो हो गलाती २:२० । यो पढ्नुहोस् र यसमा के निर्णाएयक तत्त्व पावलले भनेको छ जसलाई मनन गर्दा प्रभुमा अघि बढ्न सक्दछौं?

आफूलाई पुर्णरूपमा समर्पण नगरी येशूमा कहिलै पनि बढ्न सक्दैनौं न त इसाई परिपक्वता हासिल गर्न सक्दछौँ । येशू उसको जीवनमा रहोस् भनेर आफूलाई येशूको क्रुसमा टाँगिएको छु भनेर पावलले भन्दछ । हाम्रो जीवनको सर्वोपरी हाम्रो शारिरिक अभिलाषा र लहड नभएर परमेश्वरको आदेश हुन्छ । हामीले जे निर्णय गर्दछौं त्यो त्यसको आधार हाम्रो इच्छा र विचार नभएर येशू हुन्छ किनभने उहाँ हाम्रो जीवनको स्वामी हुनुहुन्छ र हामीले जे गरे तापनि उहाँद्वारा निर्देशित भनेर प्रकट हुनुपर्दछ । यो क्षणिक वा निमेषमा नभएर परमेश्वरमा दैनिक समर्पणमा भर पर्दछ । येशूसँगसँगै हामी हिंड्नु हाम्रो धर्म हुनुपर्दछ । जब येशूलाई पन्छाएर आफैंले हाम्रो जीवनमा राज्य गर्दछ भने पाप ढोकामा कुरेर बसेको हुन्छ र अकाल मृत्यले पनि मुख खोलेर बसेको हुन्छ ।

येशूलाई जीवन अर्पण गर्दा तपाईंले के अनुभव गर्नुभएको छ? उहाँमा जीवन सुम्पिँदा के भयो? तपाईंको भावना कस्तो भयो? यसका नतिजाहरू के भए? तपाईंले यस्ता केही अनुभवहरू वा गवाहीहरू दिन सक्नुहुन्छ जसले गर्दा अरूको विश्वासमा टेवा हुन्छ?

## ५ पवित्र आत्मामा बढ्नु

परमेश्वरको राज्यमा पस्न दुई मुख्य शर्तहरू प्रभु येशूले निकोदिमसलाई भन्नुभएको थियो: ×कोही पानी र आत्मामा नयाँ गरी जन्मेन भने कोही पनि परमेश्वरको राज्यमा पस्न सक्दैन" (युहन्ना ३:५) । पानीमा जन्मनु भनेको बप्तिस्मा लिनु हो । यो सार्वजनिक रूपमा येशूको उपासक भएको छु भनेर साक्षी दिन गरिन्छ । आत्मामा जन्मनु भनेको हृदय परिवर्तन गर्नु हो । जक हामी आत्मिक रूपमा नयाँ गरी जन्मिन्छौ त्यस बेला परमेश्वरको पवित्र आत्मा हाम्रो हृदयमा आउनु हुन्छ र स्वार्थी र दुष्ट आत्माको स्थानमा पवित्र आत्माले आधिपत्य जमाउनु हुन्छ । जसरी बालकलाई पालन-पोषण गरेर हुर्काइन्छ त्यसरी नै नयाँ बप्तिस्मा लिएका सदस्यहरू आत्मामा हुर्कनु पर्दछ । ×जब उहाँ जो सत्यको आत्मा हुनुहुन्छ, आउनुहुन्छ, उहाँले सबै सत्यमा अगुवाइ गर्नुहुन्छ," (युहन्ना १६:१३) । सबै सत्य मार्गमा लान येशूभक्तको जीवनमा पवित्र आत्माले ठूलो भूमिका खेलेको हुन्छ । उहाँले बाइबलमा

भनेका सत्यहरूलाई स्मरण गराउनुहुन्छ किनभने परमेश्वरको वचन नै सत्य हो (युहन्ना १७:१७) । हाम्रो आध्यात्मिक जीवन कस्तो छ भनेर पनि पवित्र आत्माले औल्याइरहनु हुन्छ (युहन्ना १६:१६) । (यो पनि बिर्सनु हुन्न यदि पवित्र आत्माले निरन्तर रूपमा हाम्रो अधर्म वा विवेकहिन कामलाई औल्याइरहँदा पनि उहाँलाई बेवास्ता गरिरह्यौं भने एक दिन उहाँले हामीलाई छोड्नु हुन्छ । अनि हामी सैतानको नउम्किने जालमा पर्दछौं । यसको ज्वलन्त उदाहरणहरू बाइबलमा र बाइबल बाहिरको मानव इतीहासमा प्रशस्त पाउँछौ) ।

येशू भक्त भएर जब हाम्रो जीवन पद्धतिलाई उपयुक्त इसाई मार्गमा ढाल्दछौं त्यसैबेला आत्मिकरूपमा पनि बिकास हुनुपर्दछ । आत्मिक रूपमा बिकास गर्नु भनेको पवित्र आत्माको अगुवाइमा संवेदनशिल हुँदै जानु हो । हाम्रो जीवनमा पवित्र आत्माले बोलिरहनुभएको छ कि छैन भन्ने प्रमाण हामीलाई परमेश्वरको वचनको ज्ञानले नै दिन्छ किनभने उहाँले हामीलाई परमेश्वरको वचनमा नै डोर्‍याउनुहुन्छ ।

आत्मामा कसरी बढ्ने? निम्नलिखित पदहरू पढ्नुहोस् । यी पदहरूमा के सिद्धान्तहरू प्रस्तुत गरेको छ जुन हाम्रो आत्मिक अभिवृद्धीकोलागि आवश्यक छन्?

मत्ती ५:६, गलाती ३:११, ५:१६, २ तिमोथी ३:१५, १ पत्रुस ३:११, १ युहन्ना १:९

जसले आवश्यकताको महसुस गरेर पवित्र आत्माको पुकार गर्दछ उसलाई तत्परतासाथ दिइन्छ भनेर येशूले स्पष्ट पार्नुभएको छ । तर परमेश्वरले कसैको इच्छा विपरित उहाँको आत्मा लाद्नु हुन्न । परमेश्वरले कसैलाई पनि इसाई बन्न करकाप गर्नुहुन्न । यदि कसैले करकाप गरेर इसाई बनाउँछ वा बनाउन खोज्छ भने त्यो परमेश्वरको आत्माले अभिप्रेरित भएको हो भन्न सकिन्न । केवल पवित्र आत्माले परमेश्वर को हुनुहुन्छ र हाम्रो लागि उहाँले के गर्नुभयो र गरिरहनुहुन्छ भनेर देखाउनु हुन्छ । उहाँले हाम्रो हृदयमा घचघच्यारहँदा त्यसलाई खोलेर निम्त्याउने अधिकार हरेक व्यक्तिमै निहित हुन्छ । कसैले कसैको लागि पवित्र आत्मा घुसाउन सक्दैन । सदाशयी परमेश्वरले हरेकलाई आत्मनिर्णयको अधिकार सुम्पिनु भएको छ । दैनिक जीवनमा उहाँलाई हामीलेनै रोज्नु पर्दछ । यदि हामीले विश्वास, अनुशासन र आज्ञाकारिता अनुशासन, समर्पणतालाई रोज्यौं भने उहाँले अनुग्रह र आत्मामा बढ्न सामर्थ्य प्रदान गर्नुहुन्छ । यदि हामीले उहाँलाई रोजेनौं भने हामी अनन्तको विनाशको मार्गमा लम्किरहनेछौं ।

तपाईको जीवनमा केहि यस्ता कुराहरू छन जस्तै पढ्ने, हेर्ने वा गर्ने बानी जसले गर्दा पवित्र आत्माको प्रभावलाई असंवेदनशील बनाउँछ? ति कुराहरू के होला? अहिले नै पवित्र आत्मालाई तपाईंको हृदयमा आउन दिनुहोस् र ती अस्वस्थ कुराहरूलाई कसरी तह लगाउने भनेर दिने सल्लाहलाई मान्नुहोस् । यदि तपाईंको हृदयलाई कठोरतामा मोडिरहनुभयो भने उहाँको आवाज मधुरो हुँदै जानेछ र अन्तमा सुन्नु हुनेछैन । धेरै समय नपर्खनुहोस् ।

**उपसंहार:**

अरू जानकारीको लागि पढ्नुहोस्:- एलेन जि ह्वाईट, *स्टेप टु क्राईष्ट*, ×ग्रोइङ्ग ईन्टु क्राईष्ट" पृ. ६७-७५ अर्थात *उज्यालो बाटो*, ×येशूमा बढ्नु"

×आत्मिक जीवनको स्रष्टा अदृश्य हुनुहुन्छ । उहाँले कुन विधि अपनाएर जीवन प्रदान गर्नुहुन्छ र सम्हाल्नुहुन्छ त्यो मानव दर्शन भन्दा बाहिरको कुरा हो र कसैले पनि वाख्या गर्न सक्दैन । यद्दपी पवित्र आत्माको परिचालन सदा बाइबलको सुरमा हुन्छ । जसरी प्राकृतिक संसारमा परमेश्वरले आफ्नो शक्तिले थाम्नु हुन्छ त्यसरी नै आत्मिक संसारमा पनि थाम्नु हुन्छ ।क्षण क्षणमा प्राकृतिक संसारलाई परमेश्वरको शक्तिले सुरक्षित गरिरहनुहुन्छ ।

तैपनि प्रतक्ष्यरूपमा देखिने आश्चर्यकामद्वारा त होइत तर हाम्रै पहुँचमा भएका आशिषहरूको प्रयोग गरेर । त्यसरीनै हाम्रो आध्यात्मिक जीवन पनि परमेश्वरको खटनमा रहेका आशिषहरूलाई चलाएर उहाँले सम्हाल्नु हुन्छ । यदि येशूका उपासक र भक्तहरू ×परिपक्व मानिस र येशूको पूरा दाँजोमा," (एफिसी ४:१३) बढ्न चाहन्छन् भने उनीहरूले जीवनको रोटी खानै पर्दछ र मुक्तिको पानी पिउनै पर्दछ । निरन्तर रूपमा उनीहरू सावधान रहनु पर्दछ, प्रार्थना गर्नुपर्दछ र परमेश्वरले दिएको अभिभारामा लगनशील भइरहनु पर्दछ । जे गरे तापनि परमेश्वरको वचनको शिक्षा र दायरामा ध्यान दिनुपर्दछ." एलेन जि ह्वाईट, *द आक्ट अभ आपोस्टल,* पृ. २८४,२८५ ।

×मन, विबेक र चालचलनलाई शिक्षित बनाउने काम सिद्ध हुनु तर्फ लक्षित गर्न सकिन्छ ।यदि कसैले येशू भक्त भनेर दावी गरेर येशूको पूर्ण उँचाईमा अहिले नै बढ्न अवसरहरू र मौकाहरूको उपयोग गरेन भने त्यस्ता व्यक्तिहरूले न त सत्यलाई सम्मान गर्छन् न त प्रभु येशूलाई ।" एलेन जि ह्वाईट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ४, पृ. ३५८,३५९ ।

चिन्तन मनन:-

१. चर्चमा यस्ता सदस्यहरू छन् जो येशूमा अघि बढ्न चाहन्छन् तर कति चोटी हतास भएर बढ्न सक्दैनन्, त्यस्ताकोलागि तपाईंले के उपयुक्त व्यावाहारिक कदमहरू परिचालन गर्न सल्लाह दिनुहुन्छ? तिनीहरूलाई के आशा र सरसल्लाह दिनु हुन्छ?
२. विश्वासीहरूको बीचमा छलफल गर्दा चौथो बुँदाको प्रश्नलाई ध्यान दिनुहोस् । परमेश्वरलाई समर्पण गर्नु भनेको के हो भनेर एक आपसबाट के सिक्नुहुन्छ?
३. आध्यात्मिक अभीवृद्धिकोलागि धैरै तगारोहरू खडा भएका हुन्छन्, तिनीहरूमा सबभन्दा ठूलो बाधाहरू के हो? तपाईंको समाजमा के यस्ता निश्चित संस्कारहरू छन् जुन आत्मिक विकासकोलागि बाधक भएर बस्दछ? तिनीहरूलाई सामना गर्न के प्रतिरक्षा अपनाउनु पर्दछ?

**अध्याय १३**

## परमेश्वरको वचन अटल छ

यस अध्ययनको लागि पढ्नुहोस्: मिका ६:८, युहन्ना ३:१४-१७, १०:१०, रोमी ४:२१, एफिसी २:८, फिलिप्पी ४:७, २ पत्रुस ३:९

स्मरण गर्नुपर्ने पद: ×सबै मानिस घाँस जस्तै छन्, तिनीहरूको महिमा बगैंचाका फूलहरू जस्तै छन्; घाँस सुकेर जान्छ र फूलहरू ओइलाउँछन्, तर परमेश्वरको बचन सदासर्वदा अटल रहन्छ ।"- १ पत्रुस १:२४,२५ ।

मूल तर्क: हाम्रो लागि बाइबल अहिले पनि सान्दर्भिक छ

प्राचीनकालमा लेखेका धेरै ग्रन्थहरू अहिले पनि पाईन्छ । हजारौं वर्ष पुरानो इजीप्टका मृत्युको पुस्तक देखि लिएर केरेटका उगराती किंवदन्ती सम्म र प्राचीन ग्रिक वा युनानका दार्शनिक आरिस्टोटल, ईपिक्युरिस र सम्राट जुलियस सिजरका हस्तलेखहरू अझसम्म विश्वको अगाडि देखा परिरहेको छ ।तर ती कुनैले पनि बाइबलले जस्तो प्रभावकारिरूपमा शक्ति प्रदर्शन गर्न र मानिसको जीवनमा आधिपत्य जमाउन सकेको छैन । र अहिले पनि निरन्तररूपमा यसको प्रभावकारिता अपरिहार्य भएर खडा भएको पाईन्छ ।

स्पेश शटल, उच्च परिभाषाभित्र परेको टेलिभिजन, मोबाइल सेल फोनहरू र लाप टप कम्प्युटरको वैज्ञानिक संसारमा पनि परमेश्वरको वचन कुनै धरातल भन्दा पनि माथि उठेर बसेको पाइन्छ । जतिसुकै विज्ञान, यान्त्रिक, कला र संस्कृतिको विकास भए पनि हामी त्यही मानव जाती यस संसारमा छौं जसले संसारको सुरूदेखी त्यही विषय बस्तुहरूसँग सङ्घर्ष गरिरहेकै कारण परमेश्वरको वचनको अस्तित्व कायम भएर बसेको छ । प्राचीन कालदेखि अहिलेसम्म जीवन,मृत्यु, सुख-दु:ख, आरोग्य, नैतिकता, परिवारको मूल्यमान्यता आदि विषयहरू बदलींदो युग र समयमा पनि तिनीहरू नबदली कायमै भएको पाउँछौं । अनि बाइबलले ति विषयहरूको प्रश्नको जवाफ दिइरहेको पनि प्राय: नबदली कायमै भएको पाईएको छ ।

परमेश्वरको वचन किन अटल भएर कायम भईरहेको छ यस अन्तिम भागमा हेर्नेछौं ।

## १. आजको सन्दर्भमा परमेश्वरको वचन

हुन सक्छ धेरैको लागि अहिले पनि बाइबल महत्वपूर्ण नहोला । तिनीहरूले विभिन्न तर्क गरेर यस ग्रन्थलाई अस्वीकार गर्न बहाना बनाउन सक्दछन्, जस्तै: क. यो धेरै पुरानो किताब हो र पुरानो जमानाको लागिमात्र हो ख. यो पुस्तक मानिसको सानो समुहबाट मात्र प्रादुर्भाव भएको हो, ति हुन यहुदी जातिबाट ग. त्यो किताब लेखेको युग र अहिलेको युग धेरै फरक छ, त्यसकारण आजको जमानामा बाइबल सान्दर्भिक हुनै सक्दैन आदि ।

बाइबलप्रति यस्ता आक्षेपहरूलाई कसरी जवाफ दिनुहुन्छ?

यी विवादहरूले ल्याउने समस्याको समाधान एउटै कुरामा भर पर्छ: ती हुन कुन आधारमा ती आक्षेप वा विवादहरू प्रस्तुत गरेका छन् ।यदि कसैले बाइबल केवल मानव पुस्तक वा मानव सभ्यताका आफ्नै रहनसहनलाई अभिव्यक्त गरेर लेखेका हुन् भने विश्वास गरे माथिका तर्कहरू जायज मान्न सकिन्छ ।

तर येशू भक्तहरूभएको हैसियतले ती तर्कहरूलाई हामी सोझै अश्विकार गर्दछौं । बाइबल परमेश्वरको वचन हो भनेर विश्वास गर्दछौं र सनातनका परमेश्वर सृष्टिकर्ताले हामीलाई बाइबल मार्फत बोल्नहुन्छ भनेर पूर्ण विश्वास गर्दछौ । परमेश्वरको सदिच्छा मानव कल्याणको लागि बाइबलमा प्रकट गरिएको छ भनी विश्वास गर्दछौं । धेरै वर्ष अगाडि थोरै मानिसहरूले लेखेको अर्थात् आजको युग भन्दा फरक युगमा लेखेको भन्दैमा हामीलाई केही फरक पर्दैन यदि हामीले बाइबल मार्फत् परमेश्वरले बोल्नुहुन्छ भनेर प्रतिबद्धता जनायौं भने ।

निम्नलिखित केही पदहरूमा बाइबलमा प्रस्तुत गरेको विषयवस्तुहरू उल्लेख गरिएको छ । यी पदहरूको अध्ययन गर्दा सोच्नुहोस् (१) यी पदहरूले कुन विषयवस्तुहरूलाई लक्षित गरेको छ? (२) के ती विषयवस्तुहरू आज पनि सान्दर्भिक छन् कि छैनन्?

मीका ६:८, युहन्ना १०:१०, युहन्ना १७:३, प्रेरित १७:३१, फिलिप्पी ४:७

उपरोक्त पदहरूमा लेखिएको विषयवस्तुहरूको बारेमा सोच्नुहोस्: यदि बाइबल हाम्रो साथमा छैन भने ती विषयवस्तुहरूको जवाफ कहाँ लिन जाने? बाइबलमा उल्लिखित परमेश्वरको अगुवाइ, उहाँले दिने आश्वासन र प्रतिज्ञाहरू बिना तपाईंको जीवन के हुन्थ्यो होला विचार

गर्नुहोस् । फेरि यसै बेला तपाईंको जीवनमा बाइबललाई अझ प्रभावकारी बनाउन के गर्नु पर्छ होला सो सोच्नुहोस् ।

२. मानव कल्याणकोलागि परमेश्वरको वृहत, चिरस्थायी योजना

×तर परमेश्वरका योजनाहरू सदासर्वदा स्थिर रहन्छन्, उहाँको हृदयका विचारहरू पुस्तौंसम्म रहिरहन्छन्"- भजन ३३:११।

आजको सन्दर्भमा पनि बाइबलको उपादेयताको बारेमा उपरोक्त पदले के मूल तत्त्वलाई प्रस्तुत गरेको छ?

मानव कल्याणको लागि परमेश्वरको हृदयका अभिप्रायहरू के हुन्? युहन्ना ३:१४-१७, १ तिमोथी २:४, २ पत्रुस ३:९ पनि हेर्नुहोस् ।

परमेश्वरका योजनाहरूलाई प्रकट गरेकै कारण आज पनि बाइबल सान्दर्भिक हुन आउँछ । बाइबलबाटै परमेश्वरले मुक्तिको योजना हामीलाई बताउनु भएको छ, र त्यो उद्धारको तर्जुमा सबै मानिस र सबै पुस्ताकोलागि गरेको छ । ×मानिसहरूको हृदयमा धेरै योजनाहरूको प्रादुर्भाव हुन्छ तर परमेश्वरका सदिच्छाहरूले नै विजय प्राप्त गर्दछ"-हितोपदेश १९:२१ ।

परमेश्वर सनातनका र अनन्तका परमेश्वर हुनुहुन्छ (व्यवस्था ३३:२७), उहाँको राज्य अनन्त छ (दानियल २:४४), समय काल परिस्थिति बितेर जाँदा पनि बाइबलमा व्यक्त गरेको हामीप्रतिको परमेश्वरको सदिच्छा परिवर्तन भएको छैन किनभने उहाँ अपरिवर्तनीय परमेश्वर हुनुहुन्छ: ×येशू ख्रीष्ट हिजो, आज र सधैंभरि समान छन्" (हिब्रु १३:८) । ×पोसाकझैं तपाईंले तिनीहरूलाई लपेट्नुहुन्छ, वस्त्रझैं ती फेरिनेछन् । तर तपाईं एकैनास हुनुहुन्छ र तपाईंका वर्षहरूको अन्त्य कहिल्यै हुनेछैन ।"-हिब्रु १:१२ ।

यो निश्चित छ, समय बदलिरहन्छ, संस्कारहरू परिवर्तन भईरहन्छन्, मानिसका तर्क र मनस्थिति बदलिरहन्छन् र मानिसहरू पनि बदलिरहन्छन् । परिवर्तित संसार जीवनको यथार्थता हो । हाम्रो वरिपरि सबै चीज बदलिरहेको पाउँछौं । तर परमेश्वर आफै र हाम्रो लागि उहाँका अभिप्रायहरू अपरिवर्तनीय नै रहन्छन् ।

चाहे बाइबल सयौं वर्ष अगाडि लेखेको किन नहोस् वा भिन्न संस्कारमा लेखेको होस्, यसमा हामीलाई केही फरक पर्दैन । हामीप्रति परमेश्वरको प्रेम र हामी सबैले मुक्ति पायौं भन्ने चाहना युगौंसम्म एकनास रहिरहन्छ यो चाहिँ हाम्रो लागि महत्वपूर्ण विषय हो ।

त्यसैकारण बाइबलको रहस्य यहि नै हो: आज पनि सान्दर्भिक छ किनभने परमेश्वरले यी पानाहरूमा प्रकट गरेका विषयहरू आज पनि उत्तिकै प्रासङ्गिगत छन् ।

तपाईंको जीवनमा होस वा तपाईंको वरिपरिको संसारमा होस्, के के परिवर्तन भइरहेको छ सो सोच्नुहोस् । जताततै अस्थिरता भएको हेर्नुहोस् । अकल्पनिय परिवर्तनले गर्दा सारा संसार अँध्यारोमा सामसुम गरिरहेको भान हुन्छ र मानिसको हृदयमा त्रासले सन्नाता छाएको छ । यस्तो सन्दर्भमा परमेश्वरको प्रेम र उहाँको मुक्तिको योजना सदासर्वदा समान छन् भन्ने विश्वासले तपाईंलाई कुन ढाँचामा धकेलिरहेको छ? यो महत्वपूर्ण सत्य सन्देशले तपाईलाई कस्तो आशा र आत्मविश्वास प्रदान गर्दछ?

### ३ अनन्तको क्रुस

आजको प्रसङगमा पनि बाइबल अति महत्वपूर्ण किन छ भने परमेश्वरले यसै माध्यमबाट मात्र हामीले जानेको अति गौरवमय सत्यलाई बोध गराउनुभएको छ: त्यो हो येशूलाई क्रुसमा टाँगेर हत्या गरियो र उहाँलाई चिहानमा गाडियो, तर चिहानले उहाँलाई थाम्न सकेन र तीन दिन पछि बौरिनु भयो । जब सम्म यस महान् सत्यतालाई बाइबलले सिकाइ रहन्छ, तब सम्म बाइबल जति पुरानो होस् वा जुनसुकै परिवेशमा लेखेको किन

नहोस् यसले हामीलाई केही फरक पार्दैन ।हामीलाई के आवश्यकता छ भने येशूबाट पाउने मुक्तिको महान् सत्यता परमेश्वरले हामीलाई बोध गराउनुको छ । यो यथार्थ सत्यता हिजोको लागि मात्र होइन, न त आजको लागि मात्र तर यो अनन्तसम्म अटल रहने सत्यता हो । यो पृथ्वी नाश भएर, अलप भएर जानेछ र नयाँ पृथ्वीको सृष्टि हुनेछ, त्यस समयसम्म पनि येशूको मृत्यु र यसले प्रदान गरेको मुक्तिलाई प्रकट गरिरहेकै हुन्छ । त्यसकारण जब सम्म परमेश्वरको वचनले येशू र उहाँको क्रुसको बारेमा बोध गराउँछ यसको प्रतिष्ठा हाम्रो पतित संसारमा कहिल्यै पनि अन्त हुँदैन ।

तल केही पदहरू दिएका छन् । ती पदहरूले हामीलाई के सन्देश दिन्छन्? जब तपाईंले यी पदहरूलाई पढ्नुहुन्छ आफैलाई सोध्नुहोस्: ×यदि बाइबल नभएको भए यसमा उल्लेख गरेका सत्यहरूलाई मैले कहाँबाट सिकूँला?"

यशैया ६५:१७, मत्ती २४:३०, १ कोरिन्थी ६:३, २ कोरिन्थी ५:२१, एफिसी २:८, १ थेस्सोलोनी ४:१६, १ तिमोथी १:१५, तितस १:२, हिब्रु २:१४, प्रकाश २०:१४, २१:४ ।

यी पदहरूलाई अध्ययन गर्दा कुन परिवेशमा भनेको हो सो समीक्षा गर्नुहोस् । बाइबलमा के कुराहरूलाई प्रकाश पारेको छ? ती वाचाहरू हाम्रोलागि दिएका हुन् । ती वाचाहरू हामी हरेकको लागि किन अत्यन्त महत्वपूर्ण छन्? अरू विश्वासीहरूसँग यस प्रतिउत्तरलाई बाँड्नुहोस् ।

## ४ नचुँडिने वाचाहरू वा प्रतिज्ञाहरू

×परमप्रभु परमेश्वरको जय होस्, जसले वाचा गर्नुभए अनुसार आफ्ना जन इस्रायलीहरूलाई विश्राम दिनु भएको छ । उहाँको सेवक मोशाद्वारा दिनुभएको असल प्रतिज्ञाहरूमा एउटा पनि असफल भएन"- १ राजा ८:५६ ।

परमेश्वरले गर्नुभएको वाचा कहिल्यै पनि असफल नहुनेभएको हुनाले उहाँको वचन सदा सर्वदा अटल रहन्छ । मानिसले गरेका प्रतिज्ञाहरू प्राय: जसो चुँडिन्छन् तर परमेश्वरले आफ्ना प्रतिज्ञाहरूलाई सधैँ पालन गर्नुहुन्छ ।

रोमी ४:२१ पढ्नुहोस् । हामीलाई यसमा के आशा पाउँछौ? यस पदमा दिएको आश्वासनलाई यथार्थ रूपमा के तपाईंले अनुभव गर्नुभएको छ?

युहन्ना १६:३३ पढ्नुहोस् । हामी सबैलाई चाहिने कुन बिशेष प्रतिज्ञा यहाँ उल्लेख गरिएको छ? तपाईंको जीवनमा यस प्रतिज्ञालाई कसरी अनुभव गर्नुभएको छ?

मत्ती २८:२० पढ्नुहोस् । के यस प्रतिज्ञालाई पनि आफ्नो जीवनमा उतार्न सक्नुभएको छ?

उपरोक्त मध्ये परमेश्वरले हामीलाई धेरै प्रतिज्ञाहरू दिनुभएको छ: अनन्तको जीवन (युहन्ना ३:१५), प्रार्थनाको जवाफ (मत्ती ७:७), असीमित आशिषहरू (मर्कुस ९:२३), बाधा अड्चनहरू हटाईदिने (लुका १७:६), प्रसस्तमात्रामा आध्यात्मिक ज्ञान (युहन्ना ६:३५), मुक्ति (रोमी १:१६), परीक्षा वा लोभको ललकारमा सहायता (हिब्रु २:१८), र जीवनमा चाहिने विजयत्व (याकुब ४:७) । ×यही प्रतिज्ञाहरू मार्फत् येशूले उहाँको अनुग्रह र शक्तिको आदान प्रदान गर्नुहुन्छ । तिनीहरू रूखका पातहरू हुन जसले संसारका राज्यहरूले पाइरहेका दर्दहरूलाई निको पार्दछ (प्रकाश २२:२) । यदि कसैले यी प्रतिज्ञाहरूलाई ग्रहण गर्दछ, पचाउँछ भने ती उसको लागि चरित्रलाई मजबुत बनाउने तत्त्व हुन आउँछ । यी वाचाहरूबाट जीवनमा चाहिने प्रेरणा पाउँछ र हाम्रो जीवनलाई संवर्धन गर्दछ। मानिसलाई चाहिने मानसिक र आत्मिक चँगाईको लागि यी प्रतिज्ञाहरूको विकल्प अरू छैन ।"-एलेन जि ह्वाईट, *द मिनिस्त्री अभ हिलिङ्ग*, पृ. १२२ ।

तपाईंको जीवनमा के प्रतिज्ञाहरूको प्रतीक्षामा हुनुहुन्छ? ती तत्काल पूरा नभए पनि तपाईंले आशा र भरोसा राखेर परमेश्वरको हातलाई कसरी समातिराख्नु हुन्छ?

## ५ बाइबल सदा स्थिर रहन्छ र कसैले पनि हल्लाउन सक्दैन

युगौंको इतीहासमा बाइबलको खिलाप मानिसहरूले धेरै भविष्यवाणीहरू गरेका छन् । बाइबल बिलाएर जानेछन्, यसको अस्तित्व नगण्य हुनेछ र यो केवल पौराणिक इतीहासको अवशेषकोरूपमा म्युजियमको बन्द दराजमा थन्किने छ जस्ता आधारहीन भविष्यवाणी गरेर बाइबलको मर्यादालाई चुनौती ती मानिसहरूले गरेका छन् र गरिरहेका छन् ।

तिनीहरूको अनुमानलाई गलत सावित भएको छ र भइनै रहनेछ ।

मत्ती २४:३५ पढ्नुहोस् ।मानिसहरूले बाइबललाई हेयको दृष्टिले हेरे तापनि प्रभु येशूले सयौं वर्ष अघि बाइबल संसारको अन्तिम समयसम्म रहनेछ भनेर उपरोक्त पदको मनसायले बताउँछ ।

बाइबलको प्रादुर्भाव भए देखि यसलाई विभिन्न तवरले नाश गर्न भरमग्दुर प्रयास गर्न खोजेको पाउँछौं । लाखौं प्रति जलाएर हुन्छ कि, यो पुस्तक छाप्ने र वितरण गर्नेलाई जलाएर हुन्छ कि, अर्थात् विज्ञान, दर्शन र उच्च आलोचना र समालोचनालाई प्रयोग गरेर हुन्छ आत्माको शत्रुले बाइबलको प्रभावलाई नष्ट पार्न खोजेको पाउँछौं । तैपनि आज करोडौं मानिसहरूले बाइबल परमेश्वरको वचन हो भनेर आस्था जनाइरहेका छन् र यसमा भएका प्रतिज्ञाहरूलाई परमेश्वरले आफ्नो जीवनमा कसरी पुरा गर्नु भयो भनेर दावी गरिरहेका छन् । करोडौंले यसको निर्देशनमा चल्ने प्रतिबद्धता जाहेर गरिरहेकाछन् । बाइबलको विरूद्ध जे बोले पनि हामी अचम्म मान्नु पर्दैन । किनभने हामीलाई यो भनिएको छ: ×घाँस सुकेर जानेछ, फूल ओइलाएर जानेछ: तर परमेश्वरको वचन सदासर्वदा अटल रहनेछ "-यशैया ४०:८ ।

त्यसै बीच युनाईटेड बाइबल सोसाईटीले भन्दछ: ×उन्नाइसौं शताब्दीको सुरूमा बाइबल केवल ६८ भाषाहरूमा मात्र उपलब्ध थिए । आज २,३०३ भाषाहरू भन्दा पनि बेसी बाइबलका कुनै न कुनै भागहरू उल्था गरिएको पाइन्छ । कमसेकम ४०५ भाषाहरूमा पूरा बाइबललाई उल्था गरिएको छ भने १,०३४ भाषाहरूमा नयाँ नियम उपलब्ध गरिएको छ । फेरि ८६४ अन्य भाषाहरूमा बाइबलका भागहरू उपलब्ध गरिएको छ ।" (हेर्नुहोस्, www.biblesociety.org.)

१ पत्रुस १:२४,२५ पढ्नुहोस् । यी शब्दहरू दुई हजार वर्ष अगाडि व्यक्त गरेका हुन् । के आज पनि ती अभिव्यक्तिलाई सान्दर्भिक पाउनु भएको छ? हाम्रो लागि यसले के सन्देश दिन्छ? यी वचनले बाइबलमा भरोसा राख्नु पर्छ भनेर कसरी सिकाउँछन्? यसमा लेखिएका प्रतिज्ञाहरू र चेतावनीहरू माथि कसरी प्रतिबद्धता जनाउने?

हो, सारा संसार हल्लिन्छ, साम्राज्यहरू बिलाएर जान्छन्, यसलाई प्रतिरोध गर्नेहरूको नाम निशाना मरेर जान्छ तर बाइबल अहिले र सधै अटल रहिरहन्छ । तर प्रश्न त यो हो, यसले हाम्रो जीवनमा के गरेको छ? बाइबल हाम्रो दराजमा सजिएर बस्न सक्दछ, हाम्रो डेस्कमा बसिरहन सक्छ र हाम्रो मनमा पनि रहन सक्दछ, तर यसले हाम्रो हृदयलाई परिचालन गरेन भने यसको महत्व हाम्रो जीवनमा के हुन्छ र? आफ्नै जीवनमा हेर्नुहोस् । परमेश्वरको वचनले तपाईंको जीवनमा कसरी स्थिरता प्राप्त गरेको छ?

### उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्:- एलेन जि ह्वाईट, *द ग्रेट कन्ट्रोभर्सी,* ×द स्क्रिप्चरस् अ सेफगार्ड," पृ. ५९३-६०२ ।

×यस संसारमा परमेश्वरले सदा यस्ता मानिसहरू खडा गरिरहनुहुनेछ जसले बाइबललाई सम्हाली राख्नेछन् र बाइबलमात्रै सबै धार्मिक दीक्षाको र कुनै पनि सुधारहरूको आधार मानि रहनेछन् । विद्वान मानिसहरूको अभिव्यक्ति, विज्ञानको खोज अन्वेषणको निष्कर्ष, कुनै पनि धर्म सभासद्हरूको निर्णय र आदेश, किनभने चर्चका सिद्धान्तहरू अनेकौं छन् जसले गर्दा एक आपसमा तालमेल हुँदैन, अर्थात बहुमत पनि परमेश्वरप्रतिको विश्वास र बाइबलप्रतिको प्रतिबद्धताको आधार हुँदैन । ती मध्य न त एक वा सबैलाई हाम्रो विश्वासको जग ठान्नु हुँदैन । कसैले केही कुरा सिकाएको आधारमा ग्रहण गर्नुभन्दा पहिले के यस विषयमा ×परमेश्वरले यसो भन्नु भएको छ" भन्ने प्रमाणको माग गर्नु पर्दछ ।"- *द ग्रेट कन्ट्रोभर्सी,* ×द स्क्रिप्चरस् अ सेफगार्ड," पृ. ५९५ ।

× अनन्तसम्म उद्धार पाएकाहरूले येशूको क्रुस नै विज्ञान र त्यसको सङ्गीत अध्ययनको विषय हुनेछ । महिमित येशूमा तिनीहरूले क्रुसमा चढेको येशू देख्ने छन् । प्रिय परमेश्वर, सारा जगतको यजस्वी प्रभुले यस जगतलाई सृष्टि गरेर आफ्नो शक्तिले आकाशका सबै शक्तिहरूलाई थामी राख्नु भएको छ भनेर कहिल्यै पनि बिर्सने छैनन् । चम्किला र उज्ज्वल स्वर्गदूतहरूले उपासना गरेका प्रभु, पतित मानिसलाई उत्थान गर्न आफूलाई नीचमा ओर्‍हाल्नुभएको, मानिसको अपराध र पापको लज्जालाई सहनुभएको, परमपिताको अनुहारबाट लुक्नुपरेको र पतित संसारको विपत्तीले उहाँको हृदय छियाछिया भएको साथै क्रूसमा आफ्नो जीवनलाई पेल्न दिनुहुने येशूलाई सदासर्वदा अभिवादन गरि नै रहने छन् । सारा संसारका सृष्टिकर्ता, सबैको गन्तब्य स्थानलई निश्चित गर्नुहुने परमेश्वरले कसरी आफ्नो महिमालाई एकातिर राखेर मानिसको प्रेमको लागि आफूलाई कस्तो निचतामा झार्नुभयो, यी विषयहरूले गर्दा सारा जगतहरूबाट सदासर्वदा कौतुहलतासाथ उहाँले हार्दिक अभिवादन प्राप्त गर्नेछन् ।"-ऐजन, पृ. ६५१ ।

**चिन्तन मनन**:-

१ विश्वासीहरूको वीचमा तेश्रो बुँदाका प्रश्नहरूको अन्तिम प्रश्नलाई छलफल गर्नुहोस् । यसरी एक आपसमा विचार- बिमर्स गर्दा के सिक्नु हुन्छ?

२. बाइबलमा धैरै यस्ता नीति निर्देशनहरू छन् जुन पालन गर्दा परिश्रम गर्नु पर्दछ तर हाम्रै भलाइकोलागि अपरिहार्य पनि छन् । ती सिद्धान्तहरूलाई कसरी प्रभावकारी रूपमा अपनाउनु पर्छ भनेर चर्चमा छलफल गर्दा धैरैको लागि लाभदायी हुनसक्दछ । कमी कमजोरीको बाबजुद पनि उच्च मापदण्डमा जान खोज्नु हरेक येशू भक्तको लागि फलदायकनै हुनेछ ।

३. बाइबलमा धैरै प्रतिज्ञाहरू छन् जो पुरा हुन बाँकी नै छ । कत्तिको लागि त पूरा नहुन सक्ने जस्तो पनि हुनसक्छ । उदाहरणमा कसैले आफ्नो साथी, वा जीवनसाथी वा बालकको लागि प्रार्थना गर्दछ तर निको हुँदैन । विश्वासको यस्तो सङ्घर्ष गरिरहेको बेला प्रभुको वचन पढेर परमेश्वरप्रति उसको आस्था कसरी सुद्दढ बनाउने?

त्रैमासिक बाइबल अध्ययन

चैत-वैशाख-जेठ, २०६३-६४ (२००७)

**बिषय शूची**


१ आकाशवाणी वा स्वर्गबाट आवाज-

मार्च ३१-अप्रिल ६, चैत्र १७-२३,२००७

२ अन्तिम वचन-

अप्रिल ७-१३-चैत्र २४-३०

३ बाइबलका भविष्यवाणी पूरा हुन्छ-----

अप्रिल १४-२०- वैशाख १-७

४ बाइबल भरपर्दो छ, बाइबललाई तपाइँ विश्वास गर्न सक्नुहुन्छ-

अप्रिल २१-२७-बेशाख ८-१४

५ जव चट्टानले चित्कार गर्दछ-

अप्रिल २८-मे ४- वैशाख १५-२१

६ बाइबल र विज्ञान--------------

मे ५-११, वैशाख २२-२८

७ परमेश्वरको बवन हाम्रो जीवनको नशामा-----

मे १२-१८- वैशाख २९-जेठ ४

८ आशाको किरण प्रकट हुन्छ------

-मे १९-२५- जेठ ५-११

९ बाइबल र स्वस्थ जीवन-

मे २६-जुन १- जेठ १२-१८

१० बाइबल र सुख समृद्धि-

जुन २-८-जेठ १९-२५

११ दैनिक जीवनको लागि बाइबलबाट ज्ञानबुद्धिको अगुवाई----

जुन ९-१५-जेठ २६-असार १

१२ परमेश्वरको वचनमा बलियो भएर बढ्नु----

जुन १६-२२—असार २-८

१३ परमेश्वरको वचन सदासर्वदा अटल छ---

जुन २३-२९- असार ९-१५